# आर्थिक वर्ष २०७७/७८ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन


नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०७७ माघ

www.mof.gov.np

# आर्थिक वर्ष २०७७/७८ को बजेटको
# अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम तयार पारिएको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, २०७७)


**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**

**२०७७ माघ**

www.mof.gov.np

## मन्तव्य

आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनको पहिलो ६ महिनामा बजेट कार्यान्वयन स्थिति, कार्यान्वयनका क्रममा देखा परेका चुनौतीहरू र तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू समावेश गरी यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गरिएको छ।

विश्वव्यापी महामारीको रूपमा देखा परेको कोभिड-१९ ले विश्व र क्षेत्रीय अर्थतन्त्रसँगै मुलुकको आर्थिक तथा सामाजिक अवस्थामा गम्भिर प्रभाव पर्न पुग्यो। गत आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासिकबाट शुरू भई चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म पनि कोभिडको प्रभाव कायमै रह्यो। अर्थतन्त्रका समग्र क्षेत्र कोभिड-१९ बाट प्रभावित हुँदा सार्वजनिक खर्च र राजस्वमा समेत प्रतिकूलता सिर्जना भयो। आर्थिक वर्षको पहिलो २ महिनामा संक्रमण जोखिम न्यूनिकरण गर्न निषेधाज्ञा समेत जारी गरिएको र तत् पश्चात् जनजीवन अपेक्षित रूपमा सामान्यीकृत नहुँदा बजेट तर्जुमा गर्दा अनुमान गरिए झैं आर्थिक वर्षको शुरू देखि नै तदारूकताका साथ बजेट कार्यान्वयनमा जान सकेन।

कोभिड-१९ का कारण मुलुकको आर्थिक वृद्धिदर यस वर्ष अपेक्षित हुन नसकि औषतमा रहने अनुमान गरिएको छ। पर्यटन लगायतका सेवा क्षेत्र सामान्य हुन सकेका छैनन्। उद्योग, व्यापार, वित्तीय क्षेत्र, शिक्षा, स्वास्थ्य क्षेत्र क्रमश: सामान्य हुँदै छन्। तर पूर्णतः सञ्चालनमा आउन सकेको छैन। मुलुकको वास्तविक क्षेत्र प्रभावित भए पनि मुद्रास्फीति वाञ्छित सीमामा रहेको, कर्जा प्रवाह र निक्षेपको संकलनमा सकारात्मक वृद्धिदर रहेको र विप्रेषणमा सकारात्मक वृद्धिदर रहेको कारण अर्थतन्त्र क्रमशः पुनरोत्थानको चरणमा रहेको छ।

सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली जारी गरिएको छ। सार्विजिनक खर्चमा मित्तव्ययिता कायम गर्न मापदण्ड तर्जुमा भई कार्यान्वयनमा आएको छ। आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड जारी गरिएको छ। बजेट अनुशासन कायम गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गरिएको छ। बजेट प्रणालीमा रहेका सूचना प्रणालीका बीचमा अन्तर आबद्धता कायम गर्दै तुरून्त राजस्व र खर्चको अवस्थाको सूचना प्राप्त गर्न सकिने संयन्त्र स्थापना गरिएको छ। क्रियाकलापमा आधारित बजेट निकासा र खर्च प्रणाली लागु गरिएको छ। साना करदाताहरूलाई मोबाइल बैकिङ्गबाट राजस्व दाखिला गर्न सक्ने व्यवस्था मिलाइएको छ। लामो समयसम्म अवण्डा राखी बजेट बाँडफाँट आर्थिक वर्षको अन्त्यमा मात्र बाँडफाँट गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिएको छ।

प्रदेश र स्थानीय तहबाट कार्यान्वयन गर्दा प्रभावकारी हुने कतिपय कार्यक्रमहरू वित्तीय हस्तान्तरण सहित तत् तत् तहबाट कार्यान्वय हुने व्यवस्था मिलाईएको छ। प्रदेशमा रहेका अधुरा आयोजना सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्था गरिएको छ। प्रदेश र स्थानीय तहसँग उच्च स्तरमा समन्वय र सहजीकरणको प्रयास जारी राखिएको छ। कोभिड-१९ संक्रमणको प्रभाव घट्दै भएको र कोभिड-१९ विरूद्धको खोपले सवल बनेको निजी क्षेत्रको मनोबलका कारण चालु आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनको स्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

उपर्युक्त सुधारका प्रयासहरू हुँदा हुँदै पनि संघ, प्रदेश र स्थानीय तहमा आयोजना कार्यान्वयन र खर्च गर्ने क्षमतामा अपेक्षित सुधार आउन सकेको छैन। खर्च प्रणालीमा विगतमा कायम रहेका खरिद र ठेक्काको दायित्व फछ्यौंट गर्ने समस्याहरू कायमै छ। खर्च गर्ने निकायको प्राविधिक, वित्तीय र व्यवस्थापकीय क्षमतामा सुधार गर्न आवश्यक छ। बजेटमा उल्लेखित कार्यक्रममा कार्यान्वयनमा केही निर्देशिका, मापदण्ड, कार्यविधि अझ सम्म तर्जुमा हुन सकेका छैनन्। कतिपय कार्यक्रमको सञ्चालन विधिमा स्पष्टता नहुँदै बजेटमा समावेश गर्दा महत्वपूर्ण कार्यक्रमको कार्यान्वयनमा विलम्व भएको छ। वैदेशिक सहायताको सम्झौताको रकममा उल्लेख्य वृद्धि भएतापनि परिचालनमा अपेक्षित सुधार हुन सकेको छैन।

आगामी दिनमा राजस्व र वैदेशिक सहायता परिचालन र खर्च प्रणालीमा सुधार गर्नु आवश्यक छ। चालु आर्थिक वर्षको बाँकी अवधिमा समय तालिका सहितको संशोधित कार्ययोजना तयार गरी सार्वजनिक खर्च र स्रोत परिचालन दक्षता हासिल गर्न सम्बद्ध सबैलाई आग्रह गर्दछु।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनु हुने मन्त्रालयका सचिव लगायत सबै कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

विष्णुप्रसाद पौडेल
अर्थमन्त्री

## विषय सूची


| विषय | | पाना नं. |
|---|---|---|
| | कार्यकारी सारांश | |
| | परिच्छेद - एक | |
| | समष्टिगत आर्थिक तथा वित्तीय स्थिति | |
| १.१ | समष्टिगत आर्थिक तथा वित्तीय स्थिति | ८ |
| | १.१.१ विश्व अर्थतन्त्रको परिदृष्य | ८ |
| १.२ | राष्ट्रिय अर्थतन्त्र | ८ |
| | १.२.१ उत्पादन क्षेत्र | ८ |
| | १.२.२ मौद्रिक र बैंकिंग स्थिति | ९ |
| | १.२.३ धितोपत्र | १० |
| | १.२.४ वाह्य क्षेत्र | ११ |
| | परिच्छेद - दुई | |
| | बजेट खर्च र स्रोत परिचालनको विश्लेषण | |
| २.१ | समष्टिगत खर्च स्थिति विश्लेषण | १३ |
| | २.१.१ आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनासम्मको मन्त्रालयगत खर्च स्थिति | १६ |
| | २.१.२ स्रोतगत खर्च विश्लेषण | १९ |
| | २.१.३ स्रोत उपलब्ध गराउने विकास साझेदारका आधारमा खर्च | १९ |
| | २.१.४ कार्यगत खर्च स्थिति | २० |
| | २.१.५ कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा भएको खर्च | २० |
| २.२ | राजस्व परिचालन | २१ |
| | २.२.१ राजस्वको लक्ष्य र संकलन अवस्था | २१ |
| | २.२.२ कर राजस्वको शीर्षकगत विश्लेषण | २३ |
| | २.२.३ गैरकर राजस्व | २६ |
| | २.२.४ करको दायरा विस्तार | २८ |
| | २.२.५ कर छुट तथा सहुलियत | २८ |
| | २.२.६ समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू | २९ |
| | २.२.७ चालु वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः | ३२ |
| | २.२.८ चालु वर्षको राजस्वको संशोधित अनुमान | ३३ |
| | २.२.९ राजस्वको संशोधित अनुमानका आधारहरू | ३४ |
| २.३ | आन्तरिक ऋण | ३४ |
| २.४ | अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन | ३६ |
| | २.४.१ बजेटमा सहायताको अवस्था | ३६ |
| | २.४.२ सहायता प्रतिवद्धता | ३७ |
| | २.४.३ सहायताको शोधभर्ना स्थिति | ३८ |
| | २.४.४ सहायता परिचालनमा प्राप्त भएका उपलव्धी | ३८ |
| | २.४.५ सहायता परिचालनमा देखिएका समस्या र गर्नुपर्ने सुधारहरू | ३९ |
| | परिच्छेद - तीन | |
| | राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति अवस्था४१ | |
| ३.१ | राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको प्रगति स्थिति | ४२ |
| ३.२ | राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू | ५६ |

परिच्छेद - चार

क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण


| | | |
|---|---|---|
| ४.१ | आर्थिक तथा वित्तीय क्षेत्र | ५८ |
| | ४.१.१ अर्थ तथा वित्त | ५८ |
| | ४.१.२ उद्योग, वाणिज्य तथा आपूर्ति | ६१ |
| | ४.१.३ कृषि तथा पशुपन्छी विकास | ६२ |
| | ४.१.४ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण | ६३ |
| | ४.१.५ श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ६४ |
| | ४.१.६ वन तथा वातावरण | ६४ |
| | ४.१.७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६५ |
| | ४.१.८ राष्ट्रिय योजना र प्राकृतिक स्रोत तथा वित्त व्यवस्था | ६५ |
| ४.२ | भौतिक पूर्वाधार | ६५ |
| | ४.२.१ संघीय मामिला तथा सामान्य प्रशासन | ६५ |
| | ४.२.२ भौतिक पूर्वाधार तथा यातायात | ६६ |
| | ४.२.३ शहरी विकास | ६७ |
| | ४.२.४ ऊर्जा, जलस्रोत तथा सिँचाइ | ६७ |
| | ४.२.५ सञ्चार तथा सूचना प्रविधि | ६७ |
| | ४.२.६ भूकम्प पछिको पुनर्निर्माण | ६८ |
| ४.३ | सामाजिक पूर्वाधार | ६९ |
| | ४.३.१ स्वास्थ्य तथा जनसंख्या | ६९ |
| | ४.३.२ शिक्षा, विज्ञान तथा प्रविधि | ७० |
| | ४.३.३ खानेपानी तथा सरसफाई | ७० |
| | ४.३.४ महिला, बालबालिका तथा जेष्ठ नागरिक | ७१ |
| | ४.३.५ युवा तथा खेलकुद | ७२ |
| ४.४ | सार्वजनिक सेवा प्रवाह र सुशासन | ७२ |
| | ४.४.१ रक्षा | ७३ |
| | ४.४.२ गृह प्रशासन | ७३ |
| | ४.४.३ कानून, न्याय तथा संसदीय व्यवस्था | ७४ |
| | ४.४.४ परराष्ट्र सम्बन्ध | ७४ |


परिच्छेद - पाँच

बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास


| | | |
|---|---|---|
| ५.१ | वित्तीय संघीयता कार्यान्वयन र वित्त हस्तान्तरण | ७६ |
| ५.२ | आयोजना र कार्यक्रम हस्तान्तरण र कार्यान्वयन | ७८ |
| ५.३ | आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन | ७८ |
| ५.४ | अख्तियारी/कार्यक्रम स्वीकृति एवम् संशोधन सम्बन्धी व्यवस्था | ७९ |
| ५.५ | समीक्षा अवधिमा गरिएका प्रयास | ८० |
| | ५.५.१ विशेष अनुदान कार्यविधि र समपुरक अनुदान कार्यविधि संशोधन | ८० |
| | ५.५.२ मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा सुधार | ८० |
| | ५.५.३ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधारहरू | ८० |


परिच्छेद - छ

खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण


| | | |
|---|---|---|
| ६.१ | समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान | ८३ |
| | ६.१.१ खर्चको संशोधित अनुमान | ८३ |

६.१.२ खर्चको संशोधित अनुमानका आधार ८५
६.१.३ चालु खर्च अनुमान ८७
६.१.४ पुँजीगत खर्च अनुमान ८७
६.१.५ वित्तीय व्यवस्थातर्फको अनुमान ८८
६.२ स्रोतगत खर्च अनुमान ८८
६.३ खर्चको प्राथमिकीकरण ८९
६.३.१ चालु खर्च ८९
६.३.२ पुँजीगत खर्च ९०


परिच्छेद - सात

प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति


७.१ प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण ९२
७.२ प्रदेश तथा स्थानीय तहलाई राजस्व हस्तान्तरण ९२
७.३ प्रदेशगत वित्तीय हस्तान्तरण र खर्चको स्थिति ९३
७.४ प्रदेश तहको बजेट र खर्चको स्थिति ९३
७.५ स्थानीय तहमा वित्तीय हस्तान्तरण र खर्चको अवस्था ९४
७.६ वित्तीय संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा ९४
७.७ वित्तीय संघीयताको पूर्ण कार्यान्वयनमा अनुभूत गरिएका समस्या ९६
७.८ समाधानका उपायहरू ९७


परिच्छेद - आठ

बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य


८.१ तत्काल गर्नुपर्ने कार्य ९९
८.१.१ बजेट कार्यान्वयन ९९
८.१.२ स्रोत व्यवस्थापन १००
८.२ दीर्घकालमा गर्नुपर्ने काम १०२
८.२.१ बजेट तर्जुमा १०२
८.२.२ बजेट कार्यान्वयन १०३
८.२.३ स्रोत व्यवस्थापन १०५


अनुसूचीहरू

# कार्यकारी सारांश

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

- सन् २०२० मा कोभिड-१९ महामारीका कारण अधिकांश मुलुकको आर्थिक वृद्धिमा संकुचन आएतापनि कोभिड-१९ विरूद्धको खोप लगाउन शुरू भएकोले आर्थिक क्रियाकलाप सामान्य हुँदै जाने र विश्वको आर्थिक वृद्धिमा सुधार हुने प्रक्षेपण गरिएकोले मुलुकको आर्थिक वृद्धिदरमा समेत आर्थिक वर्षको बाँकी अवधिमा औषतमा रहने अनुमान गरिएको छ।
- मुलुकको आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनासम्मको औसत मुद्रास्फीति ३.७२ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०७७/७८ को ६ महिनासम्म विप्रेषण आप्रवाह (नेपाली मुद्रा) ११.१ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ९५ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.६ प्रतिशतले बढेको थियो।
- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई रू.६० अर्ब ८० करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात २६.१ प्रतिशतले वृद्धि भएको थियो।
- समीक्षा अवधिमा कुल वस्तु आयात ४.८ प्रतिशतले घटेर रू.६ खर्ब ६१ अर्ब २५ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ४.० प्रतिशतले घटेको थियो।
- समीक्षा अवधिमा कुल व्यापार घाटा ५.८ प्रतिशतले घटी रू.६ खर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा व्यापार घाटा ६.१ प्रतिशतले घटेको थियो।
- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा शोधनान्तर स्थिति रू.१ खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२६ अर्ब ६५ करोडले बचतमा रहेको थियो।
- समीक्षा अवधिमा चालु खाता रू.४९ अर्ब ५३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यो खाता रू.७९ अर्ब ६५ करोडले घाटामा रहेको थियो।
- २०७७ पुस मसान्तमा कुल विदेशी विनिमय २०७७ असार मसान्तको रू.१४ खर्ब १ अर्ब ८४ करोडको तुलनामा ६.६ प्रतिशतले वृद्धि भई रू.१४ खर्ब ९३ अर्ब ७५ करोड पुगेको छ। अमेरिकी डलरमा २०७७ असार मसान्त ११ अर्ब ६५ करोड रहेकोमा सोमा ९.७ प्रतिशतले वृद्धि भई २०७७ पुस मसान्तमा १२ अर्ब ७८ करोड पुगेको छ।
- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरूले संकलन गर्ने निक्षेपमा ९.२ प्रतिशतले वृद्धि भई रू.४१ खर्ब ९२ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ६.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २२ प्रतिशतले बढेको छ।
- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा कुल आन्तरिक कर्जा ८.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.४ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा

२०७७ पुस मसान्तमा यस्तो कर्जा २०.१ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा मौद्रिक क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा ११.० प्रतिशतले बढेको छ।

- आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा धितोपत्र बजारमा सूचीकृत भएका कम्पनीहरूको संख्या २१५ पुगेको छ। यस अवधिमा रू.१ खर्ब ८१ अर्ब २४ करोड ८४ लाख बराबरको १ अर्ब ८० करोड ८२ लाख कित्ता शेयर सूचीकृत भएका छन्।

- नेप्से सूचकांक २०७७ असार मसान्तको १३६२.४ विन्दुबाट २०७७ पुस मसान्तमा २२८६.६ विन्दुमा पुगेको छ। २०७७ पुससम्ममा बजार पूँजीकरण रू.३० खर्ब ७९ अर्ब ९४ करोड कायम छ।

**बजेट खर्च र स्रोत परिचालन**

- चालु आर्थिक वर्षको कुल विनियोजन रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखमध्ये पहिलो ६ महिनामा रू.४ खर्ब १५ अर्ब ७४ करोड ५४ लाख खर्च भएको छ। यो खर्च कुल विनियोजनको २८.१९ प्रतिशत हो।

- समीक्षा अवधिको कुल खर्चमध्ये चालुतर्फ ३६.०८ प्रतिशत अर्थात विनियोजनको रू.३ खर्ब ४२ अर्ब ३५ करोड ६२ लाख खर्च भएको छ। पुँजीगत र वित्तीय व्यवस्थातर्फ विनियोजित रकमको क्रमश: १४.४ प्रतिशत र १३.०६ प्रतिशत अर्थात् रू.५० अर्ब ८१ करोड ७० लाख र रू.२२ अर्ब ५७ करोड २२ लाख खर्च भएको छ।

- समीक्षा अवधिमा नेपाल सरकारको स्रोततर्फको खर्च गत आर्थिक वर्ष भन्दा ४.५६ प्रतिशतले वृद्धि भएको छ। वैदेशिक अनुदान गत आर्थिक वर्षभन्दा ९.४२ प्रतिशतले घटेको छ। वैदेशिक ऋण गत वर्षको तुलनामा २६.४० प्रतिशतले खर्च घटेको छ।

- समीक्षा अवधिसम्ममा राजस्व र अन्य प्राप्ति समेत गरी रू.४ खर्ब ५० अर्ब ६ करोड आन्तरिक स्रोत परिचालन भएको छ। यो रकम गत वर्षको संकलनको तुलनामा करिब २.१० प्रतिशतले न्यून हो। चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म वार्षिक लक्ष्यको करिब ४४ प्रतिशत राजस्व संकलन भएको छ।

- चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनामा कर राजस्व संकलनतर्फ रू.३ खर्ब ८६ अर्ब ५३ करोड ४२ लाख संकलन भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको संकलनको तुलनामा १.३९ प्रतिशतले कम हो भने गैरकर राजस्वतर्फ रु ३५ अर्ब ७० करोड संकलन भएको छ, जुन गत वर्षको तुलनामा १३.४९ प्रतिशतले कम रहेको छ।

- चालु आर्थिक वर्षमा रू.२ खर्ब २५ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा प्रथम ६ महिनामा रू.५७ अर्ब ऋण परिचालन गरिएको छ।

- समीक्षा अवधिसम्म विभिन्न विकास आयोजना कार्यान्वयनको लागि रू.१ खर्ब ८७ अर्ब ४३ करोड ६२ लाख बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू.७२ अर्ब ९८ करोड २३ लाखको प्रतिवद्धता प्राप्त भएको थियो।

- चालु आर्थिक वर्षको प्रारम्भमा वैदेशिक सहायतातर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई सोधभर्ना प्राप्त गर्नुपर्ने रकम रू.२१ अर्ब ७४ करोड ७८ लाख रहेकोमा समीक्षा अवधिसम्ममा सोधभर्ना

लिनुपर्ने रकम रू.४२ अर्ब ९५ करोड ३८ लाख पुगेको छ। यस अवधिमा रू.३७ अर्ब ५५ करोड १३ लाख प्राप्त भई रू.७ अर्ब २८ करोड ४९ लाख सोधभर्ना प्राप्त हुन बाँकी रहेको छ।

**राष्ट्रिय गौरवका आयोजनाको प्रगतिको अवस्था**

- चालु आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय गौरवका आयोजनाहरूमा रू.९२ अर्ब ६ करोड २३ लाख विनियोजन गरिएकोमा पहिलो छ महिनामा विनियोजनको १५.१९ प्रतिशत अर्थात् रू.१३ अर्ब ९८ करोड ८५ लाख खर्च भएको छ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना, उत्तर दक्षिण लोकमार्ग (कर्णाली करिडोर) को भौतिक प्रगति सन्तोषजनक रहेको छ।

**वित्तीय संघीयता कार्यान्वयन**

- वित्तीय संघीयता सफलतापूर्वक कार्यान्वयन भई रहेको छ। सहलगानी सम्बन्धी कार्यविधि, २०७७ जारी भै सहलगानीका क्षेत्र तथा रकम समेत किटान गरी स्पष्टता कायम गरिएको छ। विशेष अनुदान र समपुरक अनुदान सम्बन्धी कार्यविधि संशोधन गरि समसामयिक बनाईएको छ।
- चालु आर्थिक वर्षको प्रथम ६ महिनामा प्रदेश तथा स्थानीय तहमा स:शर्त अनुदानको रुपमा रू. ८८ अर्ब ९३ करोड ३७ लाख र वित्तीय समानीकरण अनुदानको रुपमा रू.५९ अर्ब ३९ करोड १८ लाख हस्तान्तरण गरिएको छ।
- प्रदेश तथा स्थानीय तहमा विशेष र समपुरक अनुदानवापत रू.१९ अर्ब ९३ करोड विनियोजन भएकोमा समीक्षा अवधि सम्म रू.४ अर्ब ३५ करोड ७० लाख बाँडफाँट गरी हस्तान्तरण गरिसकिएको छ।
- प्रदेश तथा स्थानीय तहमा सःशर्त अनुदानबाट सञ्चालनमा रहेका आयोजनाहरूलाई निरन्तरता दिई कार्यान्वयन गर्न त्यस्तो आयोजनाको प्रगतिको आधारमा थप रकम उपलब्ध गरिएको छ।
- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System-PLMBIS) लाई स्तरोन्नति गरी प्रयोगकर्तामैत्री बनाइएको छ। स्थानीय तह र प्रदेशको लेखाङ्कन र प्रतिवेदन प्रणालीमा सुधार आएको छ।

**बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनमा सुधार**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ जारी भई कार्यान्वयन गरिएको छ।
- ठूला आयोजनाहरूको बहुवर्षीय खरीद प्रक्रियालाई व्यवस्थित र परिणाममुखी बनाउनका लागि निश्चित आधार तथा मापदण्डसहितको आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गरी कार्यान्वयनमा रहेको छ।
- क्रियाकलापमा आधारित खर्च र निकासा प्रणाली लागु भएको छ।
- स्थानीय तहको सञ्चित कोष व्यवस्थापन प्रणाली SuTRA(Sub-national Treasury Regulatory Application) मा सबै स्थानीय तहहरूमा लागु भइसकेको छ।

- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Assets Management System -PMAS तयार गरी नेपाल सरकारको एकिकृत सम्पति विवरण तयार गर्न शुरुवात गरिएको छ।
- बजेट कार्यान्वयनमा देखिएका समस्या र अर्थ मन्त्रालयको तर्फबाट सहजीकरण गर्नु पर्ने विषयमा प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरिएको छ।
- विशेष अनुदान कार्यविधि र समपुरक अनुदान कार्यविधिलाई समसामयिक संशोधन सहित कार्यान्वयनमा ल्याइएको छ। आगामी आर्थिक वर्षको योजनाको छनौट चालु आर्थिक वर्षको फागुन १५ गते भित्र सम्पन्न गर्ने गरी राष्ट्रिय योजना आयोगबाट कार्य भइरहेको छ।

**समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान**

- चालु आर्थिक वर्षमा रू.१४ खर्ब ७४ अर्ब खर्च हुने अनुमान गरिएकोमा रू.१३ खर्ब ४४ अर्ब ६८ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ जुन कुल विनियोजनको करिब ९१.१९ प्रतिशत हो।
- चालुतर्फ रू.९ खर्ब १४ अर्ब ७८ करोड (विनियोजनको ९६.४० प्रतिशत) पुँजीगततर्फ रू.२ खर्ब ८३ अर्ब ४ करोड (विनियोजनको ८०.२० प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रू.१ खर्ब ४६ अर्ब ८६ करोड (विनियोजनको ८५ प्रतिशत) हुने अनुमान छ।
- चालु वर्षको अन्त्यसम्मा नेपाल सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) रू.१० खर्ब ७४ अर्ब ६८ करोड, वैदेशिक अनुदानतर्फ रू.३५ अर्ब र वैदेशिक ऋणतर्फ रू.२ खर्ब ३५ अर्ब खर्च हुने संशोधित अनुमान रहेको छ।

**बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार**

- कोभिड-१९ को प्रभाव क्रमशः कम हुँदै गएको, खोप प्रारम्भ गरिएको र आन्तरिक आर्थिक गतिविधि क्रमशः पुरानै लयमा फर्कदै गएकाले चालु आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनको संशोधित कार्य योजना बनाई कार्यान्वयन गर्ने।
- कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी दायित्व तत्काल भुक्तानी दिने। साथै, सबै निकायले सिर्जित दायित्व भुक्तानीको लागि विनियोजित वजेटवाटै रकमान्तर प्रस्ताव गर्ने।
- अन्तर्राष्ट्रिय आर्थिक सहायतावाट सञ्चालन गरिने आयोजनाको कार्यान्वयनको अवस्थाको छुट्टै अनुगमन तथा समीक्षा गरी कार्यान्वयनमा देखिएका जटिलता निराकरण गर्न अर्थ मन्त्रालय, विकास साझेदार तथा सम्बन्धित मन्त्रालयहरूले एकिकृत प्रयत्न गर्ने।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा विनियोजन ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम विनियोजनको २५ प्रतिशत सम्म सम्बन्धित मन्त्रालयले नै कार्यक्रम संशोधन गर्न सक्ने व्यवस्था अर्थ मन्त्रालयले बजेट सूचना प्रणालीमा मिलाउने।
- बजेट तर्जुमा गर्दा छलफल भई तय भएका कार्यक्रम/आयोजनाको उद्देश्य फरक हुने गरी कार्यक्रम संशोधन/रकमान्तर प्रस्ताव नगर्ने।
- चालु आर्थिक वर्षमा विभिन्न मन्त्रालय/आयोग/निकायलाई विनियोजन भएको वजेट खर्च हुन नसकी बचत हुने भएमा तत् तत् निकायले चैत्र १५ गतेभित्र अनिवार्य रुपमा वजेट समर्पण गर्ने।
- अर्थ मन्त्रालयको पूर्व सहमती विना दीर्घकालिन दायित्व सिर्जना हुने कार्यक्रम सञ्चालन नगर्ने।

- अर्थ बजेट तथा अन्य शीर्षकमा LMBIS मा वजेट थपघट हुने वित्तिकै TSA तथा CGAS मा सो अनुरुप तत्कालै कार्यान्वियन गर्न सकिने गरी सूचना प्रणालीमा सुधार गर्ने।
- राजस्व संकलनको वैकल्पिक कार्य योजना वनाई बाँकी अवधिको लक्ष्य हासिल गर्ने गरी राजस्व प्रशासनलाई परिचालन गर्ने।
- राजस्व चुहावट नियन्त्रणमा समन्वयात्मक प्रयास केन्द्रित गर्ने। अवैध आयात निर्यात नियन्त्रण गर्न केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको नियमित बैठकबाट यस सम्बन्धी उपयुक्त रणनीतिहरू तय गरी कार्यान्वयन गर्ने/गराउने।
- गैर कर राजस्व संकलनको लागि नियमितरुपमा अनुगमन गर्ने। सरकारका विभिन्न कोषमा निष्क्रिय रहेका रकमहरू सञ्चित कोषमा जम्मा गर्ने। सार्वजनिक संस्थानसंग वक्यौता व्याज तत्काल असुल गर्ने।
- भन्सार बिन्दुमा गरिने घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोवार मूल्यमा आधारित वनाउन अन्तरदेशिय भन्सार प्रशासनसंग विद्युतीय सूचना आदान प्रदान गर्ने व्यवस्थालाई शिघ्र कार्यान्वयन गर्ने।
- आन्तरिक राजस्व तर्फ करको दायरा विस्तार, कर परीक्षण, अनुसन्धान, वक्यौता असुली, बजार अनुगमन लगायतका कार्यलाई तिव्रता दिई राजस्व संकलन प्रभावकारी बनाउने।
- वैदेशिक ऋण तथा अनुदानको सोधभर्ना समयमा नहुँदा नेपाल सरकारको स्रोतमा निरन्तर चाप परेकोले समयमै सोधभर्ना प्राप्त गर्न सम्बन्धित आयोजना प्रमुख र मन्त्रालयले थप पहल गर्ने।
- बजेट सहायता प्राप्तिका लागि निर्दिष्ट गरिएका पूर्व कार्यहरू तथा शर्त बमोजिमको सबै कार्य सम्पादन गरी चालु आर्थिक वर्षमा नै सबै रकम प्राप्त गर्ने व्यवस्था मिलाउने।
- आयोजना आवद्ध वैदेशिक सहायताको अनुदान तथा ऋण परिचालन गर्न गर्नुपर्ने सबै कार्य पुरा गरी वैदेशिक स्रोतको अधिकतम परिचालन गर्ने र बैदेशिक सहायताको कार्यन्वयनमा देखिएका समस्याहरू समयमै समाधान गर्ने। आयोजना प्रमुख र सम्बन्धित मन्त्रालयलाई जिम्मेवार बनाउने।
- वैदेशिक अनुदानवाट सञ्चालित आयोजनाहरूको लागि नेपाल सरकारले व्यहोर्नुपर्ने Counter Part Fund/Matching Fund को सुनिश्चितता गरि आयोजना कार्यान्यिवयनमा आवश्यक स्रोत व्यवस्थापन गर्ने।
- अत्यावश्यक बाहेकका सभा, गोष्ठी, सेमिनार, भ्रमण, अध्ययन, अवलोकन, तालिम जस्ता कार्यक्रमहरू तेस्रो चौमासिकमा सञ्चालन गर्न रोक लगाउने। दोस्रो चौमासिकसम्म पनि सम्झौता गरी निकासा नलिएका अनुदान तेस्रो चौमासिकमा नदिने।
- स्रोत परिचालनको अवस्था विश्लेषण गरि अनिवार्य र आगामी आर्थिक वर्षमा जिम्मेवारी सर्ने प्रकृतीका दायित्व बाहेकका अन्य उपभोग्य खर्चहरू कटौती गर्ने।
- नगद प्रवाहको नियमित विश्लेषण गरी बजेटमा अनुमान गरिएको सीमा भित्र आवश्यकता अनुसार आन्तरिक ऋण परिचालन गर्ने।

# परिच्छेद - एक
# समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### १.१.१ विश्व अर्थतन्त्रको परिदृष्य

सन् २०२० मा ३.५ प्रतिशतले संकुचन भएको विश्व अर्थतन्त्र सन् २०२१ मा ५.५ प्रतिशतले वृद्धि हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण रहेको छ। कोषले सन् २०२० मा २.४ प्रतिशतले ऋणात्मक रहेको उदीयमान तथा विकासोन्मुख देशहरूको अर्थतन्त्र सन् २०२१ मा ६.३ प्रतिशतले बढ्ने अनुमान गरेको छ। नेपालका छिमेकी मुलुकहरू चीन र भारतको आर्थिक वृद्धि सन् २०२० मा क्रमशः २.३ प्रतिशत र -८.० प्रतिशत रहेकोमा सन् २०२१ मा क्रमशः ८.१ प्रतिशत र ११.५ प्रतिशत हुने कोषको प्रक्षेपण छ। सन् २०२० मा कोभिड-१९ महामारीका कारण अधिकांश मुलुकको आर्थिक वृद्धिदरमा संकुचन आएतापनि कोभिड-१९ विरूद्धको खोप लगाउने कार्य शुरू भएकोले आर्थिक वृद्धिदरमा सुधार हुने प्रक्षेपण गरिएको हो।

## १.२ राष्ट्रिय अर्थतन्त्र

### १.२.१ उत्पादन क्षेत्र

कोभिड-१९ संक्रमण जोखिम न्यूनिकरण गर्न नेपाल सरकारले गरेको बन्दाबन्दी लगायतका व्यवस्थाहरूका कारण अर्थतन्त्रमा प्रतिकुल प्रभाव परेको देखिएतापनि नेपाल राष्ट्र बैंकले २०७७ मंसिरमा गरेको सर्वेक्षणले पछिल्लो समयमा आर्थिक गतिविधिमा सुधार आउँदै गएको देखाएको छ। राजस्व, बचत र कर्जा परिचालनमा देखिएको सुधारका अतिरिक्त २०७७ असारमा गरिएको सर्वेक्षण अनुसार देशका ४.१ प्रतिशत उद्योग-व्यवसाय मात्र पूर्ण सञ्चालनमा रहेकोमा २०७७ मंसिरमा ५४ प्रतिशत उद्योग-व्यवसाय पूर्ण सञ्चालनमा रहेको देखिएको छ।

तालिका १.१: कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी सर्वेक्षण

| विवरण | २०७७ असार (प्रतिशत) | २०७७ मंसिर (प्रतिशत) |
|---|---|---|
| सञ्चालन हुन नसकेका उद्योग-व्यवसाय | ६१.०३ | ९.१ |
| पूर्ण रुपमा सञ्चालन भएका उद्योग-व्यवसाय | ४.१ | ५४ |
| आंशिक रूपमा सञ्चालन भएका उद्योग-व्यवसाय | ३४.९२ | ३६.९८ |
| उत्पादन-कारोबार स्थिति (कोभिड पूर्वको तुलनामा) | २८.७७ | ५०.५१ |
| रोजगारी कायम रहेको अवस्था (कोभिड पूर्वको तुलनामा) | ७७.५ | ८७.५१ |

स्रोतः पुनरावृत्ति (Follow-up) सर्वेक्षण २०७७ मंसिर, नेपाल राष्ट्र बैंक

कोभिड-१९ को संक्रमणको अवस्थामा आर्थिक क्रियाकलापलाई सञ्चालनमा ल्याउन गरिएको प्रयासका कारण आर्थिक वर्षको बाँकी अवधिमा सार्वजनिक खर्चमा वृद्धि हुने अनुमान गरिएको

छ। कतिपय राष्ट्रिय गौरवका आयोजनाहरू सम्पन्न हुने चरणमा रहेका, भुकम्प पछिको पुनर्निर्माणको कार्य अन्तिम चरणमा पुगेको, थोक तथा खुद्रा व्यापार सामान्य अवस्थामा फर्किएको, औद्योगिक प्रतिष्ठानहरूको उत्पादनमा वृद्धि हुन थालेको र प्रदेश तथा स्थानीय तहमा हुने आर्थिक क्रियाकलापहरूमा समेत बढोत्तरी भएको छ। सडक, सिँचाइ, विद्युत, प्रशारण लाईन, विमानस्थल जस्ता भौतिक पूर्वाधारका आयोजनाहरूको निर्माणमा बाँकी अवधिमा तिव्रता आउने र बैंकिङ्ग क्षेत्रमा कर्जा विस्तार हुँदै गएकोले समग्र अर्थतन्त्रमा गति आउने अनुमान गरिएको छ। चालु आर्थिक वर्षको बजेटले परिलक्षित गरेको आर्थिक वृद्धिदर हासिल गर्न कठिन हुने देखिएतापनि औषत आर्थिक वृद्धिदर रहने अनुमान गरिएको छ।

### कृषि क्षेत्र

चालु आर्थिक वर्षमा धानको उत्पादन १.३ प्रतिशतले बढ्ने देखिएको छ भने मकैको उत्पादन र कोदोको उत्पादनमा सामान्य वृद्धि हुने देखिएको छ। गत वर्ष मकैको उत्पादन ६.६ प्रतिशत, गहुँको उत्पादन ९.० प्रतिशत र कोदोको उत्पादन १.२ प्रतिशतले बढेको थियो भने धानको उत्पादन १.१ प्रतिशतले घटेको थियो। कोभिड-१९ को संक्रमण दरमा आएको कमी सँगै दुध, तरकारी, मासु लगायतका वस्तुहरूको मागमा भएको वृद्धिले यस क्षेत्रको उत्पादन केही मात्रामा बढ्ने देखिएको छ।

### गैर-कृषि क्षेत्र

कोभिड-१९ संक्रमण जोखिम न्यूनिकरण गर्न अवलम्वन गरिएको बन्दाबन्दीका कारण औद्योगिक उत्पादन, पूर्वाधार निर्माण तथा सेवा क्षेत्रका गतिविधि प्रभावित भएका छन्। कोभिड-१९ संक्रमणका कारण विशेष गरी शिक्षा र पर्यटन क्षेत्रमा शिथिलता आएको छ।स्वास्थ्य क्षेत्रमा ठूलो असर नपरेको र शिक्षा क्षेत्र क्रमश: सुचारू हुन थालेको छ। पछिल्लो समय कोभिड-१९ संक्रमणको दरमा न्यूनता आएको र यस रोग विरुद्ध विकसित खोप समेत उपलब्ध भएकाले लगानीकर्तामा विश्वास बढ्न गई गैर-कृषि क्षेत्रका आर्थिक गतिविधिले पनि गति लिने अपेक्षा गरिएको छ।

### मुद्रास्फीति

आर्थिक वर्ष २०७७/७८ मा मुद्रास्फीतिलाई ७.० प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा २०७७ पुससम्ममा वार्षिक विन्दुगत आधारमा सो दर ३.५६ प्रतिशत रहको छ। आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनासम्मको औसत मुद्रास्फीति ३.७२ प्रतिशत रहेकोले मुद्रास्फीति नियन्त्रणमा रहेको देखिन्छ। चालु आर्थिक वर्षको बजेटले लिएको लक्ष्य भित्र नै मुद्रास्फीति दर रहने देखिन्छ।

## १.२.२ मौद्रिक र बैंकिंग स्थिति

### मुद्राप्रदाय

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा विस्तृत मुद्राप्रदाय ९.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ५.३ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा विस्तृत मुद्राप्रदाय २३.० प्रतिशतले बढेको छ।

### कुल आन्तरिक कर्जा

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा कुल आन्तरिक कर्जा ८.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.४ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा यस्तो कर्जा २०.१ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा मौद्रिक क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा ११.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ८.७ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा यस्तो कर्जा १५.० प्रतिशतले बढेको छ। आन्तरिक कर्जा वृद्धिले निजी क्षेत्रको लगानी बढिरहेको संकेत गर्दछ।

### निक्षेप संकलन

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा बैंक तथा वित्तीय संस्थाहरूले संकलन गर्ने निक्षेपमा ९.२ प्रतिशतले वृद्धि भई रू.४१ खर्ब ९२ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ६.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २२ प्रतिशतले बढेको छ। २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ८.५ प्रतिशत, ३३.६ प्रतिशत र ४९.२ प्रतिशत रहेको छ।

### सहुलियत तथा पुनर्कर्जाको स्थिति

समीक्षा अवधिसम्ममा एकमुष्ठ प्रदान हुने कर्जा अन्तर्गत रू.५० अर्ब ७ करोड र ग्राहक/ऋणी अनुसार प्रदान हुने कर्जा अन्तर्गत रू.३३ अर्ब ७ करोड गरी कुल रू.८३ अर्ब १४ करोड पुनर्कर्जा स्वीकृत भएको छ। सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत समीक्षा अवधिसम्ममा कुल ५१ हजार ९ सय ९९ ऋणीलाई रू.३ अर्ब ८३ करोड ब्याज अनुदान प्रदान गरिएको छ। समीक्षा अवधिमा सहुलियतपूर्ण कर्जा शीर्षक अन्तर्गत रू.८६ अर्ब ३० करोड लगानी भएको छ। कूल प्रवाह भएको सहुलियतपूर्ण कर्जा मध्ये करीब ४१ प्रतिशत महिला उद्यमीलाई प्रवाह भएको छ।

### वित्तीय विस्तार

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या १० हजार १ सय ८७ पुगेको र देशका ७ सय ४९ स्थानीय तहमा बाणिज्य बैंकहरूका शाखा विस्तार भएको छ।

## १.२.३ धितोपत्र

### धितोपत्र बजार

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा धितोपत्र बजारमा सूचीकृत भएका कम्पनीहरूको संख्या २१५ रहेको छ। यस अवधिमा रू.१ खर्ब ८१ अर्ब २४ करोड ८४ लाख बराबरको १ अर्ब ८० करोड ८२ लाख कित्ता शेयर सूचीकृत भएका छन्। पछिल्लो समयमा पुँजी बजारमा उल्लेख्य सुधार आई नेप्से सूचकांक २०७७ असार मसान्तमा १३६२.४

विन्दु कायम भएकोमा २०७७ पुस मसान्तमा २२८६.६ विन्दुमा पुगेको छ। २०७७ पुससम्ममा बजार पूँजीकरण रू.३० खर्ब ७९ अर्ब ९४ करोड कायम छ।

### १.२.४ वाह्य क्षेत्र

#### वैदेशिक व्यापार

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई रू.६० अर्ब ८० करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यात २६.१ प्रतिशतले वृद्धि भएको थियो।गत वर्षको यस अवधि सामान्य रहेको तर चालु आर्थिक वर्षको यस अवधि कोभिड-१९ बाट प्रभावित पछिल्लो समय सुधारोन्मुख रहेकोले निर्यातमा क्रमश: वृद्धि हुने अनुमान गरिएको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात ४.८ प्रतिशतले घटेर रू.६ खर्ब ६१ अर्ब २५ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ४.० प्रतिशतले घटेको थियो। यस वर्ष वृद्धि भएको निर्यातमा अलैंची, धागो (पोलिष्टर तथा अन्य), जुटका सामान, पश्मिना, चाउचाउ प्रमुख छन्। समीक्षा अवधिमा कुल व्यापार घाटा ५.८ प्रतिशतले घटी रू.६ खर्ब ४५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा व्यापार घाटा ६.१ प्रतिशतले घटेको थियो।

#### विप्रेषण आप्रवाह

आर्थिक वर्ष २०७७/७८ को ६ महिनासम्म विप्रेषण आप्रवाह (नेपाली मुद्रा) ११.१ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ९५ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर आय ८.९ प्रतिशतले वृद्धि भइ रू.५ खर्ब ४९ अर्ब ५१ करोड भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ०.४ प्रतिशतले घटेको थियो। श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या (पुनः श्रम स्वीकृति बाहेक) समीक्षा अवधिमा ७७.६ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १७.७ प्रतिशतले बढेको थियो। कोभिड-१९ को खोप लगाउन शुरू भएकोले नेपाली कामदारको मुख्य गन्तव्य हुने मलेसिया र मध्य पूर्वका देशहरूमा श्रमिकको मागमा पुन: वृद्धि हुने अनुमान गरिएको छ।

#### शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चिति

आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनामा शोधनान्तर स्थिति रू.१ खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू.२६ अर्ब ६५ करोडले बचतमा रहेको थियो। समीक्षा अवधिमा चालु खाता रू.४९ अर्ब ५३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यो खाता रू.७९ अर्ब ६५ करोडले घाटामा रहेको थियो।

२०७७ पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तको रू.१४ खर्ब १ अर्ब ८४ करोडको तुलनामा ६.६ प्रतिशतले वृद्धि भई रू.१४ खर्ब ९३ अर्ब ७५ करोड पुगेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २०७७ असार मसान्तमा ११ अर्ब ६५ करोड रहेकोमा

९.७ प्रतिशतले वृद्धि भई २०७७ पुस मसान्तमा १२ अर्ब ७८ करोड पुगेको छ। २०७७ पुस मसान्तमा कायम विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २३.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १३.९ महिनाको वस्तु आयात र १२.६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

# परिच्छेद - दुई
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टिगत खर्च स्थिति विश्लेषण

यस आर्थिक वर्षको कुल विनियोजन रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखमध्ये पहिलो ६ महिनामा रू.४ खर्ब १५ अर्ब ७४ करोड ५४ लाख खर्च भएको छ। यो खर्च कुल विनियोजनको २८.१९ प्रतिशत हो। गत आर्थिक वर्ष २०७६/७७ को यही अवधिमा कुल रू.४ खर्ब १० अर्ब ५२ करोड २५ लाख अर्थात् वार्षिक विनियोजनको २६.७७ प्रतिशत खर्च भएको थियो। समीक्षा अवधिमा गत वर्षको तुलनामा कुल खर्च ५ अर्ब २२ करोड २८ लाखले वृद्धि भएको छ जुन गत वर्षको विनियोजनको तुलनामा १.४२ प्रतिशत वृद्धि हो। कोभिड-१९ को कारण केही आयोजनाहरूको कार्य नियमित हुन नसक्नु र खरिद/ठेक्का व्यवस्थापनमा रहेका विविध समस्याहरू समयमा नै समाधान हुन नसक्नु जस्ता कारणले खर्चमा आशातित वृद्धि हुन सकेको छैन।

चालु आर्थिक वर्षको प्रथम ६ महिनाको शीर्षकगत खर्च र गत आर्थिक वर्षको सोही अवधिको खर्च बीचको तुलनात्मक विवरण तालिका नं.१मा प्रस्तुत गरिएको छ।

**तालिका २.१: समष्टिगत खर्चको तुलनात्मक स्थिति** (रू.लाखमा)

| खर्च शीर्षक | विनियोजन | | पहिलो ६ महिनाको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ | २०७६/७७ | २०७७/७८ |
| चालु | ९५७१०१४ | ९४८९४०६ | ३०९६५०५ | ३४२३५६२ | ३२.३५ | ३६.०८ |
| पुँजीगत | ४०८००५९ | ३५२९१७५ | ६३२०४५ | ५०८१७० | १५.४९ | १४.४ |
| वित्तीय व्यवस्था | १६७८५९८ | १७२७८७३ | ३७६६७५ | २२५७२२ | २२.४३ | १३.०६ |
| जम्मा | १५३२९६७१ | १४७४६४५४ | ४१०५२२५ | ४१५७४५४ | २६.७७ | २८.१९ |

**चित्र २.१: विनियोजनको तुलनामा खर्च स्थिति**



प्रदेश तथा स्थानीय तहको गत आर्थिक वर्षको सञ्चित कोषको मौज्दातबाट भएको खर्च र सोको प्रतिवेदन प्राप्त नभएको विवरण समेत करिब रू.७ अर्ब भन्दा बढी रहेको अनुमान छ। यसलाई समेत समावेश गर्दा पहिलो ६ महिनाको खर्च चालु आर्थिक वर्षको कुल विनियोजनको करिब २८.६६ प्रतिशत हुने अनुमान छ।

समीक्षा अवधिको कुल खर्चमध्ये चालुतर्फ रू.३ खर्ब ४२ अर्ब ३५ करोड ६२ लाख अर्थात् विनियोजनको ३६.०८ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ रू.५० अर्ब ८१ करोड ७० लाख अर्थात् विनियोजनको १४.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू.२२ अर्ब ५७ करोड २२ लाख अर्थात् विनियोजनको १३.०६ प्रतिशत खर्च भएको छ। गत आर्थिक वर्षमा यस्तो खर्च क्रमश: ३२.३५ प्रतिशत, १५.४९ प्रतिशत र २२.४३ प्रतिशत रहेको थियो।

सरकारले हाल अवलम्बन गरेको बजेट लेखाङ्कन प्रणालीमा विकास समिति, प्रतिष्ठान, वोर्ड, विश्वविद्यालय लगायतका निकायबाट गरिने पुँजीगत खर्च समेत चालु अनुदानका रुपमा विनियोजन हुने, विभिन्न अनुदानबाट उपलब्ध गराईएको रकमबाट पूँजी निर्माण हुने भए पनि त्यसरी गरिएको खर्चको सही लेखाङ्कन नहुँदा र प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने कृषि, शिक्षा, स्वास्थ्य एवम् भौतिक पूर्वाधार निर्माण लगायतका सबै रकम चालुतर्फ नै लेखाङ्कन हुने हुँदा वर्तमान लेखा प्रणालीबाट पुँजीगत खर्चको सही रूपमा प्रतिविम्वित हुँदैन। अतः यस आर्थिक वर्षदेखि बजेटमा नै साधारण र विकास खर्च गरी विनियोजन देखाउन शुरू गरिएको र आगामी दिनमा अझ स्पष्ट हुने गरी लेखाङ्कन गर्ने प्रणाली बनाउनु पर्ने देखिन्छ। उपर्युक्त सन्दर्भमा कुल सरकारी खर्चलाई नै खर्चको कार्यकुशलता मापनको आधारको रूपमा लिनु पर्ने हुन्छ।

चालु आर्थिक वर्षमा वित्तीय समानीकरण, स:शर्त, विशेष र समपुरक अनुदान समेत जम्मा रू.३ खर्ब ६२ अर्ब ६३ करोड १३ लाख वित्तीय हस्तान्तरणको लागि विनियोजन भएको छ। यो कुल बजेट विनियोजनको २४.५९ प्रतिशत हो। अघिल्लो आर्थिक वर्ष यो अंक रू.३ खर्ब ४२ अर्ब ९३ करोड ९९ लाख रहेको थियो जुन कुल विनियोजनको २२.३७ प्रतिशत हुन आउँछ। समीक्षा अवधिसम्म प्रदेश तथा स्थानीय तहलाई रू.१ खर्ब ५२ अर्ब ६८ करोड २४ लाख संघीय सञ्चित कोषबाट वित्तीय हस्तान्तरण भएको छ। उक्त रकम वित्तीय हस्तान्तरण हुने विनियोजनको ४२.१ प्रतिशत हो। अघिल्लो आर्थिक वर्ष यसै अवधिमा वित्तीय हस्तान्तरणका लागि विनियोजित रकमको ३४.१६ प्रतिशत अर्थात् रू.१ खर्ब १७ अर्ब १५ करोड ५३ लाख संघीय सञ्चित कोषबाट हस्तान्तरण भएको थियो।

यस आर्थिक वर्ष स:शर्त र वित्तीय समानीकरण अनुदान वापतको रकम उल्लेख्य मात्रामा वित्तीय हस्तान्तरण भएको कारणले चालु खर्चमा वृद्धि भएको छ। गत आर्थिक वर्षमा यसरी हस्तान्तरण हुने रकम बजेट विनियोजन गर्दा क्षेत्रगत मन्त्रालयको शीर्षकमा नै समावेश गरी आर्थिक वर्षको पछिल्लो अवधिमा हस्तान्तरण गरिएको थियो। यस आर्थिक वर्षमा बजेट तर्जुमा गर्दा नै स:शर्त अनुदानका रुपमा विनियोजन गरिएकोले आर्थिक वर्षको शुरुदेखि नै वित्तीय हस्तान्तरण वापतको रकम बढी देखिएको हो। यसका अतिरिक्त कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेश स्थित अस्पतालहरूमा ठूलो परिमाणमा मेशिनरी उपकरण, आई.सि.यु.वेड, एच.डि.यू, स्वास्थ्यकर्मीको जोखिम भत्ता वापतको रकम यस अवधिमा स:शर्त

अनुदानका रुपमा वित्तीय हस्तान्तरण गरिएको छ। साथै, प्रत्येक स्थानीय तहमा ५, १० र १५ शैयाको अस्पताल बनाउन स्थानीय तहलाई सःशर्त अनुदान उपलब्ध गराईएको र प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि विनियोजित रकम बजेट मार्फत् नै स्थानीय तहमा हस्तान्तरण गरिएकोले कूल वित्तीय हस्तान्तरण बढ्न गई चालु आर्थिक वर्षमा कुल बजेट गत वर्षको तुलनामा घट्दा पनि वित्तीय हस्तान्तरणको रकम गत आर्थिक वर्षको तुलनामा वृद्धि देखिएको हो।

गत वर्ष प्रदेशलाई वित्तीय हस्तान्तरण गरिएको कूल रकम मध्ये करिब रू.४१ अर्ब ६३ करोड ७३ लाख फ्रिज भएकोमा रू.९ अर्ब ८४ करोड ६९ लाख फिर्ता भएको र बाँकी रकम प्रदेश सञ्चित कोषमा नै जम्मा रहेको छ। स्थानीय तहमा गत वर्षको वित्तीय हस्तान्तरण मध्ये फ्रिज भएको रकम करिब रू.४६ अर्ब ७९ करोड ८० लाख रहेकोमा रू.१२ अर्ब ४५ करोड ८३ लाख मात्र फिर्ता आएकोले बाँकी रकम स्थानीय सञ्चित कोषमा नै जम्मा रहेको छ।

**सार्वजनिक खर्च अपेक्षाकृत रुपमा बढ्न नसक्नुका कारणहरू देहाय बमोजिम रहेका छन्:**

- यस आर्थिक वर्षको प्रारम्भका शुरूका ३ महिनासम्म कोभिड-१९ संक्रमण उच्च रहेकोले आवागमनमा नियन्त्रण गरिएको र बाँकी अवधिमा कोभिड-१९ को प्रभाव क्रमश: घट्दै गए पनि सरकारी खर्च वृद्धि गर्न सहयोग पुग्ने गरी सामान्य अवस्था कायम नहुँदा आयोजना/कार्यक्रम कार्यान्वयन प्रभावित भएको।
- कतिपय आयोजनामा नियुक्त एवम् परिचालन भएका वैदेशिक परामर्शदाता र कामदार कोभिड-१९ का कारण अन्तर्राष्ट्रिय उडान र स्वास्थ्य जोखिमका कारण काममा फर्किन नसकेकाले आयोजनाको कामले गति लिन नसक्दा खर्च प्रभावित भएको।
- नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको अवधिमा म्याद सकिएका वा सम्झौता भएका ठेक्कालाई छ महिना म्याद थप्न सकिने गरी नेपाल सरकारबाट नीतिगत निर्णय भएको तर बन्दाबन्दी अघि सम्झौता भएका र सो अवधि पछिसम्म म्याद कायम रहेका ठेक्काको म्याद थप्ने निर्णय माघ महिनामा मात्र भएकोले यसअघि सिर्जित दायित्व भुक्तानी हुन नसक्दा खर्च कम हुन गएको।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ बमोजिम वन क्षेत्र प्रयोग गरे बापत बुझाउनु पर्ने रकमको व्यवस्थापन समयमा हुन नसक्दा सरकारले सञ्चालन गर्ने आयोजनाको निर्माण कार्य प्रभावित भएको।
- कतिपय नयां आयोजना/कार्यक्रमहरू पूर्व तयारी कै अवस्थामा रहेकोले आयोजना सञ्चालन पूर्वका चरणकै कारण विनियोजित रकम खर्च गर्न समस्या सिर्जना भएको।
- नेपाल र अमेरिकी सहयोग मिलिनियम च्यालेन्ज कर्पोरेशन बीच भएको अनुदान सहायता सम्झौता संघीय-संसदबाट अनुमोदन हुन ढिलाइ हुँदा चालु आर्थिक वर्षमा विनियोजित रू.५ अर्ब ७२ करोड खर्च हुन नसकेको कारण खर्चमा न्यूनता आएको।

- पौष मसान्तसम्म पनि केही ठूला आयोजना/कार्यक्रमहरूको कार्यान्वयन विधिको निर्क्यौल कार्यविधि तर्जुमा, रकम बाँडफाँट र खरीद प्रक्रिया नै शुरु हुन नसकेको।
- सार्वजनिक खरीद प्रणाली र निर्माण व्यवसायीका सन्दर्भमा कायम रहेका समस्या समाधान समयमा हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाइ भएकोले अपेक्षाकृत खर्च हुन नसकेको।
- बजेटमा उल्लेखित कार्यक्रमको कार्यान्वयन गर्न तर्जुमा गरिएका निर्देशिका/कार्यविधि/मापदण्ड स्वीकृत गर्दा लामो समय लाग्ने गरेकोले कार्यान्वयनमा ढिलाई भएको।
- आयोजनाको पूर्व तयारी विना निर्माण कार्य अघि बढाउन शुरु गर्ने गरेकोले पछि वन, मुआब्जा, क्षतिपूर्ति जस्ता समस्याले बल्झिदा अपेक्षित खर्च हुन नसकेको।
- वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरूमा दातृ निकायहरूले निर्धारण गरे अनुसार खरिद र लेखाङ्कन सम्बन्धी तोकिएको मार्गदर्शन/शर्त पुरा नहुँदा अपेक्षित खर्च हुन नसकेको।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय नहुँदा कतिपय आयोजना/कार्यक्रमको कार्यान्वयनमा समस्या सिर्जना भएको।

### २.१.१ आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनासम्मको मन्त्रालयगत खर्च स्थिति

- अर्थ मन्त्रालयमा रू.३४ अर्ब ५५ करोड ७० लाख विनियोजन भएकोमा रू.५ अर्ब २४ करोड १६ लाख अर्थात् १५.१७ प्रतिशत खर्च भएको छ। मिलेनियम च्यालेञ्ज कर्पोरेशनको सम्झौता संघीय संसदबाट अनुमोदन नभएको र सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान शोधभर्ना समयमै माग नभएको कारण मन्त्रालयको खर्च न्यून रहेको छ।
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रू.१० अर्ब १८ करोड ६४ लाख विनियोजन भएकोमा रू.१ अर्ब ७९ करोड ८२ लाख अर्थात् १७.६५ प्रतिशत खर्च भएको छ। औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत औद्योगिक ग्रामको रकम खर्च हुन नसक्नु, कार्यस्थलमा आधारित सह-लगानी तालिमको कार्यविधि निर्माणमा ढिलाई हुनु, बीउ पुँजी कोषको कार्यक्रम सञ्चालनमा ढिलाई हुनु लगायतका कारणले विनियोजित रकमको खर्च कम भएको हो।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रू.२९अर्ब ३२ करोड ७६ लाख विनियोजन भएकोमा रू.८ अर्ब २१ करोड ९७ लाख अर्थात् २८.०३ प्रतिशत खर्च भएको छ। अनुदान निर्देशिका निर्माणमा ढिलाइ, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयनमा भएको विलम्ब, स्थानीय तहमा निर्माण हुने खाद्य भण्डार सम्बन्धी कार्यमा ढिलाई हुँदा खर्च अपेक्षित रूपमा हुन सकेको छैन।
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रू.८ अर्ब २२ करोड ६९ लाख विनियोजन भएकोमा रू.१ अर्ब ९७ करोड ७५ लाख अर्थात् २४.०४ प्रतिशत खर्च भएको छ। स्थलगत नापी कार्यक्रम कार्यान्वयनमा भएको ढिलाई तथा भूमि बैंक सम्बन्धी कानून

र कार्यविधि निर्माणमा ढिलाई तथा गरिव पहिचान एवम् परिचयपत्र वितरण कार्यक्रम समयमा सञ्चालन हुन नसक्दा खर्च केही न्यून देखिएको छ।

- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रू.८ अर्ब ३९ करोड ४० लाख विनियोजन भएकोमा रू.१ अर्ब २ करोड ७२ लाख अर्थात् १२.२४ प्रतिशत खर्च भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट स्थानीय तहमा हस्तान्तरण हुन ढिलाई भएका कारण उक्त मन्त्रालयको खर्च न्यून देखिएको छ।
- वन तथा वातावरण मन्त्रालयमा रू.१२ अर्ब ५७ करोड १८ लाख विनियोजन भएकोमा रू.३ अर्ब ५९ लाख अर्थात् २३.९१ प्रतिशत खर्च भएको छ। पहाडी साना किसानका लागि अनुकूलन कार्यक्रम कार्यान्वयनमा शिथिलता छ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा रू.५ अर्ब ६६ करोड २८ लाख विनियोजन भएकोमा रू.१ अर्ब ६५ करोड ४२ लाख अर्थात् २९.२१ प्रतिशत खर्च भएको छ। बजेट बाँडफाँटमा समयमै हुन नसक्नु, पर्यटन पूर्वाधार विकास र स्थानीय लागत साझेदारीमा पर्यटन पूर्वाधार निर्माणमा विनियोजित रकम खर्च नहुँदा समग्र खर्च न्यून रह्यो।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रू.२९ अर्ब ०९ करोड २६ लाख विनियोजन भएकोमा रू.२अर्ब ८५ करोड ३४ लाख अर्थात् ९.८१ प्रतिशत खर्च भएको छ। प्रादेशिक तथा स्थानीय सडक पूर्वाधार विकास कार्यक्रम, स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यक्रम, प्रदेश तथा स्थानीय तह शासन सहयोग कार्यक्रम, उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम कार्यविधि तर्जुमामा ढिलाई हुँदा खर्च अपेक्षित रुपमा हुन सकेको छैन।
- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा रू.४१ अर्ब ५१ करोड २९ लाख विनियोजन भएकोमा रू.५ अर्ब ७८ करोड ८७ लाख अर्थात् १३.९४ प्रतिशत खर्च भएको छ। वैकल्पिक ऊर्जा को कार्यविधि समयमा संशोधन हुन नसकेकोले कार्यक्रम सञ्चालन हुन नसकेको, नदी जन्य निर्माण सामाग्रीको उपलब्धतामा रहेको कठिनाई र विद्युत आयोजनाहरूको निर्माणमा प्रयोग हुने मेसिनरी तथा उपकरणहरू समयमै उपलब्ध हुन नसक्नुको कारण कार्यक्रम सञ्चालनमा ढिलाई भई खर्च न्यून भएको छ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा रू.७ अर्ब १३ करोड ४२ लाख विनियोजन भएकोमा रू.२ अर्ब ६ करोड ३ लाख अर्थात् २८.८८ प्रतिशत खर्च भएको छ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा रू.१ खर्ब ३४ अर्ब २९ करोड ४४ लाख विनियोजन भएकोमा रू.२५ अर्ब २७ करोड २२ लाख अर्थात् १८.८२ प्रतिशत खर्च भएको छ।वैदेशिक स्रोतको उपयोग प्रभावकारी नहुनु, सरकारी वनको समस्या तथा बिजुलीको तार एवम् पोल र खानेपानीको पाइप स्थानान्तरणमा कायम रहेको समस्याका कारण खर्च अपेक्षित रुपमा बढ्न सकेको छैन।
- शहरी विकास मन्त्रालयमा रू.३२ अर्ब २० करोड ६१ लाख विनियोजन भएकोमा रू.७ अर्ब ६० करोड १७ लाख अर्थात् २३.६० प्रतिशत खर्च भएको छ। सुरक्षित नागरिक

आवास कार्यक्रम, विशेष भवन निर्माण आयोजना र सघन शहरी विकास कार्यक्रम कार्यान्वयनमा तीब्रता आउन नसक्दा खर्च खर्च अपेक्षित रुपमा बढ्न सकेको छैन।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा रू.५५ अर्ब विनियोजन भएकोमा रू.१४ अर्ब २ करोड ९१ लाख अर्थात् २५.५१ प्रतिशत खर्च भएको छ। निजी आवास अनुदानको रकम वितरणमा भएको ढिलाई तथा वैदेशिक स्रोतको उपयोग प्रभावकारी रूपमा नभएकोले खर्च अपेक्षित रुपमा बढ्न सकेको छैन।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रू.६० अर्ब ६७ करोड ८८ लाख विनियोजन भएकोमा रू.११ अर्ब २२ करोड ५० लाख अर्थात् १८.५ प्रतिशत खर्च भएको छ। स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, परिवार कल्याण कार्यक्रम र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको कार्यान्वयनमा अझ तिव्रता आउन सकेको छैन। अधिकांश रकम स:शर्त अनुदान वापत वित्तीय हस्तान्तरण भएको तर उक्त रकम खर्च नभई सकेकोले खर्च अपेक्षित रुपमा बढ्न सकेको छैन।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा रू.५५ अर्ब ८६ करोड ८९ लाख विनियोजन भएकोमा रू.१९ अर्ब ३१ करोड १९ लाख अर्थात् ३४.५७ प्रतिशत खर्च भएको छ।
- खानेपानी मन्त्रालयमा रू.२८ अर्ब ८ करोड १० लाख विनियोजन भएकोमा रू.२ अर्ब ५४ करोड १६ लाख अर्थात् ९.०५ प्रतिशत खर्च भएको छ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा रू.८५ करोड ८९ लाख विनियोजन भएकोमा रू.१३ करोड ९७ लाख अर्थात् १६.२७ प्रतिशत खर्च भएको छ। पूर्व तयारी विना प्रस्ताव भएका कार्यक्रमहरू कार्यान्वयन हुन नसक्दा खर्च कम भएको छ।
- युवा तथा खेलकुद मन्त्रालयमा रू.१ अर्ब ८३ करोड ९५ लाख विनियोजन भएकोमा रू.३६ करोड ४५ लाख अर्थात् १९.८२ प्रतिशत खर्च भएको छ। स्थानीय तहमा खेलकुद ग्राम निर्माणका लागि विनियोजित रकम समयमै बाँडफाँट नभएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रू.४ अर्ब २८ करोड ८५ लाख विनियोजन भएकोमा रू.१ अर्ब ३५ करोड ७८ लाख अर्थात् ३१.६६ प्रतिशत खर्च भएको छ।
- रक्षा मन्त्रालयमा रू.५० अर्ब २५ करोड ८६ लाख विनियोजन भएकोमा रू.२२ अर्ब ७३ करोड ९८ लाख अर्थात् ४५.२५ प्रतिशत खर्च भएको छ।
- गृह मन्त्रालयमा रू.१ खर्ब ३५अर्ब ८९ करोड ८३ लाख विनियोजन भएकोमा रू.५२ अर्ब ७९ करोड ३४ लाख अर्थात् ३८.८५ प्रतिशत खर्च भएको छ।
- कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा रू.४७ करोड ८७ लाख विनियोजन भएकोमा रू.११ करोड अर्थात् २२.९९ प्रतिशत खर्च भएको छ।
- परराष्ट्र मन्त्रालयमा रू.६ अर्ब २८ करोड ९८ लाख विनियोजन भएकोमा रू.२ अर्ब ७० करोड ८१ लाख अर्थात् ४३.०६ प्रतिशत खर्च भएको छ।
- मन्त्रालयगत खर्चको समग्र विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

### २.१.२ स्रोतगत खर्च विश्लेषण

समीक्षा अवधिमा नेपाल सरकारको स्रोततर्फको रू.३ खर्ब ८० अर्ब ९ करोड ८ लाख खर्च भई गत आर्थिक वर्ष भन्दा ४.५६ प्रतिशतले वृद्धि भएको छ। वैदेशिक अनुदानतर्फ रू.५ अर्ब ६१ करोड ४० लाख खर्च भई गत आर्थिक वर्ष भन्दा ९.४२ प्रतिशतले घटेको छ। वैदेशिक ऋणतर्फ रू.३० अर्ब ४ करोड ५ लाखमात्र खर्च भई गत वर्षको तुलनामा २६.४० प्रतिशतले उक्त स्रोतको खर्च घटेको छ। यस अवधिमा वैदेशिक स्रोत उपयोग प्रभावकारी नभएकोले वैदेशिक सहायताबाट व्यहोरिने खर्च गत आर्थिक वर्षको तुलनामा करिब २४.१७ प्रतिशतले घटेको छ। स्रोतगत खर्च विश्लेषण तालिका नं.२.२ मा राखिएको छ।

**तालिका २.२ः स्रोतगत विनियोजन र खर्चको स्थिति** (रू.लाखमा)

| क्र.सं. | स्रोत | आर्थिक वर्ष २०७६/७७ | | | आर्थिक वर्ष २०७७/७८ | | | तुलनात्मक वृद्धि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | पहिलो ६ महिनाको खर्च | प्रतिशत | विनियोजन | पहिलो ६ महिनाको खर्च | प्रतिशत | विनियोजन | खर्च |
| १ | नेपाल सरकार | ११७६१३८३ | ३६३५०३९ | ३०.९१ | १११४६१८४ | ३८००९०८ | ३४.१० | -५.२३ | ४.५६ |
| २ | अनुदान | ५७९९५५ | ६१९८१ | १०.६८ | ६०५२७७ | ५६१४० | ९.२७ | ४.३६ | -९.४ |
| ३ | ऋण | २९८८३३३ | ४०८२०६ | १३.६५ | २९९४९९३ | ३००४०५ | १०.०३ | ०.२२ | -२६.४० |
| | जम्मा | १५३२९६७१ | ४१०५२२६ | २६.७८ | १४७४६४५४ | ४१५७४५४ | २८.१९ | -३.८ | १.२७ |

### २.१.३ स्रोत उपलब्ध गराउने विकास साझेदारका आधारमा खर्च

चालु आर्थिक वर्षको बजेटमा वैदेशिक स्रोत समावेश भई स्रोत उपलब्ध गराउन प्रतिबद्ध भएका प्रमुख १० विकास साझेदारबाट उपलब्ध गराईएको रकम र सोको प्रतिशत तालिका नं.२.३ मा देखाइएको छ।

**तालिका २.३: विकास साझेदारको विनियोजन र खर्चको स्थिति** (रू.लाखमा)

| क्र.सं. | विकास साझेदार | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आई डि ए - विश्व बैंक (बजेट सहायता सहित) | १११७८२४ | १३४८२५ | १२.०६ |
| २ | एशियाली विकास बैंक(बजेट सहायता सहित) | ९२८४७३ | ६९९९२ | ७.५३ |
| ३ | अन्तर्राष्ट्रिय मुद्रा कोष | २५६८०० | ४६६०६ | १८.१४ |
| ४ | एस.एस.डि.पि. (वहुदाता कोष) | १३२८६९ | २९८९८ | २२.५ |
| ५ | भारत | ९२२२५ | १५६१६ | १६.९३ |
| ६ | दाताको संयुक्त कोष | १३२२५८ | ११६६२ | ८.८२ |
| ७ | जापान - जाईका | ६४८८६ | ७१९० | ११.०८ |
| ८ | भारत - एक्जिम बैंक | २१२१८० | ३७१९ | १.७५ |
| ९ | आई.एफ.ए.डि | ५२६९४ | २२८७ | ४.३४ |
| १० | जापान | ६००९५ | ५७० | ०.९४ |

माथि उल्लेखित तालिकामा वैदेशिक स्रोतमध्ये खर्चको आधारमा आई डि ए- विश्व बैंक स्रोतको सबभन्दा बढी रू.१३ अर्ब ४८ करोड २५ लाख खर्च भएको छ भने जापान सरकार स्रोतको रू.५ करोड ७० लाख खर्च भएको छ। विनियोजनको आधारमा खर्च प्रतिशत हेर्दा अन्तर्राष्ट्रिय मुद्रा कोष तर्फको १८.१४ प्रतिशत छ भने सबैभन्दा कम जापान सरकार स्रोतको ०.९४ प्रतिशत रहेको छ।

### २.१.४ कार्यगत खर्च स्थिति

कार्यगत खर्च वर्गीकरणको आधारमा खर्च स्थिति हेर्दा समीक्षा अवधिमा सबैभन्दा बढी सामान्य सार्वजनिक सेवामा रू.१ खर्ब ५५ अर्ब ६५ करोड १२ लाख खर्च भएको छ। यो रकम यस शीर्षकमा भएको विनियोजनको ३१.४९ प्रतिशत हो। शिक्षामा रू.७२ अर्ब ७९ करोड ७१ लाख खर्च भएको छ। यो विनियोजनको ४२.२८ प्रतिशत हो। आर्थिक मामिलामा रू.६८ अर्ब ७८ करोड ५१ लाख खर्च भएको छ। यो रकम विनियोजनको १७.६८ प्रतिशत हो। सामाजिक सुरक्षामा रू.२५ अर्ब २६ करोड ८२ लाख खर्च भएको छ। यो विनियोजनको २५.८४ प्रतिशत हो। सार्वजनिक शान्ति सुरक्षामा रू.२५ अर्ब ७ करोड १८ लाख खर्च भएको छ। यो विनियोजनको ४४.५४ प्रतिशत हो। रक्षामा रू.२२ अर्ब ३ करोड ७८ लाख खर्च भएको छ। यो विनियोजनको ४४.७७ प्रतिशत हो। समीक्षा अवधिमा भएको खर्चको स्थिति अनुसूची-२ मा उल्लेख गरिएको छ।

### २.१.५ कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा भएको खर्च

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि संघ, प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०७६/७७ मा रू.११ अर्ब ८६ करोड ९२ लाख खर्च भएकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा रू.६ अर्ब २६ करोड ६ लाख खर्च भएको छ। यसको विवरण तालिका नं.२.४ मा देखाइएको छ।

**तालिका २.४: कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा भएको खर्चको विवरण**

(रू.लाखमा)

| क्र.सं. | विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ पौष मसान्तसम्म |
|---|---|---|---|
| १ | संघ - बजेटरी खर्च | ४८०४२ | १३५५० |
| २ | संघ - कोरोना कोष खर्च | १०३६९ | १४०३७ |
| | संघको कुल खर्च | ५८४११ | २७५८७ |
| ३ | प्रदेश | १४९७० | १४२३३ |
| ४ | स्थानीय तह | ६०२८१ | २०७८६ |
| ५ | दोहोरो खर्च हटाइएको | -१४९७० | ० |
| | कुल खर्च | ११८६९२ | ६२६०६ |

## २.२ राजस्व परिचालन

### २.२.१ राजस्वको लक्ष्य र संकलन अवस्था

चालु आर्थिक वर्ष २०७७/७८ मा रू.१० खर्ब ११ अर्ब ७५ करोड ८४ लाख राजस्व संकलन हुने अनुमान गरिएको थियो। यसरी संकलन हुने राजस्व मध्ये संघीय सरकारको बजेटका लागि रू. ८ खर्ब ८९ अर्ब ६१ करोड ८४ लाख खर्च व्यहोर्ने अनुमान गरिएको थियो भने रू.१ खर्ब २२ अर्ब १४ करोड राजस्व बाँडफाँट मार्फत् प्रदेश र स्थानीय तहलाई हन्तान्तरण गर्न प्रस्ताव गरिएको थियो। चालु आर्थिक वर्षको संघीय सरकारको कुल बजेटमा राजस्वको स्रोतबाट ७१ प्रतिशत योगदान रहने अनुमान गरिएको छ। यस अवधिसम्म राजस्व र अन्य प्राप्ति समेत गरी रू.४ खर्ब ५० अर्ब ६ करोड आन्तरिक स्रोत परिचालन भएको छ यो रकम गत वर्षको संकलनको तुलनामा करिब २.१० प्रतिशतले न्यून हो। चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म वार्षिक लक्ष्यको करिब ४४ प्रतिशत राजस्व संकलन भएको छ। यसको विवरण तालिका नं.२.५ मा देखाइएको छ।

**तालिका नं. २.५ वार्षिक बजेट तथा राजस्वको संरचना**

| विवरण | रकम (रू. करोडमा) |
|---|---|
| कूल वार्षिक बजेट अनुमान | १४७४६४ |
| कूल वार्षिक राजस्व अनुमान | १०११७५ |
| कर राजस्व अनुमान | ९१२९४ |
| गैर कर राजस्व अनुमान | ९८८१ |
| कूल बजेटमा राजस्वको योगदान (प्रतिशत) | ६८.६१ |
| प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व | १२२१४ |
| संघीय सञ्चित कोषमा जम्मा हुने राजस्व | ८८९६१ |

आर्थिक वर्ष २०७७/७८ को निर्धारित कुल राजस्व संकलनको लक्ष्यमध्ये कर राजस्वको अंश ९० प्रतिशत र गैर कर राजस्वको अंश १० प्रतिशत रहेको छ। यसलाई चित्र नं. २.२ मा देखाइएको छ।

**चित्र नं. २.२ : आ.व. २०७७/७८ को राजस्व लक्ष्य संरचना**



कर राजस्वतर्फको लक्ष्यको संरचना विश्लेषण गर्दा मूल्य अभिवृद्धि करको अंश सबैभन्दा बढी अर्थात् ३३% रहेको छ। दोश्रो तथा तेश्रो स्थानमा क्रमशः आयकर (२६%) र भन्सार महसुल (२१%) रहेका छन्। यसैगरी, अन्तःशुल्कको अंश १७% र अन्य करको अंश ३% रहेको छ।

**चित्र नं. २.३ : आ.व. २०७७/७८ को कर राजस्वको लक्ष्य संरचना**




चालु आ.व. २०७७/७८ को प्रथम ६ महिनाको निकायगत राजस्व संकलनको अवस्था विश्लेषण गर्दा भन्सारतर्फ संकलन हुने राजस्वको वृद्धिदर गत आ.व.को तुलनामा सकारात्मक देखिए पनि आन्तरिक राजस्वतर्फको राजस्व संकलन एवम् अन्य कर तथा गैर कर संकलनको वृद्धिदर ऋणात्मक रहेको छ। यस सम्बन्धी विवरण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २.६ निकायगत राजस्व संकलन तालिका** (रू. लाखमा)

| सि.नं. | कर शीर्षक | आ.व २०७६/७७ को संकलन | आ.व २०७७/७८ को संकलन | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | भन्सार विभाग | १७६८५७० | १८५२४८८ | ४.७४ |
| २ | आन्तरिक राजस्व विभाग | २०४४३५४ | १९२०११७ | -६.०८ |
| ३ | अन्य कर | १०६८२६ | ९२७३७ | -१३.१९ |
| ४ | गैर कर | ४१२६८४ | ३५७०१७ | -१३.४९ |
| ५ | अन्य प्राप्ति | २६४८९२ | २७८२८३ | ५.०६ |
| | जम्मा राजस्व | ४५९७३२६ | ४५००६४२ | -२.१० |

चालु आ.व. २०७७/७८ को प्रथम ६ महिनाको शीर्षकगत राजस्व संकलनको शीर्षकगत विश्लेषण तालिका नं. २.७ मा गरिएको छ।

तालिका नं. तालिका २.७: शीर्षकगत राजस्व संकलन तालिका (रू.लाखमा)

| क्र.सं. | कर शीर्षक | २०७७/७८ को वार्षिक लक्ष्य | २०७६/७७ को पौषसम्मको संकलन | २०७७/७८ को पौषसम्मको संकलन | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | भन्सार महसुल | १९३५५४७ | ७७९२५३ | ९०७८४८ | १६.५ |
| २ | मूल्य अभिवृद्धि कर | ३०२१६८७ | १२६७५४० | १२५२३६१ | -१.२० |
| ३ | अन्तःशुल्क | १५५५०४१ | ६३६४५१ | ६१९२७८ | -२.७० |
| ४ | शिक्षा सेवा शुल्क | १३४९७ | ३७०१ | १६४१ | -५५.६५ |
| ५ | आयकर | २३८०३८७ | ११२५९७८ | ९९१४७७ | -११.९५ |
| ६ | अन्य कर | २२३३४३ | १०६८२६ | ९२७३७ | -१३.१९ |
|  | कुल कर राजस्व | ९१२९४९० | ३९१९७५० | ३८६५३४२ | -१.३९ |
| ७ | गैर कर | ९८८०९४ | ४१२६८४ | ३५७०१७ | -१३.४९ |
|  | अन्य प्राप्ति |  | २६४८९२ | २७८२८३ | ५.०६ |
|  | कुल राजस्व | १०११७५८४ | ४५९७३२६ | ४५००६४२ | -२.१० |

## २.२.२ कर राजस्वको शीर्षकगत विश्लेषण

चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनामा कर राजस्व संकलनतर्फ रू.३ खर्ब ८६ अर्ब ५३ करोड ४२ लाख संकलन भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको संकलनको तुलनामा १.३९ प्रतिशतले कमी हुन गएको छ। प्रथम ६ महिनामा भन्सारतर्फको राजस्व वृद्धिदर सकारात्मक हुँदाहुँदै पनि कोभिड-१९ को विश्वव्यापी महामारीको कारण उत्पादन, विक्री-वितरण र उपभोगमा आएको संकुचनले समग्र राजस्व संकलनको लक्ष्य प्राप्तिमा केही कमी हुन गएको छ। असामान्य परिस्थितीका बाबजुद गत आर्थिक वर्षको पहिलो ६ महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको राजस्व संकलनको स्थितीलाई विश्लेषण गर्दा सन्तोषजनक देखिन्छ। यस अविधको शीर्षकगत राजस्व संकलनको निम्नानुसार विश्लेषण गरिएको छ।

**आयकर**

चालु आर्थिक वर्ष २०७७/७८ को प्रथम ६ महिनामा आयकरतर्फ रु ९९ अर्ब १४ करोड ७७ लाख संकलन भएको छ। यो रकम गतवर्ष सोही अवधिमा संकलन भएको राजस्वको तुलनामा ११.९५ प्रतिशतले कमी हो। आयकरतर्फ विश्लेषण गर्दा व्यक्तिगत आयकर र लगानी आयकरतर्फ क्रमशः ११.५१ र २८.२३ प्रतिशतको वृद्धिदर हासिल भएको छ भने संस्थागततर्फको आयकरमा २३.५८ प्रतिशतले कमी आएको छ। यस अन्तर्गत सरकारी संस्थान तथा कम्पनीको आयकरतर्फ ६९.३१ प्रतिशत, पब्लिक लिमिटेड कम्पनीतर्फ १९.४१ प्रतिशत र प्राइभेट लिमिटेड कम्पनीतर्फ १३.०३ प्रतिशतले ऋणात्मक रहेको छ। संस्थागत आयकरतर्फ सरकारी संस्थान, बैंक तथा वित्तिय संस्था, बीमा तथा दूरसञ्चार क्षेत्र जस्ता राजस्वमा उच्च योगदान रहेका क्षेत्रबाट संकलन हुने आयकरमा कमी आएको कारणले यस

क्षेत्रको समग्र वृद्धिदरमा ह्रास आएको देखिन्छ। कोभिड-१९ को कारण उद्योग/व्यापारमा कमी आउँदा बैंकिङ्ग क्षेत्रको कर्जा प्रवाह नै कम भएको देखिन्छ भने व्याजदरमा कमी आउँदा व्याजकर प्रभावित भएको देखिन्छ। दूरसञ्चार क्षेत्रको कारोवारमा अन्तर्राष्ट्रिय स्तरमा नै न्यून वृद्धिदरको प्रभाव कर संकलनमा परेको छ। चालु आर्थिक वर्षको प्रथम ६ महिनामा व्यक्तिगत आयकरतर्फ व्यक्तिगत व्यवसायको करमा ४.९३ प्रतिशतले, पुँजीगत लाभकरमा ७७.८५ प्रतिशतले र ब्याजकरमा ७.१५ प्रतिशतको वृद्धिदर कायम भएको छ। आयकरतर्फको विस्तृत विश्लेषण देहाय बमोजिम तालिका नं. २.८, २.९, २.१० र २.११ मा प्रस्तुत गरिएको छ।

**तालिका नं २.८: आयकर संकलन विवरण** (रू.करोडमा)

| शीर्षक | २०७६/०७७ पौष सम्मको संकलन | २०७७/०७८ पौष सम्मको संकलन | वृद्धि दर |
|---|---|---|---|
| संस्थागत आयकर | ५३८४.३२ | ४११४.८० | -२३.५८ |
| व्यक्तिगत आयकर | ३४५२.०८ | ३८४९.५३ | ११.५१ |
| लगानीको आयकर | २१०२.८१ | २६९६.४०२ | २८.२३ |
| जम्मा | १०९३९.२१ | १०६६०.७३२ | -२.५४ |

**तालिका नं २.९: संस्थागत आयकर संकलन विवरण** (रू.करोडमा)

| संस्थागत आयकर | २०७६/०७७ पौषसम्मको संकलन | २०७७/०७८ पौष सम्मको संकलन | वृद्धि दर |
|---|---|---|---|
| सरकारी कम्पनी | ६७२.५९ | २०६.४१ | -६९.३१ |
| पब्लिक लिमिटेड कम्पनी | २३८९.३७ | १९२५.६४ | -१९.४१ |
| प्राइभेट लिमिटेड कम्पनी | १८५०.७१ | १६०९.५७ | -१३.०३ |
| अन्य कम्पनी | ४७१.६६ | ३७३.१८ | -२०.८८ |

**तालिका नं २.१०: व्यक्तिगत आयकर संकलन विवरण** (रू.करोडमा)

| व्यक्तिगत आयकर | २०७६/०७७ पौष सम्मको संकलन | २०७७/०७८ पौष सम्मको संकलन | वृद्धि दर |
|---|---|---|---|
| प्रोप्राइटरसिप | १२८२.१७ | १३४५.३७ | ४.९३ |
| पारिश्रमिक कर | १३२४.२ | १२६५.३६ | -४.४४ |
| सामाजिक सुरक्षा कर | ३३२.७३ | ३२६.५० | -१.८७ |
| पुँजीगत लाभ कर | ५१२.९७ | ९१२.२९ | ७७.८५ |

**तालिका नं २.११: लगानीको आयकर संकलन विवरण (रू.करोडमा)**

| लगानीको आयकर | २०७६/०७७ पौषसम्मको संकलन | २०७७/०७८ पौष सम्मको संकलन | वृद्धि दर |
|---|---|---|---|
| बहाल | १६१.४३ | १४०.५९९ | -१२.९०४ |
| व्याज | ११०७.६१ | ११८६.३०२ | ७.१०५ |
| पुँजीगत लाभ | ४६५.४ | ९३८.०५३ | १०१.५५९ |
| लाभांश | २७८.८९ | ३२९.२२८ | १८.०४९ |
| लगानीको अन्य आय | ६.५९ | ९.५०० | ४४.१५९ |
| आकस्मिक लाभ | १५.५४ | ९.४५६ | -३९.१५३ |
| अन्य आयकर | ६७.३५ | ८३.२६५ | २३.६३० |

**मूल्य अभिवृद्धि कर**

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा मूल्य अभिवृद्धि करतर्फ रु १ खर्ब २५ अर्ब २३ करोड संकलन भएकोमा आन्तरिकतर्फ रु ५४ अर्ब ८५ करोड र पैठारी तर्फ रु ७० अर्ब ३७ करोड संकलन भएको छ। आन्तरिक मूल्य अभिवृद्धि करतर्फ करिब ३.५२ प्रतिशतको वृद्धिदर हासिल भएको छ भने पैठारीतर्फ करिब ४.५९ प्रतिशतले कमि आएको छ। आन्तरिकतर्फ उत्पादन शीर्षकमा ११.४६ प्रतिशत, बिक्री तथा वितरणमा ९.४५ प्रतिशत र दूरसञ्चार, बीमा र अन्य सेवामा २६.५० प्रतिशतको वृद्धिदर हासिल भएको छ। त्यस्तै, ठेक्का र परामर्श तथा पर्यटन क्षेत्रबाट संकलन हुने मूल्य अभिवृद्धि करको वृद्धिदर क्रमशः ९.३८ र ७५.८५ ले न्यून रहेको छ। समिक्षा अवधिको शुरुवाती दिनबाटै कोभिड-१९ को विश्वव्यापी महामारीको कारण बिश्वव्यापी रुपमा सिर्जना हुन गएको बन्दाबन्दी र निषेधाज्ञाको अवस्थाले आपूर्ति श्रृंखला टुट्न गएकोले देशको पर्यटन, उद्योग, बैक, बिमा, व्यापार, पेशा, रोजगारी क्षेत्रमा मात्र नभई उपभोक्ताको समग्र उपभोग प्रवृत्तिमा नै प्रत्यक्ष तथा परोक्ष रुपमा नकारात्मक असर पर्न गएको कारण समष्टिगत माग र उपभोगमा नै संकुचन/ह्रास आउन गएको छ। यसबाट उपभोगमा आधारित मूल्य अभिवृद्धि करको क्षेत्र सबैभन्दा बढी प्रभावित भई उक्त शीर्षकको राजस्व संकलनमा ठूलो गरावट आएको देखिन्छ।

**तालिका नं २.१२: आन्तरिक मूल्य अभिवृद्धि कर विश्लेषण** (रू. करोडमा)

| शीर्षक | २०७६/०७७ पौष सम्मको संकलन | २०७७/०७८ पौष सम्मको संकलन | वृद्धि दर |
|---|---|---|---|
| उत्पादन | १५०९.६९ | १६८२.६९ | ११.४६ |
| बिक्री वितरण | १२७६.२८ | १३९६.८७ | ९.४५ |
| ठेक्का र परामर्श | १६२३.७९ | १४७१.४९ | -९.३८ |
| पर्यटन | १४०.१८ | ३३.८५ | -७५.८५ |
| दूरसञ्चार, बीमा र अन्य सेवा | ४९९.७६ | ६३२.१८ | २६.५० |
| रिभर्स चार्ज | २३१.१८ | २६३.२२ | १३.८६ |
| **जम्मा** | **५२८०.८८** | **५४८०.३** | **३.५३** |

**अन्तःशुल्क**

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा आन्तरिक उत्पादनतर्फ रु ३७ अर्ब ८४ करोड र पैठारीतर्फ रु २४ अर्ब ०८ करोड गरी अन्तःशुल्कतर्फ कुल रु ६१ अर्ब ९२ करोड असुल भएको छ। गत वर्षको तुलनामा आन्तरिकतर्फको अन्तःशुल्कमा करिब १.६५ प्रतिशतको गिरावट आउँदा पैठारीतर्फ पनि करिब ४.२९ प्रतिशतले कमी आएको छ। चुरोट, अन्य सुर्तीजन्य पदार्थ र वियर शीर्षकतर्फको आन्तरिक अन्तःशुल्क संकलनमा ऋणात्मक वृद्धिदर रहेको छ। मदिरा र अन्य उत्पादनतर्फको वृद्धिदर भने सो अविधमा सकारात्मक रहेको छ। २०७६ चैत्रदेखि मदिराको आयातमा प्रतिबन्ध लगाइएकोमा २०७७ असोजको अन्तिम साताबाट मात्र आयात फुकुवा भएकोले मदिराको आयातमा कमी आएको कारण पैठारीतर्फको अन्तःशुल्क प्रभावित भएको देखिन्छ। त्यसैगरी आन्तरिकतर्फ समेत शुरुको दुई महिना बन्दाबन्दी र निषेधाज्ञाका कारण चुरोट, वियर तथा मदिरा उत्पादन तथा खपतमा कमी आएकोले आन्तरिक अन्तःशुल्क संकलन समेतमा कमी आएको अवस्था छ।

**तालिका नं. २.१३ः अन्तःशुल्क (आन्तरिक उत्पादनतर्फ) को विश्लेषण (रू.करोडमा)**

| शीर्षक | २०७६/०७७ पौष सम्मको संकलन | २०७७/०७८ पौष सम्मको संकलन | वृद्धि दर |
|---|---|---|---|
| चुरोट र सुर्ती | १०५३.९२ | ९२२.५६ | -१२.४६ |
| मदिरा | १०७९.९८ | ११७४.८० | ८.७७ |
| वियर | १०४०.३४ | ९१६.७९ | -११.८८ |
| अन्य उत्पादन | ६४३.६९ | ७६९.८९ | १९.६१ |

**भन्सार महसुल**

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा भन्सार महसुल रु ९० अर्ब ७८ करोड असुल भएको छ। यो रकम गत वर्षको यसै अवधिको संकलन रू. ७७ अर्ब ९२ करोडको तुलनामा करिब १६.५० प्रतिशतले बढी हो। कूल आयातको आकारमा गत वर्षको तुलनामा करिब ४ प्रतिशतले कमी आएको भएतापनि समग्र भन्सार राजस्व संकलनतर्फ भने गत वर्षको तुलनामा उक्त वृद्धि हासिल भएको छ। समीक्षा अवधिसम्म राजस्व संकलनमा ठूलो प्रभाव पार्ने एम. एस. विलेटको पैठारीबाट संकलन हुने राजस्वमा ३३.९९ प्रतिशत, डिजेलको पैठारीबाट ७६.४८ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, सुनको पैठारीमा करिब ६० प्रतिशत, मोवाइल टेलिफोनमा ७४.८७ प्रतिशत, चामलमा करिब ७४ प्रतिशत र कोइलामा करिब ३२ प्रतिशतले राजस्व संकलनमा वृद्धि भएको छ।

## २.२.३ गैरकर राजस्व

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा गैरकर राजस्वतर्फ रु ३५ अर्ब ७० करोड संकलन भएको छ, जुन गत वर्षको तुलनामा १३.४९ प्रतिशतले कम हो। विश्वव्यापी कोभिड-१९ को महामारीले आर्थिक गतिविधिमा शिथिलता आएको र मानिसको आवागमन प्रायः ठप्प भएको

कारण पर्वतारोहण रोयल्टी, पदयात्रा रोयल्टी, शिक्षा क्षेत्रको आम्दानी, क्यासिनो रोयल्टी, राहदानी शुल्क, भिसा शुल्क, दूरसञ्चार सेवा शुल्क, टेलिफोन स्वामित्व शुल्क, चलचित्र विकास शुल्कमा कमी आएकोले ती शीर्षकहरूबाट हुने समग्र गैर कर राजस्व संकलनमा कमी आएको देखिन्छ। साथै, कोभिड-१९ को संक्रमणको जोखिमका कारण वित्तीय निकायबाट प्राप्त लाभांश, अन्य प्रशासनिक सेवा शुल्क, प्रदुषण नियन्त्रण शुल्कमा समेत उल्लेख्य कमी आएको देखिन्छ। तालिका नं. २.१४ मा अघिल्लो आर्थिक वर्षको यसै अवधिमा भएको संकलनको तुलनामा यस अवधिमा भएको संकलनमा कमी आएका गैर कर राजस्वका केही शीर्षकहरूको तुलनात्मक विवरण प्रस्तुत गरिएको छ।

**तालिका नं. २.१४: गैर कर राजस्व संकलनको तुलनात्मक अवस्था (रु लाखमा)**

| क्र.सं. | गैरकर राजस्व शीर्षक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | फरक रकम रु | गत वर्षको तुलनामा घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | दूरसंचार सेवा शुल्क | ४९०२२ | ४४४२८ | -४५९५ | -९% |
| २ | वित्तीय निकायबाट प्राप्त लाभांश | ८७९५९ | ३७७४० | -५०२१९ | -५७% |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क | ४१३७४ | ३७३७३ | -४००२ | -१०% |
| ४ | प्रदुषण नियन्त्रण शुल्क | १७२१७ | १४५०५ | -२७१२ | -१६% |
| ५ | राहदानी शुल्क | २२८९९ | ९७४३ | -१३१५५ | -५७% |
| ६ | भिसाशुल्क | २११८६ | ५७१२ | -१५४७४ | -७३% |
| ७ | शिक्षा क्षेत्रको आम्दानी | ४१७५ | १३४१ | -२८३४ | -६८% |
| ८ | वन रोयल्टी संकलन | ३५०४ | ८४४ | -२६६० | -७६% |
| ९ | पर्वतारोहण रोयल्टी संकलन | १३७३ | ५४ | -१३१८ | -९६% |
| १० | क्यासिनोबाट प्राप्त रोयल्टी | ५७२६ | १ | -५७२५ | -१००% |
| ११ | पदयात्रा रोयल्टी संकलन | २७२२ | ० | -२७२२ | -१००% |

चालु आर्थिक वर्षको प्रथम ६ महिनामा आन्तरिक राजस्व, पैठारीमा आधारित राजस्व र गैरकर राजस्वतर्फको समग्र वृद्धिदर नै ऋणात्मक रहेको देखिन्छ। शीर्षकगत रुपमा हेर्दा संस्थागत आयकर, पर्यटन क्षेत्रबाट संकलन हुने मूल्य अभिवृद्धि कर, पैठारीमा आधारित मूल्य अभिवृद्धि कर, चुरोट तथा सूर्ती र वियरमा संकलन हुने आन्तरिक अन्तःशुल्क र पैठारीमा आधारित अन्तःशुल्क राजस्वको वृद्धिदर ऋणात्मक रहन गएको छ। भन्सार महसुल, आन्तरिक मू.अ.कर, आन्तरिक अन्तःशुल्क, व्यक्तिगत आयकर, ब्याज कर, पुँजीगत लाभ कर जस्ता शीर्षकमा भएको राजस्व संकलनको वृद्धिदर सकारात्मक नै रहेको छ।

कोभिड-१९ को संक्रमण जोखिम कायमै रहेकाले चालु आर्थिक वर्षको प्रथम ६ महिनासम्म अर्थतन्त्रले अपेक्षित गति लिन नसकेको र पर्यटन लगायतका सेवा क्षेत्र नराम्ररी प्रभावित भएको कारणले आन्तरिक कर तथा गैर कर राजस्व संकलनमा कमी आएको छ। आयात व्यापारमा कमी आएकाले भन्सारतर्फको राजस्वको वृद्धि पनि लक्ष्यबमोजिम हुन सकेको छैन।

## २.२.४ करको दायरा विस्तार

२०७७ पौष मसान्तसम्म व्यवसायिक स्थायी लेखा नम्वर लिने करदाताको संख्या १५ लाख ३ हजार ७६, व्यक्तिगत स्थायी लेखा नम्वर लिने करदाताको संख्या २२ लाख ३७ हजार २ सय ७४ र करकट्टि गर्ने निकायको लागि स्थायी लेखा नम्वर लिने करदाताको संख्या ७ हजार १ सय ७४ रहेको छ। साथै, मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूको संख्या २ लाख ७९ हजार ९ सय ३३ र अन्तःशुल्क ईजाजत-पत्र लिने करदाताको संख्या १ लाख ७ हजार ६ सय ५४ छ।

**तालिका नं. २.१५: व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्वर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असार मसान्तसम्म स्थायी लेखा नम्वर लिएका करदाताको संख्या | २०७७/७८ को श्रावणदेखि पौष मसान्तसम्म थप भएका स्थायी लेखा नम्वर लिने करदाताको संख्या | २०७७ पौषसम्म स्थायी लेखा नम्वर लिने जम्मा करदाताको संख्या |
|---|---|---|---|
| व्यवसायिक स्थायी लेखा नम्बर | १३७२८५७ | १३०२१९ | १५०३०७६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | १९७५९३१ | २६१३४३ | २२३७२७४ |
| करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्वर | ५१०६ | २०६८ | ७१७४ |
| **जम्मा स्थायी लेखा नम्वर** | **३३५३८९४** | **३९३६३०** | **३७४७५२४** |
| मूल्य अभिवृद्धि कर | २५८६७५ | २१२५८ | २७९९३३ |
| अन्तःशुल्क | ९८०३६ | ९६१८ | १०७६५४ |

## २.२.५ कर छुट तथा सहुलियत

आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (२) मा भएको व्यवस्थाको अधिनमा रही चालु आर्थिक वर्षको प्रथम ६ महिनामा नेपाल सरकारका विभिन्न निकाय, प्रदेश सरकार, स्थानीय तह, विभिन्न स्वास्थ्य संस्था तथा गैर मुनाफामूलक सामाजिक संस्थाहरूलाई स्वास्थ्य सामग्री तथा उपकरण, सुरक्षा सम्वन्धी सामग्री, सञ्चार तथा सूचना प्रविधि सम्बन्धी उपकरण, सवारी साधन, सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी उपकरण, शिक्षासँग सम्बन्धित सामग्री जस्ता वस्तुहरूमा राजस्व छुट दिइएको छ। छुट दिइएको वस्तुको मूल्यगत विवरण तालिका २.१६ मा देखाइएको छ :

**तालिका नं. २.१६: कर छुटको मूल्यगत विवरण**

| क्र.सं. | मुद्राको किसिम | मूल्य |
|---|---|---|
| १ | अमेरिकी डलर | ६२,३३,१७३.६० |
| २ | यूरो | २,३८,६०७.३० |
| ३ | जापानी येन | ६,५१,६८००.०० |
| ३ | भारतीय रुपैंयाँ | २३,५०,२२,५४२.०० |
| ५ | ग्रेट ब्रिटेन पाउण्ड | १४,६७,०००.०० |
| ६ | चिनीया युआन | ५९,३५,६५०.०० |
| ७ | अष्ट्रेलियन डलर | ७,७००.०० |

*नोटः छुट सम्बन्धी विस्तृत विवरण अनुसूची - १५ मा समावेश गरिएको छ।

## २.२.६ समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्यहरू

चालु आर्थिक वर्षको प्रथम ६ महिनमा सम्पादन भएका राजस्व प्रशासनसँग सम्बन्धित प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन्ः

१. अन्तःशुल्क इजाजत नवीकरण गर्ने म्याद २०७७ श्रावणसम्म रहेकोमा सोको म्याद २०७७ साल असोज मसान्तसम्म थप गरिएको। आयात निर्यात संकेत (Exim Code) नवीकरण गर्ने म्याद २०७७ श्रावण मसान्तसम्म रहेकोमा सो म्याद २०७७ असोज मसान्तसम्म थप गरिएको।

२. नेपाल सरकारलाई राजस्व नीति, कानून, प्रणाली तथा प्रशासनमा गर्नुपर्ने सुधारका लागि सुझाव दिन स्थायी संयन्त्रको रुपमा नेपाल राजस्व परामर्श विकास समिति गठन गरी सो समितिमा अध्यक्ष र सदस्यको नियुक्ति गरी समितिले आफ्नो काम सुरु गरेको।

३. राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।

४. आर्थिक ऐन, २०७७ को दफा १८(१) बमोजिम देहायका वस्तुमा कायम रहेको शुल्क वा करको विद्यमान दरमा देहाय बमोजिम छुट गरिएकोः

   १) गहुँको पैठारीमा लाग्ने ९ प्रतिशत कृषि सुधार शुल्कलाई घटाई ५ प्रतिशत कायम गरिएको।

   २) विद्युत विकास विभागको सिफारीसमा जलविद्युत उत्पादन कम्पनीले पैठारी गर्ने स्टील सिटमा लाग्ने मूल्य अभिवृद्धि कर पुरै छुट दिइएको।

   ३) औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले औषधि उत्पादनका लागि पैठारी गर्ने माड (स्वेतसार), जडिबुटीको सार, ल्याक्टोज, डेक्स्ट्रोज, प्याराफिन, कोटिङ्ग मेटिरियल्स, टुइन एसएलएस, एसिटेड र प्राथमिक रुपका सिलिकनमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिइएको।

   ४) विद्युतीय सवारी साधनमा पिकपावर क्षमताको आधारमा लाग्ने अन्तःशुल्कमा २५ देखि ८० प्रतिशतसम्म छुट दिइएको।

५) विदेशी प्रकाशकले प्रकाशन गरेको पुस्तक तथा पत्रिकाको पैठारीमा लाग्ने भन्सार महसुल पूर्ण रुपमा छुट दिइएको।

५. संगठन तथा व्यवस्थापन सर्वेक्षण भई स्वीकृत नयाँ संरचना अनुसार आन्तरिक राजस्व विभाग अन्तर्गत आ.व २०७६/७७ मा थप भएका ५ वटा आन्तरिक राजस्व कार्यालय र २० वटा करदाता सेवा कार्यालयहरूमा भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको।

६. कोरोना संक्रमणबाट बढी प्रभावित भएका हवाई सेवा, यातायात सेवा, होटेल, ट्राभल तथा ट्रेकिङ व्यवसायी तथा साना मझौला करदाताहरूको लागि आर्थिक ऐन, २०७७ मार्फत् आर्थिक वर्ष २०७६/७७ को लागि प्रदान गरिएको छुट सुविधा ITS प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको।

७. वार्षिक रू.२० लाखसम्म कारोबार गर्ने साना करदाताले आय विवरण र सो विवरण बमोजिमको बुझाउनुपर्ने कर मोबाइल एप्स लगायत अन्य विद्युतीय माध्यमबाट बुझाउन सकिने व्यवस्था गरिएको। बैंकमार्फत् कर भुक्तानी गर्दा आय विवरण समेत बुझाउन सक्ने व्यवस्था मिलाइएको।

८. नेपाल सरकारलाई बुझाउनुपर्ने कर बक्यौता नरहेका करदाताले पेश गरेको आय विवरण अनुसारको कर चुक्ता प्रमाणपत्र स्वःचालित प्रणालीबाट करदाता स्वयंले लिन पाउने व्यवस्था कार्यान्वयन गरिएको।

९. औषधि उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ स्वदेशी उद्योगबाट खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने सम्बन्धी कार्यविधि तर्जुमा गरी कर फिर्ता गर्ने व्यवस्था मिलाइएको।

१०. करदाता दर्ता प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउन बायोमेट्रिक दर्ता प्रणाली अवलम्बन गरिएको। २०७७ पौष मसान्तसम्ममा ६१ हजार २ सय ४७ करदातालाई यस प्रणालीमा आबद्ध गरिएको।

११. लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिला भएको ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा बापतको भुक्तानीको मूल्य अभिवृद्धि कर फिर्ताको व्यवस्था कार्यान्वयन ल्याइएको छ।

१२. साविकको SITC Code लाई परिमार्जन गरी सबै किसिमका व्यवसायलाई समेट्न परिमार्जित व्यवसायिक संकेत (Nepal Standard Industrial Classification -NSIC) तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

१३. करदाता दर्ता प्रणालीमा One Time Password प्रणाली विकास गरी उक्त प्रणाली कार्यान्वयनमा ल्याइएको। साथै, SMS तथा Email बाट PAN दर्ताको जानकारी दिने प्रणालीको विकास गरी कार्यान्वयन गरिएको छ।

१४. व्यक्तिगत स्थायी लेखा नम्बर अनलाइन प्रणालीबाट प्राप्त गर्न मिल्ने गरी प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

१५. विद्युतीय माध्यमबाट पेश हुने अग्रिम करकट्टीको विवरण (e-TDS) करकट्टीकर्ता स्वयंले Verify गर्न सक्ने गरी एकिकृत कर प्रणालीमा सुधार गरिएको।

१६. मोबाइल वालेटबाट कर दाखिला गर्नसक्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।

१७. करदाता स्वंयले नै आय विवरण पेश गर्ने म्याद थप गर्न सक्ने गरी प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको।

१८. अनलाइनमार्फत् करदाताले आफ्नो अभिलेख अद्यावधिक गर्न मिल्ने गरी प्रणालीमा सुधार गरिएको।

१९. आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन, २०७७) जारी गरिएको तथा स्थायी संस्थापन (PEs) सम्बन्धी निर्देशिका स्वीकृत गरी जारी गरिएको।

२०. अग्रिम करकट्टी तथा अग्रिम कर संकलन सम्बन्धी व्यवस्थाको पुस्तिका र कर छुट तथा सुविधा सम्बन्धी व्यवस्था भएको पुस्तिका प्रकाशन गरिएको।

२१. आन्तरिक राजस्व विभाग र मातहत कार्यालयका सबै बेरुजूको अभिलेख कम्प्युटर प्रणालीमा प्रविष्ट गरी ITS प्रणालीमा अद्यावधिक गरिएको।

२२. आन्तरिक राजस्व विभागको ITS को PAN Information लाई महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको CGAS + प्रणालीसँग अन्तरआबद्धता कायम गरिएको।

२३. विद्युतीय प्रणाली मार्फत् Exim Code जारी हुने व्यवस्था मिलाई सकिएको र सो अनुसार e-Payment मार्फत् Exim Code प्रमाणपत्र र नवीकरण दस्तुर लिन सकिने गरी प्रणालीलाई अन्तर-आवद्ध गर्ने कार्य सम्पन्न भएको।

२४. Nepal National Single Window (NNSW) कार्यान्वयन गर्ने सिलसिलामा पहिलो चरण अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग र प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन केन्द्रसँग समझदारी पत्रमा हस्ताक्षर भई Piloting का रुपमा कार्यान्वयनमा ल्याइएको।

२५. निष्क्रिय प्रज्ञापनपत्र (Pending SAD) फरफारक गर्ने कार्यलाई प्रभावकारी बनाउन निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्वन्धी निर्देशिका, २०७७ जारी गरी कार्यान्वयनमा ल्याइएको।

२६. भन्सार एजेन्टको संख्या थप गर्ने सम्बन्धमा भन्सार एजेन्ट छनौट (परीक्षा संचालन) कार्यविधि, २०७७ तयार गरी लिखित परीक्षाको पाठ्यक्रम तयार गरिएको।

२७. वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालय नजिकको ६२ बिगाहा जग्गा प्राप्ती गर्ने सिलसिलामा मुआव्जा वितरणको कार्य शुरु भएको। रसुवा भन्सार कार्यालयमा एकिकृत भन्सार जाँच चौकी भवनको निर्माण कार्य चालु रहेको।

२८. भन्सार विभागमा Digital Documentation Center स्थापना गरि भन्सारसँग सम्बन्धित अभिलेखहरू Digital रुपमा विभागमा रहने व्यवस्था गरिएको।

## २.२.७ चालु वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरुः

राजस्व व्यवस्थापनलाई थप प्रभावकारी बनाउन चालु आर्थिक वर्षको बाँकी अवधिमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू देहाय बमोजिम छन्ः-

- वैकल्पिक र विशेष कार्ययोजना बनाई वार्षिक लक्ष्य हासिल हुनेगरी कार्यसम्पादन गर्ने। चालु आर्थिक वर्षमा लिइएका राजस्व नीति तथा कार्यक्रम एवम् आर्थिक ऐन, २०७७ ले व्यवस्था गरेका स्कीमहरूको प्रभावकारी कार्यान्वयन गर्ने।
- करदाता दर्ता तथा अभिलेख प्रणालीमा सुधार गरी बायोमेट्रिक प्रणालीमा आवद्ध गर्ने।
- कर छली तथा चुहावट नियन्त्रण गर्ने/कराधार फराकिलो बनाउने। बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाई राजस्व छली तथा चुहावटलाई नियन्त्रण गर्ने।
- व्यवसायिक कारोबारमा विद्युतीय विलिङ प्रणालीलाई प्रवर्द्धन गरी सोको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने।
- आन्तरिक राजस्व विभागको Integrated Tax System र Central Billing Monitoring System को क्षमता अभिवृद्धि गरी भन्सार विभागको ASYSUDA World System र राजस्व अनुसन्धान विभागको Vehicle and Consignment Tracking System (VCTS) प्रणालीसँग अन्तर-आबद्धता गरी एकिकृत करदाता सूचना प्रणालीको विकास गर्ने।
- कर परीक्षण, विस्तृत अनुसन्धान, चालु वर्षको कर परीक्षण, मौज्दात परीक्षण, अग्रिम करकट्टीको परीक्षणलाई सूचनामा आधारित र गुणस्तरीय बनाउने।
- प्रशासकीय पुनरावलोकनका लागि प्राप्त निवेदनहरू उपर ऐनद्वारा निर्धारित समयभित्रै निर्णय गर्ने व्यवस्था मिलाउने।
- विगतमा कर परीक्षण तथा अनुसन्धानका लागि छनौट भएका करदाताहरूको कर कानूनले तोकेको म्यादभित्र पुनः कर निर्धारण/संशोधित कर निर्धारण सम्पन्न गर्ने व्यवस्था मिलाउने।
- अन्तःशुल्कजन्य वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने प्रतिष्ठान तथा बजारमा नियमित अनुगमन गरी अन्तःशुल्क चुहावट तथा अवैध मदिरा नियन्त्रण गर्ने। अन्तःशुल्क स्टीकर आपूर्तिको वैकल्पिक व्यवस्था गरी नियमित बनाउने।
- आरम्भ गरिएको Nepal National Single Window (NNSW) लाई पूर्ण रुपमा कार्यान्वयन गर्ने। भन्सार जाँचपास पूर्णरुपमा जोखिम व्यवस्थापनमा आधारित बनाउने।भन्सारमा मालवस्तुको स्पष्ट घोषणा गराई मालवस्तुको मूल्याङ्कनलाई यथार्थपरक बनाउने।
- एजेन्टको संख्या थप गर्न नयाँ भन्सार एजेण्ट नियुक्त गर्ने प्रक्रिया थालनी गर्ने।
- प्रहरी प्रशासनसँगको समन्वयमा सीमा क्षेत्रमा हुने अवैद्य चोरी निकासी पैठारी नियन्त्रण तथा वैध व्यापारलाई प्रोत्सहन गर्ने।
- छोटी भन्सारको संख्या पुनरावलोकन गर्ने र तिनलाई थप व्यवस्थित बनाउने।

- भन्सार घोषणा र जाँचपासमा Single Consignment को अवधारणालाई कार्यान्वयनमा ल्याउने।
- बेरुजू फछ्र्यौंट तथा बक्यौता असुलीको कार्यलाई प्रभावकारी बनाउने। सम्बन्धित अधिकृत र कार्यालय प्रमुखलाई जिम्मेवार बनाउने।

### २.२.८ चालु वर्षको राजस्वको संशोधित अनुमान

आर्थिक वर्ष २०७७/७८ को वर्षको प्रथम ६ महिनासम्म आर्थिक क्रियाकलापमा सुधार हुन नसकेका कारण उक्त अवधिमा लक्ष्यको तुलनामा केही न्यून राजस्व संकलन हुन गएकोले चालु आर्थिक वर्षको वार्षिक राजस्व संकलन १४ प्रतिशतले वृद्धि हुने अनुमानका आधारमा राजस्वको संशोधित अनुमान तयार गरिएको छ। उक्त रकम अनुमानित वार्षिक लक्ष्यको तुलनामा ९४.८५ प्रतिशत हुने अनुमान  गरिएको छ। यस आर्थिक वर्षको संशोधित लक्ष्य निम्न तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका नं. २.१७ः चालु वर्षको राजस्वको संशोधित अनुमान** (रू. करोडमा)

| सि.नं. | कर शीर्षक | वार्षिक अनुमान | प्रथम ६ महिनाको संकलन | पछिल्लो ६ महिनाको संकलन अनुमान | कुल संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | **भन्सार महसुल** | **१९,३५५.४७** | **९,०७८.४८** | **९,२८०.७०** | **१८,३५९.१८** |
| २ | **मूल्य अभिवृद्धि कर** | **३०,२१६.८७** | **१२,५२३.६१** | **१५,४३६.००** | **२७,९५९.६१** |
| | उत्पादन, विक्री र सेवा | ११,२०३.६२ | ५,४८५.९५ | ६,०७०.०० | ११,५५५.९५ |
| | पैठारी | १९,०१३.२५ | ७,०३७.६६ | ९,३६६.०० | १६,४०३.६६ |
| ३ | **अन्तःशुल्क** | **१५,५५०.४१** | **६,१९२.७८** | **६,९९५.२८** | **१३,१८८.०६** |
| | आन्तरिक उत्पादन | ९,८९२.२९ | ३,७८४.०४ | ४,५३८.०० | ८,३२२.०४ |
| | पैठारी | ५,६५८.१२ | २,४०८.७४ | २,४५७.२८ | ४,८६६.०२ |
| ४ | **शिक्षा सेवा शुल्क** | **१३४.९७** | **१६.४१** | **९२.६१** | **१०९.०२** |
| ५ | **आयकर** | **२३,८०३.७५** | **९,९१४.७७** | **१२,६६३.७३** | **२२,५७८.५०** |
| | आयकर | २१,५०३.१३ | ८,७२८.४६ | ११,६६७.८३ | **२०,३९६.३०** |
| | ब्याज कर | २,३००.६२ | १,१८६.३० | ९९५.९० | **२,१८२.२०** |
| ६ | **अन्य कर** | **२,२३३.४३** | **९२७.३७** | **१,१९१.१०** | **२,११८.४७** |
| | कर राजस्व जम्मा | ९१,२९४.९० | ३८,६५३.४२ | ४५,६५९.४२ | **८४,३१२.८४** |
| ७ | **गैर कर राजस्व** | ९,८८०.९४ | **३,५७०.१७** | **५,३०२.१६** | **८,८७२.३४** |
| | **कुल राजस्व जम्मा** | **१०१,१७५.८४** | **४२,२२३.५९** | **५०,९६१.५८** | **९३,१८५.१७** |
| | **अन्य प्राप्ति** | - | २,७८२.८३ | - | २,७८२.८३ |
| | **कुल राजस्व (अन्य प्राप्ति समेत)** | **१०१,१७५.८४** | **४५,००६.४२** | **५०,९६१.५८** | **९५,९६८.००** |

## २.२.९ राजस्वको संशोधित अनुमानका आधारहरू

- कोभिड-१९ प्रभाव न्यून हुँदै गएको र पैठारीको परिमाण पनि वृद्धि हुँदै गएकोले पैठारीबाट प्राप्त हुने राजस्वमा सुधार हुने।
- उद्योग व्यापार र सेवा क्षेत्र क्रमश: सुचारू हुँदा आन्तरिक राजस्व संकलनमा सकारात्मक प्रभाव पर्ने।
- सरकारको खर्च वृद्धि हुँदै जाँदा माग सिर्जना भई उपभोगमा आधारित कर संकलनमा सकारात्मक प्रभाव पर्ने।
- राजस्व संकलनको वैकल्पिक कार्ययोजना सहित राजस्व प्रशासन परिचालन हुने हुँदा राजस्व संकलनमा वृद्धि हुने।
- सरकारले प्रदान गर्ने सेवा क्रमश: सुचारू हुने हुँदा संकुचन हुन गएको गैरकर राजस्वमा सुधार हुने।
- आन्तरिक ऋण बजेटमा अनुमान गरे अनुसार नै परिचालन हुन सक्ने।
- वैदेशिक सहायतामा ठूलो हिस्सा बजेटरी सहायताको रहेकोले प्राप्त हुने सुनिश्चितता रहेको
- ठूला परियोजनामा परिचालन हुने वैदेशिक सहायता चालु आर्थिक वर्षको बाँकी अवधिमा शोधभर्ना प्राप्त हुने।

## २.३ आन्तरिक ऋण

चालु आर्थिक वर्षमा रू.२ खर्ब २५ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा प्रथम ६ महिनामा रू.५७ अर्ब ऋण परिचालन गरिएको छ। जसमा ७ अर्ब ट्रेजरी बिलको रुपमा रू.५० अर्ब विकास ऋण पत्रको रुपमा रहेका छन्। ट्रेजरी बिलतर्फ ३६४ दिनका ऋणपत्र जारी भएका छन् भने विकास ऋणपत्रतर्फ ७ वर्षे, ९ वर्षे र १० वर्षे ऋणपत्रहरू जारी भएका छन्। गत आर्थिक वर्ष समीक्षा अवधिमा रु १९ लाख बराबरको वैदेशिक रोजगार बचतपत्र जारी भएको थियो। यस आर्थिक वर्षको प्रथम ६ महिनामा कोभिड-१९ को कारण सिर्जित महामारीको कारणले लक्षित रुपमा राजस्व उठ्न नसेकको र सञ्चित कोषमा खर्चको चाप व्यवस्थापन गर्न प्रथम चौमासिकमा आन्तरिक ऋण परिचालन गरिएको हो।

तालिका नं.२.१८

**२०७७ पौषसम्म निष्काशित ऋणपत्रको विवरण**

रकम रु. करोडमा

| ऋणपत्र | आ.ब. २०७७/७८ पौषसम्म जारी | आ.ब.२०७६/७७ पौषसम्मको |
|---|---|---|
| ट्रेजरी विल | ७००.०० | - |
| विकास ऋणपत्र | ५,०००.०० | - |
| नागरिक बचतपत्र | - | - |
| वैदेशिक रोजगार बचतपत्र | - | ०.१९ |
| **जम्मा** | **५,७००.००** | **०.१९** |




सो अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा तरलता उच्च रहेको सन्दर्भमा तयार हुँदै गरेको मध्यमकालीन ऋण व्यवस्थापन रणनीति (MTDS) को प्रारम्भिक खाका अनुसार ऋणको लागत (ब्याजदर) कम हुने प्रक्षेपणको आधारमा विकास ऋणपत्र जारी गरिएको छ। जसमध्ये १० वर्षे विकास ऋणपत्रको ब्याजदर ४.१४ प्रतिशत रहेको छ।

आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीतर्फ २०७७ पुष मसान्तसम्म रु ६ अर्ब साँवा र रू.१३ अर्ब ९६ करोड ब्याज भुक्तानी गरिएको छ। ट्रेजरी बिलतर्फ गत आर्थिक वर्षको बाँकी रकमलाई रोलओभर गर्ने नीति लिइएको थियो। सो रकमलाई खुल्ला बजार सञ्चालन समितिको निर्णय अनुसार साप्ताहिक रुपमा खुल्ला प्रतिष्पर्धा मार्फत् नविकरण गरिएको छ। गत आर्थिक वर्ष समीक्षा अवधिमा रु २ अर्ब ४० करोड बराबरको विकास ऋणपत्रको साँवा भुक्तानी गरिएको थियो। सोही अवधिमा रू.१० अर्ब ३१ करोड बराबरको ब्याज तथा डिस्काउन्ट भुक्तानी गरिएको थियो।

तालिका नं.२.१९

**भुक्तानी गरिएको ब्याज/डिस्काउन्ट रकम भुक्तानीको विवरण**

रकम रु. करोडमा

| ऋणपत्र | आ.ब. २०७७/७८ पौषसम्मको | आ.ब.२०७६/७७ पौषसम्मको | गत आ.ब.को तुलनामा वृद्धि % |
|---|---|---|---|
| ट्रेजरी विल | ३२२.३१ | २७५.५३ | १६.९८% |
| विकास ऋणपत्र | १,०४०.५५ | ७१९.६५ | ४४.५९% |
| नागरिक बचतपत्र | ३१.७६ | ३३.८९ | -६.२९% |
| वैदेशिक रोजगार बचतपत्र | १.८९ | २.०८ | -९.१३% |
| **जम्मा** | **१,३९६.५०** | **१,०३१.१५** | |




## २.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

### २.४.१ बजेटमा सहायताको अवस्था

चालु आर्थिक वर्षको बजेटमा वैदेशिक सहायता अन्तर्गत अनुदानबाट रू.६० अर्ब ५२ करोड ७७ लाख (१६.८ प्रतिशत) र ऋणबाट रू.२ खर्ब ९९ अर्ब ४९ करोड ९३ लाख (८३.२ प्रतिशत) गरी जम्मा रू.३ खर्ब ६० अर्ब २ करोड ७० लाख परिचालन हुने लक्ष्य रहेको छ। यो कुल बजेटको २४.४१ प्रतिशत हो। गत वर्षको भन्दा यस वर्षको वैदेशिक सहायता परिचालनको अनुमान २०.४७ प्रतिशतले बढी रहेको छ।

### २.४.२ सहायता प्रतिवद्धता

समीक्षा अवधिसम्म विभिन्न विकास आयोजना कार्यान्वयनको लागि रू.१ खर्ब ८७ अर्ब ४३ करोड ६२ लाख बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको छ। उक्त प्रतिवद्धतामा अनुदान सहायता तर्फ रू.१८ अर्ब १२ करोड ५३ लाख (९.६७ प्रतिशत) र सहुलियतपूर्ण ऋण सहायता तर्फ रू.१ खर्ब ६९ अर्ब ३१ करोड १० लाख (९०.३३ प्रतिशत) रहेको छ। समीक्षा अवधिसम्म प्राप्त अन्तर्राष्ट्रिय आर्थिक सहायता अघिल्लो आर्थिक वर्षको सोही अवधिमा तुलनामा १५६.८ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू.७२ अर्ब ९८ करोड २३ लाखको प्रतिवद्धता प्राप्त भएको थियो। सो प्रतिवद्धतामा अनुदान सहायता तर्फ रू.१५ अर्ब ९ करोड ३१ लाख (२०.७० प्रतिशत) र सहुलियतपूर्ण ऋण सहायता तर्फ रू.५७ अर्ब ८८ करोड ९२ लाख (७९.३० प्रतिशत) रहेको थियो। समीक्षा अवधिमा प्राप्त अन्तर्राष्ट्रिय सहायता प्रतिवद्धता स्थितिलाई अनुसूची-८ मा प्रस्तुत गरिएको छ।

माथि उल्लेखित प्रतिवद्धता बाहेक हालसम्म वार्ता सम्पन्न भई निम्नानुसारका आयोजनाहरू सञ्चालन गर्न आवश्यक पर्ने सहायता सम्झौताको प्रक्रियामा रहेका छन्:

- विश्व बैंकवाट समृद्धिका लागि वन आयोजना कार्यान्वयन गर्न करिब रू.२ अर्ब ७८ करोड (अमेरिकी डलर १७.९ मिलियन ऋण र ६.१ मिलियन अनुदान) बराबरको सहायता।
- ग्रीन क्लाइमेट फण्ड (GCF) बाट Improving Climate Resilience of Vulnerable Communities and Ecosystems in the Gandaki River Basin, Nepal आयोजनाका लागि करिब रू.३ अर्ब ८० करोड (३२.७१५ मिलियन अमेरिकी डलर) बराबरको अनुदान सहायता।
- International Fund for Agricultural Development (IFAD) बाट Value Chain for Inclusive Transformation of Agriculture (VITA) Program आयोजनाका लागि करिब रू.११ अर्ब ३३ करोड (९७.६७ मिलियन अमेरिकी डलर) बराबरको ऋण सहायता।

माथि उल्लेख भएका आयोजनाका अतिरिक्त निम्नानुसारको आयोजना सहायता परिचालन गर्न विकास साझेदारसँग छलफल जारी रहेको छ।

- Electricity Grid Modernization Project का लागि एशियाली विकास बैंकबाट करिब रू.५अर्ब २२ करोड (४५ मिलियन अमेरिकी डलर) बराबर ऋण सहायता प्राप्त गर्न वार्ता भइरहेको छ।
- Expanded Credit Facility (ECF) अन्तर्गत अन्तर्राष्ट्रिय मुद्रा कोषबाट करिब रू.४६ अर्ब २२ करोड (३८५ मिलियन अमेरिकी डलर) बराबर बजेटरी सहायता प्राप्त गर्न वार्ता भइरहेको छ।
- Fiscal Recovery का लागि Development Policy Credit (DPC) अन्तर्गत विश्व बैंक र जापान सरकारबाट करिब रू.३० अर्ब (२५० मिलियन अमेरिकी डलर) बराबर बजेटरी सहायता प्राप्त गर्न प्रारम्भिक छलफल भइरहेको छ।

- Covid-19 Vaccine खरिद एवम् आपूर्तिका लागि अतिरिक्त वित्तीय सहयोग (Additional Financing) उपलब्ध गराउन विश्व बैंक र एसियाली विकास बैंकसंग प्रारम्भिक छलफल भइरहेको छ।

## २.४.३ सहायताको शोधभर्ना स्थिति

चालु आर्थिक वर्षको प्रारम्भमा वैदेशिक सहायतातर्फ नेपाल सरकारको स्रोतबाट खर्च भई सोधभर्ना प्राप्त गर्नुपर्ने रकम रू.२१ अर्ब ७४ करोड ७८ लाख रहेकोमा समीक्षा अवधिसम्ममा सोधभर्ना लिनुपर्ने रकम रू.४२ अर्ब ९५ करोड ३८ लाख पुगेको छ। समीक्षा अवधिमा रू.३७ अर्ब ५५ करोड १३ लाख प्राप्त भई रू.७ अर्ब २८ करोड ४९ लाख सोधभर्ना प्राप्त हुन बाँकी रहेको छ।

## २.४.४ सहायता परिचालनमा प्राप्त भएका उपलव्धी

- विकास सहायताको व्यवस्थापनमा केही संरचनात्मक परिवर्तनहरू भएका छन्। विकास सहायतामा बजेटरी सहायताको अंशको बढोत्तरीले शोधभर्ना प्राप्त हुने रकममा उल्लेख्य सुधार भएको छ। समीक्षा अवधिमा विश्व बैंकबाट Finance for Growth अन्तर्गत रू.२३ अर्ब २० करोड (२०० मिलियन अमेरिकी डलर) र Catastrophe Deferred Drawdown Option(CAT DDO) DPC अन्तर्गत २५ मिलियन अमेरिकी डलर (करिव ३ अर्ब रुपैया) बजेटरी सहायता प्राप्त भएको छ।
- विकास सहायता प्राप्त गर्ने विषयमा विकास साझेदारसँग वार्ता गर्दा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा भएका व्यवस्थाहरूको अवलम्बन गर्ने गरिएको छ।
- परामर्श सेवा सम्बन्धी खर्चलाई आयोजनाको कूल लागतको ५ प्रतिशतको सीमाभित्र राखिएको छ।
- सह-वित्तीय लगानी वा सम्मिश्रित वित्तको माध्यमबाट विकास सहायता परिचालन गर्ने कार्यको शुरुवात गरिएको छ। सम्मिश्रित वित्त रणनीति तयारीको गर्ने सिलसिलामा प्ररम्भिक कार्य अगाडी बढाइएको छ।
- ऊर्जा, सडक लगायतका ठूला भौतिक पूर्वाधार क्षेत्रका रणनीतिक आयोजनाहरूमा विकास सहायता परिचालन गर्न सफलता हासिल भएको छ।
- जलवायु वित्त (Climate Finance) को विश्वव्यापी कोषमा पहुँच स्थापित भई जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका आयोजना कार्यन्वयन गरिएको छ।
- कोभिड-१९ का कारण असहज परिस्थिति सिर्जना भएकोले जि-२० ले आव्हान गरेको Debt Service Suspension Initiative (DSSI) अनुसार जि-२० र पेरिस क्लबका सदस्य रहेका द्विपक्षीय विकास साझेदारहरूलाई ऋणको साँवा र व्याज स्थगन (Debt Service Suspension) का लागि सम्बन्धित विकास साझेदार/मुलुक/संस्थाहरूलाई अनुरोध गरिएकोमा फ्रान्स र कोरियासँग पूरक सम्झौता भइसकेको एवम् जापान र बेल्जियमसँग पूरक सम्झौताको अन्तिम चरणमा रहेको छ।

- विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक सम्मेलनका क्रममा Developing Financing तथा IDA Borrowers Meeting मा सहभागिता जनाउँदै नेपाल जस्तो अल्पविकसित मुलुकहरूको लागि थप स्रोत परिचालन गर्न पैरवी गरिएको छ।
- विश्व बैंकबाट पहिलो पटक Scale up facility window बाट ऋण सहायता स्वीकार गरिएको र एउटै आयोजनाको लागि पहिलो पटक रू.५४ अर्ब (४५० मिलियन अमेरिकी डलर) बराबरको ऋण सम्झौता गरिएको छ।।
- अन्तर्राष्ट्रिय विकास सहायताको प्रभावकारिता बढाउन अन्तर्राष्ट्रिय संघ संस्थाहरूमा नेपालको सक्रिय सहभागिता बढाइएकोको छ।
- राष्ट्रिय बजेट प्रणाली बाहिरबाट सञ्चालन हुने विकास सहायतालाई क्रमशः राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्दै राष्ट्रिय बजेट प्रणालीको दायरा विस्तार गरिएको छ।
- Aid Management Platform (AMP) लाई परिमार्जन गरी Aid Management Information System (AMIS) को रुपमा प्रयोगकर्ता मैत्री बनाई कार्यान्वयनमा ल्याइएको छ।
- कोभिड १९ संग सम्बन्धित वैदेशिक सहायता परिचालनको समन्वय तथा प्रतिवेदन गर्न AMIS मा छुट्टै पोर्टलको विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

## २.४.५ सहायता परिचालनमा देखिएका समस्या र गर्नुपर्ने सुधारहरू

### २.४.५.१ सहायता परिचालनमा देखिएका समस्या

- विकास सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरूप रणनीतिक र रूपान्तरणकारी आयोजनामा पूर्ण रूपमा उपयोग गर्न नसकिएको।
- विकास सहायताको खण्डीकरण पूर्ण रुपमा घटाउने नसकिएको।
- प्रदेश तथा स्थानीय तहमा आयोजना बैंक तयार हुन नसकेको।
- नेपालको सार्वजनिक वित्त प्रणालीमा विकास साझेदारहरूको अपनत्व अपेक्षित रुपमा विकास गर्न नसकिएको।
- नवीनतम वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन एवम् परिचालन गर्ने क्षमता कमजोर रहेको।
- विकास सहायताको प्रतिवद्धता र उपयोगका बीच कायम रहेको अन्तर उच्च रहेको। आयोजना आवद्ध बैदेशिक स्रोतको खर्चको प्रगति बढाउन नसकिएको।
- निर्धारित समय र लागतमा आयोजनाहरू सम्पन्न हुन नसकि पटक पटक सम्झौताको म्याद थप गर्ने अवस्था रहेको।
- नेपाल सरकारको स्रोतबाट खर्च भई शोधभर्ना प्राप्त गर्नुपर्ने रकम समयमा प्राप्त हुन नसकेको।
- प्राविधिक सहायताको उपयोग, पूर्व तयारी तथा क्षमता अभिवृद्धिमा पुरै केन्द्रित गर्न नसकिएको।

- बजेटरी सहायताको रुपमा प्राप्त हुने विकास सहायताको लागि आवश्यक पर्ने तयारी कार्य एवम् कार्य सम्पादनमा सम्बन्धित निकायहरूको क्रियाशिलता बढाउन नसकिएको।

२.४.५.२ **सहायता परिचालनमा गर्नुपर्ने सुधार**

- विकास सहायतालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गरी सहायताको प्रभावकारीता बढाउने।
- सबै विकास सहायतालाई राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्न दातृ निकायको सहयोग र समर्थन प्राप्त गर्ने।
- सहलगानी, समिश्रित वित्त, दक्षिण-दक्षिण एवम् त्रिपक्षीय सहायता, विकास लागि निजी क्षेत्रसँग साझेदारी जस्ता नयाँ उपकरणहरूको प्रयोग गर्न आवश्यक क्षमता विकास गर्ने।
- विकास सहायता परिचालनमा कायम रहेको न्यून ग्रहण क्षमतामा सुधार गर्ने।
- विकास सहायता संलग्न रहेका आयोजनाको पूर्व तयारी परिसूचक (Project Readiness Filter) तयार गरी लागु गर्ने।
- वैदेशिक सहायता प्राप्तिमा आर्थिक कुटनीतिलाई सघन रुपमा उपयोग गर्ने।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनाको कार्यान्वयनमा परामर्शदाता प्रतिको निर्भरता घटाउदै जाने।
- कार्यान्वयन तयारी पुरा भएका र राष्ट्रिय प्राथमिकताका प्रतिफलयुक्त आयोजनामा बैदेशिक ऋण परिचालन गरी देशको आर्थिक सामाजिक विकासमा योगदान वढाउने।

# परिच्छेद - तीन

# राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति अवस्था

नेपाल सरकारले कार्यान्वयन गर्ने आयोजनामध्ये मुलुकको विकासमा दुरगामी प्रभाव पार्ने आर्थिक विकास र रोजगारी सिर्जनामा योगदान दिने २५ आयोजनालाई विभिन्न समयमा राष्ट्रिय गौरवका आयोजनाका रूपमा घोषणा गरेको छ। भौतिक पूर्वाधार, आर्थिक, सामाजिक र वातावरण लगायतका ऊर्जा, सडक, रेल, सिँचाइ, खानेपानी, पर्यटन र वन क्षेत्रका आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाको दायरामा समेटिका छन्। आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको पूर्ण प्रत्याभूतिसहितको आयोजना सञ्चालनमा तिब्रता दिन नेपाल सरकार प्रतिवद्ध रहेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयबाट ती आयोजनाको सघन अनुगमन, समन्वय तथा सहजीकरण गर्ने व्यवस्थाबाट आयोजना कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरू तत्काल समाधान गर्ने व्यवस्था मिलाइएको छ। आयोजनाको कार्यान्वयन समयमै सम्पन्न गरी नतिजामुखी बनाउन सम्बन्धित मन्त्रालय र आयोजना प्रमुख बीच कार्य सम्पादन करार सम्झौता समेत गर्ने गरिएको छ। तथापी, अधिकांश राष्ट्रिय गौरवका आयोजनाको अवस्था सन्तोषजनक रहेको छैन।

राष्ट्रिय गौरवका आयोजनाहरूमध्ये केही आयोजनाहरू पुरा हुने चरणमा छन् भने केही ठूला आयोजनाको सञ्चालन विधि तय नहुँदा शुरूवात हुन सकेका छैनन्। चालु आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय गौरवका आयोजनाहरूमा रू.९२ अर्ब ६ करोड २३ लाख विनियोजन गरिएकोमा पहिलो छ महिनामा विनियोजनको १५.१९ प्रतिशत अर्थात् रू.१३ अर्ब ९८ करोड ८५ लाख खर्च भएको छ। आयोजनागत खर्चको विवरण अनुसूची-१३ मा उल्लेख गरिएको छ। राष्ट्रिय गौरवका आयोजनामा विनियोजित रकम कुल विनियोजनको ६.२४ प्रतिशत रहेको छ। आयोजनाहरूको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धि देहायअनुसार रहेका छन्।

## तालिका ३.१: राष्ट्रिय गौरवका आयोजनाको हालसम्मको प्रगति स्थिति

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजना | १ हजार ८ सय ७९ कि.मि. | मध्य पहाडका २६ जिल्लाहरू | २०६४/६५ | ३३ अर्ब ३६ करोड | १ खर्ब, १ अर्ब ५० करोड | ४६ अर्ब १४ करोड | ८ अर्ब २७ करोड ४० लाख | १ अर्ब ७६ करोड ८५ लाख | १३.२३ | • कुल १८७९ कि.मि. मध्ये ४५२ कि.मि. आयोजनाबाट, ४६२ कि.मि. आयोजना र डिभिजन कार्यालयबाट कालोपत्रे,<br>• कुल १२९ पुल मध्ये ८४ पुल निर्माण सम्पन्न भएको। |
| २. | हुलाकी राजमार्ग | १ हजार ७ सय ९२ कि.मि. | तराईका २१ जिल्लाहरू | २०६६/६७ | ४७ अर्ब २४ करोड | ६५ अर्ब २० करोड | ४७ अर्ब ८५ करोड ५ लाख | ७ अर्ब १ करोड ५२ लाख | ३ अर्ब ३४ करोड ३७ लाख | २५.९४ | • कुल १७९२ कि.मि. मध्ये ५१२ कि.मि. कालोपत्रे सम्पन्न,<br>• २१९ पुल मध्ये ९५ पुल निर्माण |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजनाको संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | कार्य सम्पन्न। |
| ३. | उत्तर दक्षिण लोकमार्ग (कोशी करिडोर) | १ सय ६२ कि.मि. | प्रदेश नं.१ को संखुवासभा खाँदबारी देखि किमाथांका सम्म | २०६५/६६ | १६ खर्ब २० अर्ब | | ३ अर्ब ४ करोड | ९५ करोड २८ लाख | ८ करोड २५ लाख | १४.९८ | • कुल १६२ कि.मि मध्ये १४८ कि.मि. ट्र्याक खुलेको र बाँकि १४ कि.मि. को ट्र्याक खोल्ने कार्य नेपाली सेनाबाट भइरहेको। |
| ४. | उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी करिडोर (मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड, बेनी-जोमसोम-कोरोला सडक) | ४ सय ३१ कि.मि. | गैडाकोट-राम्दी-मालढुङ्गा, वेनि देखि जोमसोम सम्म गण्डकी प्रदेश | २०६६/६७ | २७ अर्ब | | ७ अर्ब ९ करोड | २ अर्ब ५२ करोड ११ लाख | १० करोड ३९ लाख | १३.६५ | • मालढुंगा-राम्दी-गैडाकोट खण्डको कुल २४५ कि.मि मध्ये २४४ कि.मि. ट्र्याक खुलेको,<br>• बेनी-जोमसोम-कोरोला सडक कुल १८६ कि.मि मध्ये सम्पूर्ण ट्र्याक खुलेको, १०८ कि.मि. ग्राभेल सम्पन्न। |
| ५ | उत्तर दक्षिण | १ सय ४५ | हुम्ला | २०६४/६५ | ४ अर्ब १० | | ९० करोड | ६२ करोड २८ | ४ करोड ६ | १० | • कुल १४५ कि.मि |

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लोकमार्ग (कर्णाली करिडोर) | कि.मि. | जिल्लाको साल्लिसल्ला देखि सिमकोट कर्णाली प्रदेश | | करोड | | ६१ लाख | लाख | लाख | | मध्ये १३० कि.मि. ट्र्याक खुलेको। |
| ६. | रेल मेट्रो रेल तथा मनोरेल विकास आयोजना | ७० कि.मि. | प्रदेश नं २ महेत्तरी सर्लाही र रौतहट | २०६५/६६ | ७० अर्ब ६१ करोड | - | १९ अर्ब ४८ करोड | ८ अर्ब ६६ करोड ६६ लाख | १ अर्ब ७४ करोड ६६ लाख | २२ | • ३५ कि.मि. ट्राकबेड निर्माण भएको।<br>• दुई सेट DEMU ट्रेन खरिद। |
| ७. | काठमाण्डौ तराई मधेश द्रुत मार्ग | ७२.५ कि.मि. | ललितपुर, काठमाण्डौ, मकवानपुर र बारा | २०७४/७५ | १ खर्ब ७५ अर्ब १३ करोड २२ लाख | २ खर्ब १३ अर्ब ९५ करोड ३२ लाख | १६ अर्ब ६६ करोड | ८ अर्ब ९३ करोड ८८ लाख | १ अर्ब २३ करोड ७० लाख | ११.१ | • कुल सडक खण्ड ५५.५ कि.मि. मध्ये ४४.१ कि.मि. खण्डको समष्टिगत माटो काट्ने तथा पुर्ने कार्य ८८% सम्पन्न भएको,<br>• Hybrid Contract Modality को अवधारणा तयार गरिएको, |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजनाको संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | • कुल जम्मा ११४५ गोटा रुख कटान गरिएको। |
| ८. | गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेसी रसुवागढी सडक | ८२ कि.मि. | गल्छी देखि रसुवागढी सम्म। नुवाकोट र रसुवा बागमती प्रदेश | २०७२/७३ | १५ अर्ब ५० करोड | - | ४ अर्ब २३ करोड | १ अर्ब ३७ करोड १९ लाख | ५५ करोड २० लाख | ३३.९७ | • कुल ८२ कि मि मध्ये पहिलो खण्ड ४६ कि.मि. मा २१ कि.मि. कालोपत्रे सम्पन्न, <br>• दोस्रो खण्ड १९ कि.मि. खरिद प्रक्रियामा रहेको तेस्रो खण्ड १७ कि.मि. चीन सरकारद्धारा ठेक्का व्यवस्थापन भई निर्माण शुरु हुने चरणमा रहेको। |
| ९ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | ३०००मीx४५ मी. (Runway) | भैरहवा, रुपन्देही, लुम्बिनी प्रदेश | सन् २०१५ | ६ अर्ब २२ करोड | ६ अर्ब ८२ करोड | ६ अर्ब ३० करोड | ४ अर्ब ७२ करोड ५० लाख | २ अर्ब ९८ करोड | ३० | • आयोजनाको ९० प्रतिशत निर्माण कार्य सम्पन्न। <br>• तीन हजार मिटर |

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | लम्बाईको धावन मार्ग, ट्याक्सी– वे एवम् एप्रोनको सिभिल निर्माण तर्फको कार्य सम्पन्न,<br>• विमानस्थल आयोजनाको उत्तरतर्फको कार पार्किङ्ग एरियामा कालोपत्रे गर्ने काम सम्पन्न। |
| १० | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | २५००मीx४५ मी. (Runway) | पोखरा, कास्की गण्डकी प्रदेश | बि.सं. २०६८ | २२ अर्ब | २२ अर्ब | १० खर्ब ३४ करोड | १० अर्ब ७५ करोड | ५ अर्ब ६ करोड | २१ | • आयोजनाको ६२ प्रतिशत निर्माण कार्य सम्पन्न,<br>• Runway, Taxiway, Apron, Hanger Apron, Conduit Laying, High Mast Flood Light Transformer Box को कार्य सम्पन्न। |
| ११ | निजगढ | ८ हजार ४५ | निजगढ, | २०७१/७२ | १ खर्ब २० | - | ७८ करोड | ५० करोड | ५ करोड | ३० | • विमानस्थलको पहिलो |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजनाको संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तर्राष्ट्रिय विमानस्थल, बारा | हेक्टर क्षेत्रफल | बारा प्रदेश नं. २ | | अर्ब | | | | | | चरणको Updated Master Plan तथा Detailed Design को परामर्श सेवा खरिदको कार्य भइरहेको। |
| १२ | पशुपति क्षेत्र विकास कोष | पाशुपत क्षेत्र | काठमाण्डौं/ बागमती | २०५७/५८ मा शुरु भई आर्थिक वर्ष २०७०/७१ देखि मात्र राष्ट्रिय गौरवको आयोजना | १ अर्ब २७ करोड | - | ७२ करोड | ३५ करोड | ५ करोड २५ लाख | ३५ | • समष्टिगत भौतिक प्रगति ६० प्रतिशत रहेको,<br>• गौशाला भुवनेश्वरी दर्शन मार्ग स्तरोन्नति (२५० मीटरमा प्रस्तरफलक छापिएको)। |
| १३ | लुम्बिनी विकास कोष | १ हजार १ सय ५५ विगाहा | नवलपरासी रामग्राम, रूपन्देही र कपिलवस्तु, लुम्बिनी प्रदेश | आयोजना शुरु भएको वर्ष सन् १९७८ र आ.ब. २०७१/७२ देखि राष्ट्रिय | ६ अर्ब १० करोड | ७ अर्ब ५० करोड | ५ अर्ब ४५ करोड | १ अर्ब | ५५ करोड ३८ लाख | २८.०८ | • गुरुयोजनाका केन्द्रीय नहर, पवित्र उद्यान, अन्तर्राष्ट्रिय रिसर्च सेन्टर, लुम्बिनी संग्रहालय, २ भवन, खानेपानी, विजुली, आइटी, सुरक्षा पर्खाल |

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गौरवको आयोजना भएको | | | | | | | लगायत र अन्तर्राष्ट्रिय विहार क्षेत्र आदि। |
| १४ | बुढीगण्डकी जलविद्युत आयोजना | धादिङ जिल्लाको ज्वालामुखी सिद्धलेक, निलकण्ठ, त्रिपुरासुन्दरी, गंगा जमुना र गोरखा जिल्लाको गण्डकी, सहिदलखन, भिमसेन थापा र आरूघाट स्थानीय तह | गोरखा जिल्ला / गण्डकी प्रदेश | आर्थिक वर्ष २०६९/७० | २ खर्ब ६० अर्ब | | ३३ अर्ब ७९ करोड | ८ अर्ब ८४ लाख | १ अर्ब ८ करोड ५२ लाख | १ | • ४७,४४० रोपनी जग्गाको मुआब्जा वितरण भएको,<br>• अन्य पूर्वाधार निर्माणको कार्य प्रारम्भ नभएको। |
| १५ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ४ सय ५६ मे.वाट जल विद्युत उत्पादन | दोलखा जिल्ला, बागमती प्रदेश | २०६७/६८ | ३५ अर्ब २९ करोड | ४९ अर्ब २९ करोड, (Dec २०१८ | ४८ अर्ब ६४ करोड | १ अर्ब | २ अर्ब १२ करोड (आयोजनाको लागि अन्य | ४५ | • हेडवक्सका सबै संरचना निर्माण गरी रिजर्भ वायरको परीक्षण भई सम्पन्न |

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मा संशोधित) हाल प्रक्षेपित ५२ अर्ब ८ करोड | | | वित्तीय संस्थाबाट लिएको आन्तरिक ऋणबाट समेत खर्च) | | भएको,<br>• १९ कि.मि. सुरुङ्ग र साफ्टको खन्ने कार्य सम्पन्न भएको,<br>• दुबै Vertical Penstock Shaft हरूमा Steel Penstock Pipe जडान कार्य सम्पन्न भएको,<br>• टर्बाइन र जेनेरेटर उपकरण जडान कार्य सम्पन्न,<br>• ४७ कि.मि. लामो २२० के.भि.प्र सारण लाइन कार्य सम्पन्न भएको। |
| १६ | पश्चिम सेती जलविद्युत आयोजना | | | | | | | | | | • निर्माण मोडालिटी तयार नभएकोले कार्यान्वयनमा आई नसकेको। |
| १७ | बबई सिंचाइ | ३६ हजार | बर्दिया/ | २०४५/४६ | २ अर्ब ८७ | १८ अर्ब | ८ अर्ब ४८ | १ अर्ब ४९ | २७ करोड ९६ | २३ | • हेडवर्कस निर्माण |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजनाको संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजना | हेक्टर सिँचाइ | लुम्बिनी प्रदेश | | करोड | ९६ करोड ३० लाख | करोड ९० लाख | करोड ९१ लाख | लाख | | सम्पन्न,<br>• मूल नहर ७६ कि.मि. निर्माण सम्पन्न,<br>• शाखा नहर १९४.९९ कि.मि. निर्माण सम्पन्न,<br>• बाढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण कार्य १८.२५ कि.मि. सम्पन्न। |
| १८ | महाकाली सिँचाइ आयोजना | ३३ हजार ५ सय २० हेक्टर सिँचाइ | कञ्चनपुर, सुदूर पश्चिम प्रदेश | २०६३/६४ | ३५ अर्ब | | ३ अर्ब ६४ करोड | ४३ करोड ७३ लाख | २६ करोड ८९ लाख. | ४८ | • मूल नहर १२.७ कि.मि. कार्य सम्पन्न,<br>• १२.७ देखि २८.८ कि.मि. सम्म निर्माण भइरहेको,<br>• ५२ विभिन्न संरचना निर्माण सम्पन्न, |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | • ७७ हेक्टर जग्गा अधिग्रहरण। |
| १९ | सिक्टा सिँचाइ आयोजना | ४२ हजार ७ सय ६६ हेक्टर सिँचाइ | बाँके, लुम्बिनी प्रदेश | २०५९/६० | १२ अर्ब ८० करोड | २५ अर्ब २ करोड | १६ अर्ब ६९ करोड | १अर्ब ५५ करोड ७४ लाख | ३४ करोड ९५ लाख | ३२ | • बाँध निर्माण, पश्चिम मूल नहर ४५ कि.मि. सम्पन्न,<br>• हेडवर्क्सको १८ गेट निर्माण सम्पन्न,<br>• पूर्वी मूल नहरको ५० प्रतिशत कार्य सम्पन्न,<br>• पश्चिम तथा पूर्व गरी करिब ७ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराइएको। |
| २० | रानी जमरा कुलरिया सिँचाइ आयोजना | ३८ हजार ३ सय हेक्टर सिँचाइ | कैलाली, सुदुर पश्चिम प्रदेश | २०६८/६९ | १२ अर्ब ६३ करोड | २७ अर्ब ७० करोड २४ लाख | १३ अर्ब १३ करोड | २ अर्ब १७ करोड ५६ लाख | ७४ करोड ८६ लाख | १४ | • इन्टेक, मूल नहर तथा फिडर नहर निर्माण सम्पन्न,<br>• Sitling वेशीन निर्माण सम्पन्न,<br>• पावर हाउसको |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | करिब ९० प्रतिशत शाखा नहर निर्माण कार्य सम्पन्न,<br>• शाखा इन्टेक एवम् प्रशाखा मुहान निर्माण सम्पन्न। |
| २१ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ५१ हजार हेक्टर, सिँचाइ ४६.८ मे.वा.विद्युत उत्पादन | सुर्खेत, बाँके, बर्दिया/ कर्णाली, लुम्बिनी प्रदेश | २०६८/६९ | १६ अर्ब ४३ करोड ३० लाख | ३३ अर्ब १९ करोड ६६ लाख | ११ अर्ब ६३ करोड | ३ अर्ब ११ करोड १७ लाख | २८ करोड ८६ लाख | २२ | • डाइभर्सन रोड, चिप्ले खोल्सी डाइभर्सन, Coffer Dam को कार्य निर्माणाधीन,<br>• Labotary, Crusher, Batching, Plant स्थापना,<br>• Desilting basin, Surge Tank का लागि पहुँच मार्ग निर्माण भएको। |

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशीय आयोजना | १ लाख २२ हजार हेक्टर सिँचाइ २८ मे.वा.विद्युत उत्पादन | सिन्धुली, रामेछाप, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा/ बागमती, प्रदेश नं.२ | २०७३/७४ | ४६ अर्ब १९ करोड | | २४ करोड ८३ लाख | २ अर्ब ४५ करोड ८५ लाख | ५ करोड १० लाख | २४ | • पावर हाउस र TBM Inlet portal को जग्गा प्राप्तिको कार्य,<br>• हेडवर्क्स, पावरहाउस, सर्जसाफ्ट आदिको Detail Engineering Design को ड्राफ्ट Review सम्पन्न। |
| २३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १८ लाख ९६ हजार २ सय ५५.९ हेक्टर | ३७ जिल्ला/ ७ प्रदेश | २०७१/७२ र २०७४/७५ देखि गुरू योजना बनेको | ९९ करोड ३८ लाख | १० अर्ब २२ करोड १२ लाख | ९ अर्ब २१ करोड १५ लाख | १ अर्ब ५५ करोड ६३ लाख | १४ करोड ९७ लाख | ३६.६० | • १६०७ हेक्टर अति संवेदनशील क्षेत्रको संरक्षण,<br>• ६२२ हेक्टर नदी उकास क्षेत्रमा वृक्षारोपण,<br>• २७८ हेक्टर जडीबुटी खेती प्रवर्धन उधान निर्माण,<br>• ९३१ गोटा गल्छी पहिरो तथा खहरे |

| क्र.सं. | आयोजनाको नाम | क्षेत्रफल/लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | रोकथाम,<br>• ३६ ताल तलैयाको संरक्षण,<br>• २०९.३ कि.मि नदी तथा खोला किनार स्थिरिकरण- तटबन्ध निर्माण। |
| २४ | मेलम्ची खानेपानी आयोजना | काठमाण्डौ उपत्यका १७ करोड लिटर खानेपानी उपलब्ध | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपालाञ्चोक तथा सिन्धुपालञ्चोक बागमती प्रदेश | २०५५ | ४६४ मिलियन अमेरिकी डलर | ३१२.९ मिलियन अमेरिकी डलर (३१ अर्ब ३६ करोड) | २९ अर्ब ४५ करोड | ५ अर्ब ४६ करोड ४५ लाख | ५८ करोड १९ लाख | ६९ | • हेडवर्क्स निर्माण ७० प्रतिशत सम्पन्न,<br>• शुरूङ्गको Grouting तथा Rock Bolt जडान,<br>• Instrumentation उपकरण जडान। |
| २५ | मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल | ४०० KV डबल सर्किट ३ सय १२ कि.मि. को ट्रान्समिसन लाईन | बुटवल, दमौली, रातमाटे, हेटौडा, लप्सिफेदी | तयारी चरणमा रहेको | अमेरिकी डलर ५२ करोड | अमेरिकी डलर ५२ करोड | १ अर्ब २२ करोड ६९ लाख | ९ अर्ब १० करोड ५३ लाख | ६५ करोड २१ लाख | २४ | • प्रारम्भिक इन्जिनियरिङ्ग डिजाइनको कार्य,<br>• रात्माटे सबस्टेशनका लागि जग्गा अधिग्रहण, |

| क्र. सं. | आयोजनाको नाम | क्षेत्रफल/ लम्बाई | अवस्थित जिल्ला/प्रदेश | आयोजना शुरु भएको वर्ष | आयोजनाको प्रारम्भिक लागत (रू.) | आयोजना को संशोधित लागत(रू.) | आर्थिक वर्ष २०७६/७७ सम्मको खर्च (रू.) | आर्थिक वर्ष२०७७/७८ को विनियोजन | चालु आर्थिक वर्षको पौषसम्मको खर्च | चालु आर्थिक वर्षको पौषसम्मको भौतिक प्रगति प्रतिशत | हालसम्मको मुख्य भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ बुटवल, दमौली, रातमाटे, हेटौडा, लप्सिफेदी | | | | | | | | | • सडक मूल्याङ्कन सर्भेक्षण,<br>• पुनर्बास कार्ययोजना जीवनमापन पुनर्स्थापना योजना,<br>• धरातलीय सर्वेक्षण तथा किलो गाड्ने कार्य। |

## ३.२ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू

**समस्या**

- राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन र सञ्चालन गर्ने छुट्टै कानुन नहुँदा आयोजनाको कार्यान्वयन पक्ष कमजोर रहेको।
- आयोजना निर्माण गर्ने मोडालिटी, कुल लागत, समयावधि, जग्गा प्राप्ति/मुआब्जा, क्षतिपूर्ति, पुनर्वास र विस्तृत आयोजना प्रतिवेदन जस्ता आधारभूत विषयहरू यकिन नभई राष्ट्रिय गौरवका आयोजनाको रूपमा वर्गीकरण हुँदा आयोजना निर्माणको कार्यक्रम अलमल देखिनु।
- राष्ट्रिय गौरवका सडक आयोजनाको रेखाङ्कन (Alignment) मा बारम्बार परिवर्तन हुँदा लागत र निर्माण अवधि अनिश्चित हुनु।
- निर्माण कार्यको प्राविधिक अध्ययन, वित्तीय तथा व्यवस्थापकीय क्षमता समेत परीक्षण नगरी खरिद सम्झौता हुनु, नियमित अनुगमन मूल्याङ्कन नहुनु र तोकिएको समयमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई परिचालित गर्न नसक्नु।
- दक्ष प्राविधिक कर्मचारी तथा श्रमिक र निर्माण सामाग्रीहरूको आयोजनामा अभावका कारण समयमै निर्माण कार्य सम्पन्न नहुनु।
- आयोजना सञ्चालन गर्ने संघीय निकाय र प्रदेश एवम् स्थानीय तह बीच कार्यगत समन्वय नहुनु।
- आयोजना क्षेत्रभित्र रहेको वनको रूख कटान स्वीकृतिमा विलम्ब कायमै रहनु।
- जग्गाधनी पुर्जा नभएका तर हकभोग गरिरहेका घर जग्गाको क्षतिपूर्ति निर्धारण गर्ने स्पष्ट मापदण्ड नहुनु। जग्गाको क्षतपूर्ति र घर टहराको मूल्याङ्कन उच्च हुँदा आयोजनाको लागत बढ्नु।
- आयोजना निर्माण पूर्व सम्पन्न गर्नुपर्ने कार्य नहुँदै ठेक्का सम्झौता गरिने कारणले निर्माण व्यवसायीले नियमित रूपमा काम गर्न नपाउँदा पटक पटक ठेक्काको म्याद थप गरी भेरिएसन समेत गर्नुपर्ने अवस्थाका कारण आयोजनाको लागत बढ्दै जानु।
- आयोजनाबाट प्रभावित बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध सिर्जना हुनु।
- आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु र आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण आयोजनाको लागत वृद्धि हुनु।

**समाधानका उपाय**

- ठूला र रूपान्तरणकारी आयोजनाको लागत, समय र प्रतिफल एकिन गरी आयोजना सञ्चालन पूर्वका चरणहरू जस्तैः जग्गा प्राप्ति, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, रूख कटान, विस्तृत परियोजना प्रतिवेदन जस्ता पक्षहरूको टुङ्गो लागेपछि मात्र राष्ट्रिय गौरवको आयोजनाको रूपमा घोषणा गर्ने।
- आयोजना शुरु भएपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिलाई निश्चित मापदण्ड र आधारमा सीमित गर्ने।

- राष्ट्रिय गौरवको आयोजनाको घोषणा पूर्व नै आयोजना निर्माण तथा कार्यान्वयन ढाँचा निर्धारण गरी पर्याप्त वित्तीय स्रोतको प्रवन्ध गर्ने।
- मुआव्जा, क्षतिपूर्ति, बस्ती स्थानान्तरण तथा पुनर्बास सम्बन्धी विषयलाई सम्वोधन गर्न जग्गा मूल्याङ्कनको आधारलाई समसामयिक बनाई विवादरहित बनाउने।
- राष्ट्रिय गौरवको आयोजनामा हुने कानुनी विवाद, स्थानीय अवरोध एवम् खरिद सम्बन्धी विषयमा द्रूत निर्णय गर्न सक्ने विधि सहितको छुट्टै कानूनी प्रबन्ध गर्ने।
- आयोजना निर्माण, व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रशासकीय नेतृत्वलाई जिम्मेवार बनाउने। आयोजना क्रियाकलापको नतिजा मापन गर्न स्पष्ट मानक र प्रतिफल सूचकसहित कार्यसम्पादन सम्झौता गरी समीक्षासहित परियोजना व्यवस्थापकलाई Grading गरी जवाफदेही तुल्याउने।
- पर्याप्त कारण र आधार नभई आयोजना प्रमुख तथा अन्य कर्मचारीहरू छिटो छिटो सरूवा नगर्ने।
- नतिजा खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानून तर्जुमा गरी विकास परिणामको लागि व्यवस्थापकीय प्रवन्धमा आधारित प्रणाली लागु गर्न लजिकल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन गर्ने।
- आयोजनाको पहिलो चरणको निर्माण पूर्ण रूपमा सम्पन्न नहुँदै दोस्रो चरणको निर्माण कार्यमा प्रवेश नगर्ने।
- आयोजनाको लागि वैदेशिक सहायता परिचालन गर्ने गरी द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायसँग वार्ता गर्दा प्रतिवद्धता अनुरूप तोकिएकै समयमा सहायता प्राप्त हुने सुनिश्चितता भएपछि मात्र आयोजनाको लागि वैदेशिक स्रोत व्यवस्थापन गर्ने।
- आयोजना निर्माण अवधिभर निर्माणजन्य सामाग्री र जनशक्तिको अभाव हुन नदिने विशेष प्रवन्ध गर्ने।
- आयोजनाको पोर्टफोलियो लगानी ढाँचा सार्वजनिक, निजी र सामुदायिक सम्बन्धका विषयमा आयोजना स्वीकृत पूर्व नै निश्चित हुनु पर्ने।
- ठेक्का सम्झौता भएपछि सरकार र करारको अर्को पक्ष बीच विवाद सिर्जना जस्तैः रनिङ्ग विल ढिला भुक्तानी, निर्माणस्थलको उपलव्धता, सम्बन्धित पक्षवाट अनुमति लिन हुन ढिलाई, निर्माण सामग्री निकाल्ने क्वेरी साईटको अनिश्चितता र तेस्रो पक्ष बीमा विवादका कारण वहस पैरवीमा पर्याप्त प्रमाण र आधार पेश नगर्दा सरकारको विपक्षमा फैसला हुने र मध्यस्थकर्ताको आदेशले भुक्तानी दिनुपर्ने कारणले समेत दायित्व बढ्ने गरेकाले यस्ता विषयहरूमा राष्ट्रिय विकास समस्या समाधान समितिवाट विवाद व्यवस्थापन गर्ने उपाय अवलम्वन गर्ने।

# परिच्छेद - चार

# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूबाट प्राप्त प्रगति विवरणका आधारमा समीक्षा अवधिमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयन गरी हासिल भएका क्षेत्रगत उपलब्धिहरू देहाय बमोजिम रहेका छन्:

## ४.१ आर्थिक तथा वित्तीय क्षेत्र

### ४.१.१ अर्थ तथा वित्त

- अर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ जारी गरी कार्यान्वयनमा ल्याइएको छ।
- सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ जारी गरी कार्यान्वयन गरिएको।
- व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयन भइरहेको।
- कोरोना नियन्त्रणमा अग्रपङ्क्तिमा खटिएका व्यक्तिको शतप्रतिशत र आम नागरिकको पचास प्रतिशत विमा शुल्क नेपाल सरकारले व्यहोर्ने ब्यबस्था सहितको बीमा मापदण्ड, २०७७ स्वीकृत भई हालसम्म रू.४१ करोड ९५ लाख १४ हजार ७ सय बीमा प्रिमियम शुल्क भुक्तानीका लागि अनुदान उपलव्ध गराएको।
- नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न २ प्रतिशत ब्याज दरमा कर्जा उपलब्ध गराउने गरी नवप्रवर्तन सुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- साना किसान विकास लघु वित्त संस्था मार्फत् सञ्चालित साना किसान कर्जा कार्यक्रमबाट समीक्षा अवधिसम्ममा ३७ हजार ४२ थप रोजगारी सिर्जना भएको।
- राष्ट्र सेवक कर्मचारीलाई निजी आवास निर्माण र सन्तति उच्च शिक्षाका लागि सहुलियत दरको कर्जा सुविधा उपलब्ध गराउने सम्बन्धी अवधारणापत्र तयार भएको।
- सार्वजनिक संस्थानको नियमन, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन सार्वजनिक संस्थानको छाता ऐनको मस्यौदा तयार भएको। बन्द भएका संस्थानको सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने कार्य सम्पन्न भएको।

**बैकिङ्ग क्षेत्र**

- समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या १० हजार १ सय ८७ पुगेको र देशका ७ सय ४९ स्थानीय तहमा बाणिज्य बैंकहरूका शाखा विस्तार भएको।
- नेपाल राष्ट्र बैंकबाट पुनर्कर्जा कार्यविधि, २०७७ जारी भएको। समीक्षा अवधिसम्ममा एकमुष्ठ प्रदान हुने कर्जा अन्तर्गत रू.५० अर्ब ७ करोड र ग्राहक/ऋणी अनुसार प्रदान हुने कर्जा अन्तर्गत रू.३३ अर्ब ७ करोड गरी कुल रू. ८३ अर्ब १४ करोड पुनर्कर्जा स्वीकृत भएको।

- सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत समीक्षा अवधिसम्ममा कुल ६० हजार ८ सय ७९ ऋणीलाई रू.४ अर्ब ८१ करोड ब्याज अनुदान प्रदान गरिएको। समीक्षा अवधिमा सहुलियतपूर्ण कर्जा शीर्षक अन्तर्गत रू.१ खर्ब ३ करोड लगानी भएको।
- बैंकबाट कर्जा लिएका ऋणीहरूलाई कोभिड-१९ बाट परेको असर न्यूनीकरण गर्न बैंक तथा वित्तीय संस्थाले २०७६ चैत मसान्तमा कायम व्याजदरमा २ प्रतिशत कम गरी आर्थिक वर्ष २०७६/७७ असार मसान्तसम्मको व्याज रकम गणना गर्नुपर्ने व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रबाट रू.१२ अर्ब २५ करोड ब्याज छुट प्रदान गरिएको।
- कोभिड-१९ बाट अति प्रभावित पर्यटन क्षेत्रमा प्रवाह भएको सक्रिय कर्जाको २०७७ असार मसान्तसम्म भुक्तानी हुनुपर्ने साँवाको किस्ता र ब्याज रकमको भुक्तानी गर्न २ वर्षसम्मको समय प्रदान गर्न सक्ने व्यवस्था गरिएको।
- वित्तीय क्षेत्रको साधन उत्पादनशिल क्षेत्रमा प्रयेग गर्न तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जालाई कुल कर्जाको २५ प्रतिशतबाट बढाई ४० प्रतिशत कायम गरी कार्यान्वयनका लागि निर्देशन जारी भएको।
- समीक्षा अवधिमा कुल २ सय ११ बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका र यसमध्ये १ सय ५९ संस्थाहरूको इजाजत खारेज भई ५२ संस्था कायम भएको।
- दुर्गम क्षेत्रमा बैंकिङ पहुँच अभिवृद्धि गर्न महानगरपालिका/उप– महानगरपालिका बाहेकका क्षेत्रमा शाखारहित बैंकिङ सेवा सञ्चालन गर्न नेपाल राष्ट्र बैंकको अनुमति लिनु नपर्ने व्यवस्था भएको।
- आर्थिक वर्ष २०७७/७८ को प्रथम चौमासिकसम्ममा ट्रेजरी बिलबाट रू.७ अर्ब र विकास ऋणपत्रबाट रू.५० अर्ब गरी रू.५७ अर्बको ऋण-पत्र निष्काशन भएको।
- कृषि ऋणमा सहज पहुँच पुर्‍याउन कृषि विकास बैंकलाई किसान क्रेडिट कार्ड र किसान एप सञ्चालन गर्नको लागि स्वीकृति प्रदान भई कार्ड वितरण सुरु भएको।

**गैर बैंकिङ्ग वित्तीय क्षेत्र**

- समीक्षा अवधिसम्ममा २ करोड ७३ लाख निक्षेपकर्ताको रू.७ खर्ब ५७ अर्ब बराबरको निक्षेप रकमको सुरक्षण भई गत आर्थिक वर्षको यसै अवधिको तुलनामा १४.७८ प्रतिशतले वृद्धि भएको।
- यस अवधिमा ९ लाख १३ हजार ऋणीको रू. ८१ अर्ब ३२ करोड बराबरको कर्जा रकम सुरक्षण गरिएको यो रकम गत वर्षको तुलनामा १६८ प्रतिशतले वृद्धि भएको।
- बैंक-वित्तीय संस्थाबाट कर्जा लिई २ हजार १ सय ५६ ऋणीले खरिद गरेको रू.२४ करोड ५६ लाख बराबरको ४ हजार ७ सय ६६ पशुधनको सुरक्षण भएको।
- नागरिक लगानी कोषबाट समीक्षा अवधिसम्ममा थप रू.१० अर्ब ३० करोड बचत परिचालन गरी हालसम्म रू.१ खर्ब ५० अर्ब ८२ करोड बचत संकलन गरेको। साथै, सोही अवधिमा रू.१३ अर्ब ६ करोड थप लगानी भई कुल लगानी रू.१ खर्ब ५९ अर्ब ७० करोड पुगेको।
- नागरिक लगानी कोषको नयाँ बचत कार्यक्रम नागरिक पेन्सन योजना, २०७६ सञ्चालनमा ल्याइएको।

- नागरिक लगानी कोषको सहायक कम्पनीको रुपमा पुँजी बजारमा थोक बिक्रेताको रुपमा कार्य गर्नका लागि स्थापना भएको नागरिक स्टक डिलर कम्पनीले कार्य प्रारम्भ गरेको।
- कर्मचारी सञ्चय कोषमा सञ्चयकर्ताको रू.१३ अर्ब २० करोड र निबृत्तिभरण कोष वापत रू.३८ करोड संकलन भई समीक्षा अवधिसम्ममा कोषको कूल स्रोत रू. ४ खर्ब १० अर्ब ८२ करोड पुगेको छ। साथै, यस अवधिमा सञ्चयकर्ता कर्जा/सापटी प्रवाह रू.११ अर्ब ७३ करोड र परियोजनामा रू.१२ अर्ब ५६ करोड कर्जा/लगानी भएको।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई योगदानमा आधारित निवृत्तिभरण/अवकाश योजना कार्यान्वयन गर्ने उद्देश्यले छुट्टै कार्यविधि बनाई कार्यान्वयनमा ल्याइएको।
- सुरक्षा, प्रतिफल एवम् दिगोपना सुनिश्चित हुने गरी कोषको वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न लगानी विविधीकरण गर्ने उद्देश्यले लगानी नीति-२०७७ तर्जुमा गरी कार्यान्वयन गरिएको।
- सञ्चयकर्ता कार्यालय तथा सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक गर्ने सिलसिलामा हालसम्म ४ लाख ३९ हजार सञ्चयकर्ताको विवरण अद्यावधिक गरिएको।

**बीमा नियमन तथा सेवा विस्तार**

- समीक्षा अवधिसम्ममा २३ प्रतिशत नेपालीमा बीमाको पहुँच पुगेको। वैदेशिक रोजगारमा गएका नेपालीहरूको निम्ति जारी गरीएको वीमालेख समेत गणना गर्दा हालसम्म ७७ लाख २५ हजार २ सय ७४ बीमालेख बिक्री भई बिमामा पहुँच पुगेको जनसंख्या २७ प्रतिशत पुगेको।
- बाली तथा पशुपन्छी बीमा कार्यक्रम अन्तर्गत लाग्ने बीमा शुल्कको ५० प्रतिशत बीमा शुल्क नेपाल सरकारबाट अनुदान दिने व्यवस्था सहितको "बाली तथा पशुपन्छी बीमा निर्देशिका, २०७७" जारी भई कार्यान्वयनमा आएको।
- बीमा दाबी व्यवस्थालाई सहज र सरल बनाई तोकिएको समयभित्र भुक्तानी सुनिश्चित गर्न बीमा दाबी भुक्तानी मार्गदर्शन जारी गरिएको।
- समीक्षा अवधिसम्ममा कृषि बीमाको कुल बीमालेख संख्या ९३ हजार ७ सय ७७ र लघु बीमाको बीमालेख संख्या ३ लाख १५ हजार ६ सय ७१ पुगेको।
- नेपाल सरकारले घोषाणा गरेको बन्दाबन्दीको अवधिमा म्याद समाप्त भएको वीमा प्रलेखको म्याद थप गर्नुका साथै पत्रकारको दुर्घटना वीमा गरिएको।

**पुँजी बजार**

- समीक्षा अवधिमा धितोपत्र सञ्चालन तथा कारोवारमा उत्साहजनक प्रगति भएको। धितोपत्रको प्राथमिक बजारमा रू.१२ अर्ब ४१ करोड ६२ लाख मूल्य बराबरको १२ करोड ४१ लाख कित्ता सेयर निष्काशनका लागि स्वीकृत दिइएको छ। यो स्वीकृति गत आर्थिक वर्ष को यसै अवधिको तुलनामा २८० प्रतिशतले वृद्धि कायम रहेको। यसैगरी, सामूहिक लगानी कोषको रू.१ अर्ब ५० करोड मूल्य बराबरको १५ करोड कित्ता धितोपत्र निष्काशनका लागि स्वीकृत भएको।
- समीक्षा अवधिमा रू.४ खर्ब २२ अर्ब २५ करोड मूल्य बराबरको धितोपत्र कारोबार भएको छ। कुल कारोवारको आधारमा औसत दैनिक कारोबार रू.३ अर्ब ४६ करोड रहेको। गत आर्थिक

वर्षको सोही अवधिमा कुल कारोवार रू.४७ अर्ब र औसत दैनिक कारोबार रू.३८ अर्ब ८ करोड रहेको थियो।

- धितोपत्र मूल्य मापन गर्ने नेप्से सूचकाङ्क २०७६ पौष मसान्त सम्ममा १२६३.३८ विन्दु रहेकोमा २०७७ पौष मसान्तमा २२८६.६ विन्दुमा पुगेको।
- गत आर्थिक वर्षको पौष मसान्तसम्ममा बजार पुँजीकरण रू.१६ खर्ब १० अर्ब ६९ करोड रहेकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्ममा ९१ प्रतिशतले वृद्धि भई रू.३० खर्ब ७९ अर्ब ९४ करोड पुगेको।
- समीक्षा अवधिसम्ममा धितोपत्रको प्राथमिक बजारमा विकास गरिएको विद्युतीय प्रणालीमार्फत् सहभागी हुने लगानीकर्ताको संख्या गत आर्थिक वर्षको सोही अवधिको ६ लाख १५ हजार १ सय २९ को तुलनामा १५३ प्रतिशतले वृद्धि भई १५ लाख ५९ हजार ५ सय ७३ पुगेको।
- समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट रू.१६ अर्ब ६० करोड बराबरको ऋणपत्र दर्ता भई पुँजी परिचालन अनुमति प्राप्त गरेको। गत बर्ष सोही अवधिमा रू.१६ अर्ब ५० करोड बराबरको ऋणपत्र दर्ता भएको।
- संगठित संस्थामार्फत् हुने धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशनमा धितोपत्रको मूल्य निर्धारण पारदर्शी र प्रतिष्पर्धात्मक बनाउन बुक बिल्डिङ्ग निर्देशिका, २०७७ लागु भई योग्य संस्थागत लगानीकर्ताको रूपमा करिब ४ दर्जन संस्थाहरू दर्ता भएका।
- धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को चौथो संशोधन स्वीकृत गरी धितोपत्र कारोबारको राफसाफ चक्रलाई T+३ बाट T+२ मा कायम गरिएको।
- धितोपत्रको कारोवार गर्दा लाग्ने धितोपत्र दलाल व्यवसायी शुल्कमा स-साना लगानीकर्ताको लागि ६० प्रतिशतसम्म र अन्य लगानीकर्ताको हकमा करिब ३३ प्रतिशत कटौती गरिएको।
- २०७७ पौष मसान्तसम्ममा सूचीकृत कम्पनीको संख्या २ सय १५ पुगेको, अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सो संख्या २ सय १२ रहेको।
- सूचीकृत धितोपत्रको चुक्ता मुल्य ५ खर्ब २५ अर्ब ७९ करोड पुगेको छ। यो रकम गत आर्थिक वर्षको पौष मसान्तसम्ममा ४ खर्ब ५२ अर्ब ५३ करोड रहेको।
- केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान विवरण (KYC) सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७७ स्वीकृत भई सिडिएस एण्ड क्लियरिग लि. मार्फत् कार्यान्वयनमा ल्याइएको।

### ४.१.२ उद्योग, वाणिज्य तथा आपूर्ति

- गरिवी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन सम्बन्धी निर्देशिका, २०७७ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- पाइपलाइनबाट पेट्रोलियम पदार्थको ढुवानी (सुरक्षा तथा नियमन) आदेश, २०७७, प्राइभेट फर्म रजिष्ट्रेशन (तेह्रौं संशोधन) नियमावली, २०७७, पेट्रोलियम पदार्थ तथा ग्याँस मूल्य स्थिरीकरण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७७, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र सेफगार्डस्, एन्टि-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग नियमावली, २०७७ तर्जुमा भई कार्यान्वयन गरिएको।

- उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउने सम्बन्धी कार्यविधि, २०७७ र उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्यविधि, २०७७ जारी भएको।
- सिमेन्ट उद्योगहरूका लागि विद्युत प्रसारण लाईन विस्तार गर्न मातातिर्थ र नौविसेमा ३३ के.भि. प्रसारण लाईन तथा सवस्टेशन निर्माण सम्पन्न भएको। हापुरे-तुलसीपुर-दुधराक्ष तथा तुलसीपुर-कपुरकोटको ३३ के.भि. प्रसारण लाईन निर्माण कार्य सम्पन्न भएको।
- गोरखा जिल्ला, ग्याजीको ५ वर्ग कि.मि. क्षेत्रमा तामा अन्वेषणको लागि भौगर्भिक सर्वेक्षणको कार्य सम्पन्न गरिएको। अर्घाखाँची जिल्लाको १० वर्ग कि.मि. क्षेत्रमा बहुमुल्य पत्थर (ज्यास्पर) सर्भे तथा सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको ।
- धौवादी फलाम खानीबाट फलाम उत्पादनका लागि बिद्युत प्रशारण लाईन विस्तार र खानी स्थलसम्म १६ कि.मि. ट्र्याक खोल्ने कार्य भएको।
- विकट पहाडी तथा दुर्गम जिल्लामा खाद्यान्न ढुवानी गर्ने कार्यक्रम अनुसार चालु आर्थिक वर्षको पौष मसान्तसम्म ४ हजार ९ सय ३६ मे. टन चामल ढुवानी गरिएको।
- सार्क खाद्य सुरक्षा वैक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा मौज्दात व्यवस्था गर्न पौष मसान्तसम्म २० हजार ८ सय ४९ मे टन धान खरिद गरी भण्डारण गरीएको।
- रोजगारीसहितको व्यवसायिक सीपमूलक तालिमका लागि ९ हजार ५ सय व्यक्तिलाई तालिम प्रदान गर्न संस्था छनोट भइ सम्झौता सम्पन्न भएको।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली चियाको निर्यात प्रवर्द्धन गर्न र नेपाली चियाको गुणस्तर अन्तर्राष्ट्रियस्तर अनुसारको बनाउने उद्देश्यका साथ विश्व व्यापार संगठन अन्तर्गत रहेको Enhanced Integrated Framework (EIF) सँग Nepal's Increased Sustainable Tea Exports परियोजनाको समझदारीपत्रमा हस्ताक्षर भएको।
- उद्योग विभाग अन्तर्गत १ सय २३ आयोजनाको लागि रू.२३ अर्ब ४७ करोड वैदेशिक लगानीको प्रतिवद्धता भएको।

### ४.१.३ कृषि तथा पशुपन्छी विकास

- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ स्वीकृत भई सबै प्रदेश तथा १० स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिएको।
- आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ , फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण तथा फलफूल खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७, सहकारीहरूसँगको साझेदारीमा रेशम खेति क्षेत्र विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७, स्थानीय तहवाट सञ्चालन हुने कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ र लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्यसञ्चालन प्रक्रिया सम्बन्धी मार्गदर्शन, २०७७, जारी गरी सम्बन्धित क्षेत्रका नीति तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गरिएको।
- लागत सहभागिताको आधारमा कृषकलाई ५५.४२ हजार मे.टन. रासायनिक मलमा करिब रू.४ अर्ब ४४ करोड ४५ लाख अनुदान वितरण भएको।

- सिन्धुली जिल्लाको दुधौली न.पा. र चितवन जिल्लाको माडी न.पा.मा २ सय २१ विघा (१४७.३ हे.) क्षेत्रफलमा चक्लाबन्दी सहितको सामुहिक खेतीको शुरुवात भएको। सामुहिक खेतीमा आवद्ध कृषक घरधुरी संख्या १ सय ३९ पुगेको, सुनकोशी न.पा.मा ३० हेक्टर क्षेत्रफलमा सामुहिक माछापालनको सुरुवात भएको र चितवनको माडिमा ६ बिगाहामा माछापालन पोखरी निर्माण गरिएको।
- वाली लगाउनु पूर्व नै धान वालीको न्युनतम समर्थन मुल्य निर्धारण भएको। त्यसैगरी, उत्पादन लागतमा २२ प्रतिशत नाफा सुनिश्चित गरी कृषकबाट उत्पादन हुने काँचो कफीको न्युनतम मूल्य निर्धारण भएको।
- नेपाली अर्थोडक्स चिया ट्रेडमार्क कार्यान्वयन निर्देशिकाले तय गरेका मापदण्ड अनुसार चिया उत्पादन एवम् प्रशोधन कार्यमा संलग्न १२ चिया उद्योगहरूलाई ट्रेडमार्क प्रयोग अनुमति प्रदान गरिएको।
- विभिन्न देशमा गरी चालु आर्थिक वर्षमा २७ टन घ्यू निर्यात भएको।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पुनःसंरचना गरिएको।
- एक गाउँ एक प्राविधिकको नीति अनुरुप प्राविधिक सेवा प्रदान गर्न २ हजार ५ सय ४७ प्राविधिक खटाईएको।
- पशुबाट सर्ने रोगको रोकथाम र नियन्त्रणको लागि पशुपन्छीको संक्रामक रोग विरुद्धको ९०.२५ लाख डोज खोप उत्पादन भएको।
- चालु आर्थिक वर्षमा धान उत्पादनमा करिव ५ प्रतिशतले वृद्धि भएको। गत आर्थिक वर्षमा करिब ५४ लाख मे.टन धान उत्पादन भएकोमा चालु आर्थिक वर्षमा ४ प्रतिशत वृद्धि भई करिब ५६ लाख ३१ हजार मे.टन धान उत्पादन भएको अनुमान रहेको।

### ४.१.४ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण

- भूमि सम्बन्धी (आठौ संशोधन) ऐन र २०७७ भूमि सम्बन्धी (अठारौ संशोधन) नियमावली, २०७७ जारी भई कार्यान्वयनमा ल्याइएको।
- गरिवी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थालाई सहकारी संस्थाको रुपमा दर्ता तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७, सहकारी सम्बन्धी साधारण सभा (कार्य व्यवस्था) कार्यविधि, २०७७ र बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको सुपरिवेक्षण, निर्देशन तथा अनुगमन कार्यविधि, २०७७ तर्जुमा गरिएको।
- सगरमाथाको उचाई पुनः मापन कार्य सम्पन्न गरी नेपाल र जनवादी गणतन्त्र चीनबाट संयुक्त रुपमा नयाँ उचाई ८८४८.८६ मिटर भएको सार्वजनिक गरिएको।
- समीक्षा अवधिमा ३७ सहकारी संस्थाको अनुगमन, ५ सहकारी र ५ सय ६९ लाई सहकारी सम्बन्धी तालिम प्रदान गरिएको।
- समीक्षा अवधिमा सहित हालसम्म २६ जिल्लामा गरिब घरपरिवार पहिचान सम्पन्न गरी परिचयपत्र तयार भएको। साथै, २३ जिल्लामा गरिब घरपरिवार पहिचान सर्वेक्षणको कार्य सम्पन्न भई करिब ११ लाख ५० हजार घरपरिवारको तथ्यांक संकलन भएको।

- भूमि बैंक सम्बन्धी अवधारणा पत्र स्वीकृति भई ३ सय स्थानीय तहमा भूमि बैक स्थापना गर्न सूचना प्रकाशन गरिएको।
- जग्गा धनीले online मार्फत् घरैबाट जग्गाको कारोबार गर्न सक्ने गरी विभिन्न स्थानमा १९ भूसेवा केन्द्रको स्थापना भएको।

### ४.१.५ श्रम, रोजगार तथा सामाजिक सुरक्षा

- संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित ब्यावसायिक तथा सीप विकास तालिम सञ्चालन कार्यविधी, २०७७ र वालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधी, २०७७ जारी भएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधी, २०७७ संशोधन गरिएको।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७ सय ५३ स्थानीय तहमा ७ लाख ४३ हजार ५ सय ३ बेरोजगार नागरिक रोजगार ब्यवस्थापन सुचना प्रणाली (EMIS) मा सूचीकृत भएको। प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध श्रमिकको सामुहिक दुर्घटना बीमा गरिएको।
- ब्यवसायिक तथा सीप विकास तालिम सम्बन्धी ६ विषय (आधारभूत हाउस किपर, रिसेप्सनिष्ट तथा टेलिफोन अपरेटर, Accounting Application Operator, आधारभूत सुरक्षा गार्ड, रेशाजन्य सामाग्रीबाट बस्तु निर्माणकर्ता र सरसफाई) को पाठ्यक्रम निर्माण भएको।
- ४ सय ४५ गैर नेपालीको श्रम स्वीकृति, ६ सय ५७ श्रम स्वीकृति नविकरण, २१ प्रतिष्ठानको श्रम स्वीकृति अनुगमन र ७ सय ४४ प्रतिष्ठानमा श्रम कानूनको पालना भए/नभएको निरीक्षण गरिएको।
- १ सय ९८ वोयलर निरीक्षण, ९ सय ३९ श्रम अडिट र ७ सय २३ बालश्रम निरीक्षण सम्पन्न भएको।
- इजरायलमा नेपाली केयर गिभर पठाउन नेपाल र इजरायल सरकारबीच मिति २०७७/०६/१४ मा द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर भएको।

### ४.१.६ वन तथा वातावरण

- जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक रणनीति तथा कार्ययोजना (२०७७-२०८७), राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७, नमूना कृषि वन कार्यान्वयन कार्यविधि २०७७, स्थानीय तहसँगको साझेदारीमा सहरी वन विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७७ र स्थानीय तहको साझेदारीमा फोहोरमैला प्रशोधन प्लान्ट स्थापना सम्बन्धी कार्यविधि, २०७७ तयार भई कार्यान्वयनमा आएको।
- यस अवधिमा ५ कि.मि. वनपथ निर्माण तथा ४४८ कि.मि. मर्मत कार्य सम्पन्न र ११ तालतलैया/सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन भएको।
- ५.०४ कि.मि नदी तथा खोला किनारा स्थिरिकरण/व्यस्थापन-स्पर, डाइक, बायोइन्जिनियरिङ्गको लागि संरचना निर्माण भएको, ९ स्थानमा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग संरचना निर्माण भएको।

- यस अवधिमा ८ EIA/IEE गरेका आयोजनाको वातावरणीय अनुगमन गरीएको, ८ सय ६६ नमुनाको विश्लेषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस भएको।
- १२.५१ टन सुगन्धित तेल तथा ३७ लाख ५७ हजार ७ सय ८६ थान हर्वल केयर उत्पादन भएको। विभिन्न ४ वनस्पतिमा फाइटोकेमिकल, फर्माकोलोजिकल अध्ययन सम्पन्न भएको।
- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा १२ Taxa New to KATH को रुपमा समावेश गरी १५ हजार ५ हर्वेरियम नमुनाको Digitization कार्य सम्पन्न गरिएको।

### ४.१.७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

- विभिन्न ४ सय ६५ सम्पदाको संरक्षण तथा पुनःनिर्माण र पुरातात्विक महत्वका ३१ हजार अभिलेखको डिजिटाइजेसन गर्ने कार्य सम्पन्न गरिएको।
- लुम्बिनीमा निर्माणाधीन ५ हजार व्यक्ति क्षमताको ध्यान केन्द्र तथा सभाहलको प्रथम चरणको निर्माण कार्य ९९ प्रतिशत सम्पन्न भएको।
- ग्रेट हिमालयन ट्रेल (मकालु, कञ्चनजङ्गा, यार्सट्रिल, च्छो रोल्पा लगायतका क्षेत्रमा) को १५० कि.मी. निर्माण कार्य सम्पन्न भएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक एयरपोर्टको रुपमा रुपान्तरण गर्न बगैचा निर्माणको कार्य, टर्मिनल भवनमा Silicon Painting को कार्य सम्पन्न भएको। आगमन तर्फ एप्रोन नजिकै बुद्धको धातुको ठुलो मुर्ति राखिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको International Apron को Bay No.६ लाई पुनरुद्धार गर्न ठेक्का सम्झौता भएको।

### ४.१.८ राष्ट्रिय योजना र प्राकृतिक स्रोत तथा वित्त व्यवस्था

- समीक्षा अवधिमा २ आयोजनाको प्रभाव अध्ययन गर्न परामर्शदातासँग सम्झौता गरी कार्य प्रारम्भ भएको, ७ कार्यक्रम/आयोजनाको आन्तरिक मूल्याङ्कन गर्ने कार्य प्रारम्भ भएको। साथै ३ कार्यक्रम/आयोजनाको तेस्रो पक्ष मूल्याङ्कन गर्ने कार्य प्रारम्भ भएको।
- राष्ट्रिय जनगणनाको लागि गणना क्षेत्र नक्साङ्कन कार्य अन्तर्गत २२ हजार ७ सय क्षेत्रको नक्सा तयार भएको, यसैगरि गणना पुस्तिका ६० हजार र सुपरिवेक्षक पुस्तिका १ हजार ३ सय छपाई भएको।
- प्राकृतिक स्रोतको परिचालन, उपयोग तथा रोयल्टी बाँडफाँटका विषयमा उत्पन्न विवादको क्षेत्रगत अध्ययन/सर्वेक्षणा/अनुसन्धानका लागि क्षेत्रगत रुपमा तथ्यांकको परीक्षण गरी अद्यावधिक गर्ने कार्य जारी रहेको।

## ४.२ भौतिक पूर्वाधार

### ४.२.१ संघीय मामिला तथा सामान्य प्रशासन

- तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधी २०७७, उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम कार्यविधी २०७७ र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ स्वीकृत भएको।

- स्थानीय तहको वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना, प्रदेश र स्थानीय तहको लागि बेरूजु फछ्यौट रणनीति, स्थानीय तहको वस्तुगत विवरण तयारी ढाँचा र व्यवस्थापन परीक्षण तथा सेवाग्राही सन्तुष्टी सर्वेक्षण निर्देशिका परिमार्जन भएको।
- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको।
- समीक्षा अवधिमा स्थानीय पुर्वाधार अन्तर्गत ४४ खानेपानी आयोजना, १४ सिँचाइ आयोजना, २० विद्यालय, ३८.११ कि.मि. सडक विस्तार, ३४.२९ कि.मि. सडकमा सब-बेस, ३५.८ कि.मि. सडकमा बेसको कार्य, ३४.५ कि.मि. सडक कालोपत्रे र ८०० कि.मि सडकको Detail Engineering Survey गर्ने कार्य सम्पन्न भएको।
- समीक्षा अवधिमा मुगु-हुम्ला लिंक सडकको ३.५ कि.मि. सडक सारभूत रूपमा निर्माण सम्पन्न भएको।
- समीक्षा अवधिमा १७३ झोलुङ्गे पुल निर्माण सम्पन्न भएको।

### ४.२.२ भौतिक पूर्वाधार तथा यातायात

- सडक बिभाग अन्तर्गत ४१९ कि.मी. थप सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको। साथै, १७१ कि.मि. कालोपत्रे सडकको पुनः निर्माण तथा पुनर्स्थापना गरिएको।
- १९४ कि.मी. नयाँ ट्रयाक निर्माण र २६० कि.मी. सडक खण्डास्मितस्तरमा स्तरोन्नति सम्पन्न भएको।
- स्थानीय सडक पुल अन्तर्गत ३८ र रणनीतिक महत्वका सडक अन्तर्गत १६ पुल गरी जम्मा ५४ पुलको निर्माण कार्य सम्पन्न भएको।
- ७ हजार १८७ कि.मी. सडकको नियमित तथा पटके तथा आवधिक मर्मत तर्फ ५२ कि.मी. सडकको मर्मत कार्य सम्पन्न भएको।
- सिद्धबाबा सुरुङ्ग मार्ग Pre-qualification Document स्वीकृतिको अन्तिम चरणमा रहेको।
- रेल सेवा सञ्चालन गर्न दक्ष प्राविधिक भर्ना प्रक्रिया अन्तिम चरणमा रहेको। भारतीय रेल्वे कम्पनी सँग G to G मार्फत् दुई सेट DEMU ट्रेन खरिद गरि ल्याइएको।
- यो अविधमा ५८३ सडक आयोजनाहरू प्रदेशमा हस्तान्तरण भएको।
- पुष्पलाल (मध्य पहाडी) राजमार्ग आयोजनाबाट ३४ कि.मि. सडक कालोपत्रे र १ पुल निर्माण भएको।
- अन्य आयोजना तथा डिभिजन कार्यालयहरूबाट ४६२ कि.मि. सडक कालोपत्रे र ८४ पुल निर्माण सम्पन्न भएको।
- समीक्षा अवधिमा १२७ कि.मि. हुलाकी राजमार्ग कालोपत्रे र ९५ पुल निर्माण कार्य सम्पन्न भएको।
- मेची-महाकाली (पुर्व पश्चिम) विद्युतीय रेलमार्गको ३५ कि मि ट्राकबेड निर्माण सम्पन्न भएको।

### ४.२.३ शहरी विकास

- नेपाल शहरी सडक मापदण्ड र परिमार्जित भवन निर्माण संहिता नेपाल राजपत्रमा प्रकाशन भएको।
- १९ हजार २ सय ३० सुरक्षित नागरिक आवास निर्माण कार्य अन्तर्गत लाभग्राही छनौट, ११ हजार ९ सय ९ लाभग्राहीसँग सम्झौता र ६ हजार ४ सय १४ आवास इकाईको जस्तापाता सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको।
- २० जिल्लाको सदरमुकाममा सघन सहरी पुर्वाधार निर्माण कार्य अन्तर्गत ३० कि.मि. सडक कालोपत्रे गर्ने कार्य र ४० कि.मि ड्रेन निर्माणको कार्य सम्पन्न भएको।
- बिराटनगर र बीरगंजमा सडक र ड्रेन निर्माण गर्ने कार्य अन्तर्गत ११.६१ कि.मि. सडक, १६.६ कि.मि. सतह नाली र ०.१ कि.मि. ढल निर्माण सम्पन्न भएको।
- काठमाण्डौ उपत्यकाभित्र २ हजार बेड क्षमताको क्वारेन्टाइन स्थल निर्माण गरिएको।

### ४.२.४ ऊर्जा जलस्रोत तथा सिँचाइ

- राष्ट्रिय जलस्रोत नीति, २०७७ तर्जुमा भएको।
- एकिकृत ऊर्जा तथा सिँचाइ बिशेष कार्यक्रम कार्यान्यवन कार्ययोजनालाई समसामयिक परिमार्जन गरिएको।
- १० हजार ६ सय ५५ हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुगेको।
- ठुला तथा मझौला नदीमा गरि ९.८६ कि.मि. तटवन्ध थप गरिएको।
- राष्ट्रिय प्रशारण लाईनमा ३० मे.वा. विद्युत उत्पादन भई थप जडान भएको।
- प्रशारण लाईन निर्माण ६६ के.भि.तर्फ थप २८६ स.कि.मि. विस्तार गरिएको।
- ३३ के.भि.प्रशारण लाइन विस्तारतर्फ थप ६९० कि.मि. विस्तार गरिएको।
- ढल्केवर ४०० के.भि. सवस्टेशन चार्ज भई सञ्चालनमा आएको।
- ६ हजार ३ सय घरेलु सौर्य ऊर्जा प्रणाली थप जडान गरिएको।
- १ हजार ६ सय वायोग्याँस प्लान्ट निर्माण गरिएको।
- १ हजार १ सय सुधारिएको फलामे चुल्हो वितरण भएको।

### ४.२.५ सञ्चार तथा सूचना प्रविधि

- सूचनाको हक सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०७७, प्रेस काउन्सिल (कार्य व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०७७ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ नेपाल सरकारबाट स्वीकृत गरी कार्यन्वयनमा ल्याइएको।
- राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७ र चलचित्र निर्माण तथा वितरण नियमावली छैठौ संशोधन स्वीकृत भई कार्यन्वयनमा ल्याइएको।
- चालु आर्थिक वर्ष मा थप ५८६ किलोमिटर राष्ट्रिय अप्टिकल फाइवर नेटवर्क विस्तार एवम् थप २४  शहर/शहरोन्मुख क्षेत्रमा FTTH सेवा विस्तार गरिएको।

- ५३७ स्थानीय तहका कार्यालय, ४३६३ वडा कार्यालय, ३६६३ माध्यमिक विद्यालय र ३०८१ स्वास्थ्य संस्थाहरूमा ब्रोडब्याण्ड ईन्टरनेट सेवा जडान गरिएको।
- पाथीभरा, हलेसी, वराहक्षेत्र, जानकी मन्दिर र गुरुद्वारामा हटस्पट वाईफाई स्थापना गर्ने कार्य सम्पन्न गरिएको।
- विज्ञापन बोर्ड गठन भई २०७७ कार्तिक ८ गतेदेखि Clean Feed को नीति कार्यान्वयनमा ल्याइएको।
- सरकारी बिद्युतीय सेवाहरूलाई एकिकृत प्रणाली मार्फत् सर्वसाधारण समक्ष पुऱ्याउन नागरिक एप्सको Beta Version सञ्चालनमा ल्याईएको। देशको सबै जिल्लामा 4G LTE सेवा विस्तार भई सञ्चालनमा आएको |
- स्थानीय तहका लागि तयार भएको एउटै मोवाइल एप हाल ६६७ स्थानीय तहका वेवसाइटसँग आवद्ध भएको।
- सरकारी निकायका ३४ website / web portal हरूको web security audit सम्पन्न भएको, Audit गर्न आवश्यक software License हरू e-bidding मार्फत् खरिद सम्पन्न भएको।
- नेपाल टेलिभिजनको Digital Transmitter जडानका लागि बुडितोला, कैलाली, हेटौंडा र पाल्पामा Tower Extension को कार्य सम्पन्न भएको।

### ४.२.६ भूकम्प पछिको पुनर्निर्माण

- समीक्षा अवधिसम्ममा निजी आवास अनुदानतर्फ ७० प्रतिशत घरको निर्माण सम्पन्न र २१ प्रतिशत घर निर्माणाधीन अवस्थामा रहेको। निजी आवास पुनर्निर्माणतर्फ ५० हजार ९ सय ९८ लाभग्राहीले निर्माण कार्य सम्पन्न गरी हालसम्म ५ लाख ५९ हजार १ सय ३९ निजी आवास पुनर्निर्माणको कार्य सम्पन्न भएको छ भने १ लाख ६७ हजार १ सय २६ निजी आवासहरूको पुनर्निर्माण कार्य जारी रहेको।
- समीक्षा अवधिमा निजी आवास अनुदान वितरणतर्फ प्रथम किस्ता वापत ११ हजार ९ सय ८७ लाभग्राहीलाई रू.५० हजार, दोस्रो किस्ता वापत १४ हजार ६ सय २६ लाभग्राहीलाई रू.१ लाख ५० हजार र तेस्रो किस्ता वापत २२ हजार ६ सय ९६ लाभग्राहीलाई रू.१ लाखका दरले निजी आवास अनुदान वितरण गरिएको छ। यसरी निजी आवास अनुदान वितरणमा जम्मा रू. ५ अर्ब ६२ करोड ८ लाख ५० हजार अनुदान वितरण गरिएको।
- निजी आवास प्रवलीकरण गर्न ३ सय १४ लाभग्राहीलाई प्रथम किस्ता बापत रू.५० हजारका दरले रू. १ करोड ५७ लाख अनुदान उपलब्ध गराइएको।
- विद्यालय भवनतर्फ ७ हजार ५ सय ५३ विद्यालयमध्ये हालसम्म ६ हजार ८५ विद्यालयको पुनर्निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको।
- १ हजार १ सय ९७ स्वास्थ्य संस्थामध्ये ६ सय ९८ स्वास्थ्य संस्थाको भवन पुनर्निर्माण कार्य ५८ प्रतिशत सम्पन्न भएको।
- भूकम्पबाट क्षति भएका ९ सय २० पुरातात्विक सम्पदामध्ये हालसम्म ४६५ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न भएको।

- भूकम्पबाट क्षति भई पुनर्निर्माण गर्नुपर्ने ४ सय १५ सरकारी भवनमध्ये ३ सय ७३ भवनको पुनर्निर्माण कार्य सम्पन्न भएको, २ सय १६ सुरक्षा निकायका भवनमध्ये जम्मा २ सय ७ भवनको पुनर्निर्माण कार्य सम्पन्न भएको।
- काठमाडौं उपत्यकाको धरोहरको रुपमा रहेको धरहराको पुनर्निर्माण कार्य जारी रहेको। हालसम्म बीसौं तलासम्मको ढलान सम्पन्न भएको।
- रानीपोखरीको पुनर्निर्माण कार्य सम्पन्न भई सम्माननीय राष्ट्रपतिज्यूबाट उद्घाटन भएको। सिंहदरवारको पूर्व, उत्तर र दक्षिणको भागमा प्रबलीकरण कार्य सम्पन्न भएको।

## ४.३ सामाजिक पूर्वाधार

### ४.३.१ स्वास्थ्य तथा जनसंख्या

- त्रि.वि. शिक्षण अस्पताल लगायतका विभिन्न अस्पतालहरूबाट आकस्मिक सेवा निःशुल्क प्रवाह गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको।
- नेपाल स्वास्थ्य संस्था प्रत्यायन प्राधिकरण स्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा सम्बन्धी अवधारणा-पत्रमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश भएको।
- सबै स्थानीय तहका स्वास्थ्य संस्थाबाट महिलाहरूमा हुने सर्भाइकल क्यान्सरको लागि VIA बिधिबाट र स्तन क्यान्सरको लागि शारीरिक जाँच बिधिबाट निःशुल्क स्क्रिनिङ सेवा सञ्चालन गर्ने निर्देशिका स्वीकृत भएको।
- विशिष्टिकृत अस्पतालहरूबाट विशेषज्ञ स्वास्थ्य सुविधा नपुगेका दुर्गम स्थानका बिरामीको लागि भरपर्दो टेलिमेडिसिन सेवा प्रणाली सञ्चालनमा ल्याउने कार्यविधि स्वीकृत भएको।
- निजी अस्पतालहरूलाई विपद् तथा महामारीको समयमा सरकारले उपयोग गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको।
- विभिन्न अस्पतालहरूमा भेन्टिलेटर १ सय ५ सहित २ सय ८८ आ.ई.सि.यु. बेड थपका लागि रू.६५ करोड खर्च भएको।
- प्रतिष्ठान/केन्द्रिय अस्पताल/तत्कालीन क्षेत्रीय अञ्चल अस्पताल र जिल्ला अस्पतालहरूमा थप ४ हजार १ सय ६२ शैया विस्तार भएको।
- उपत्यकामा ९ सय ५० र प्रत्येक प्रदेशमा १ सय ५० का दरले १ हजार ५० गरी कूल २ हजार बेड High Dependency Unit (HDU) को रुपमा स्थापना/स्तरोन्नति भएको।
- सातै प्रदेशको १० स्थानमा ट्रमा युनिट विस्तार गरिएको।
- देशभरका ३ सय ९६ स्थानीय तहहरूमा ५/१०/१५ शैयाको आधारभूत अस्पताल भवन निर्माण कार्य प्रारम्भ भएको।
- संक्रमणको परीक्षण ( आर.टि.-पी.सी.आर.) का लागि सरकारी ३० र गैर सरकारी ९ गरी ३९ स्थानमा प्रयोगशाला बिस्तार भएको। पौष महिना सम्ममा १९ लाख ९७ हजार ९ को कोभिड-१९ परीक्षण गरिएको।

- स्वास्थ्य बीमा कार्यक्रम ६ सय ३६ स्थानीय तहमा विस्तार भएको, ६ सय ४९ स्थानीय तहमा आधारभूत अस्पताल सञ्चालनमा आएको र संख्याको आधारमा समानुपातिक रूपमा सातै प्रदेशका २ हजार १ सय स्वास्थ्य चौकीहरू न्युनतम सेवा मापदण्डको लागि छनौट भएको।

### ४.३.२ शिक्षा, विज्ञान तथा प्रविधि

- सार्वजनिक विद्यालय सबलीकरण दशक २०७६-८५ अभियान सञ्चालन एवम् अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ जारी भएको।
- विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ र मदन भण्डारी विज्ञान तथा प्राविधिक विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७७ स्वीकृत भएको।
- कोभिड -१९ का कारण विद्यालय सञ्चालन हुन नसकेको अवस्थामा सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरी सबै विद्यार्थीलाई सिकाइ प्रक्रियामा समेटिएको।
- शिक्षण सिकाइ व्यवस्थापन अनुदान व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- हाल सम्म ५३ जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा एवम् दीगो विकासको लक्ष्य नम्बर ४ (SDG 4) कार्यान्वयनका लागि राष्ट्रिय कार्य ढाँचा (National Framework) स्वीकृत भएको।
- विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ तयार भई कार्यान्वयनमा आएको।
- सबै जिल्लाका २९ लाख ९ लाख ५ सय ३७ विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालनमा आएको।
- सबै स्थानीय तहहरूमा छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याड वितरणको व्यवस्था मिलाइएको। २६ लाख छात्रछात्रालाई छात्रवृत्ति प्रदान गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको।
- देशभर उच्च शैक्षिक संस्थाहरूको तथ्यांक संकलन गरी web based map र Mobile App तयार भइ उच्च शैक्षिक संस्थाहरूको तथ्याङ्क अध्यावधिक गरिएको।
- प्रदेश नं.२ को वर्दिबास र सुदुरपश्चिम प्रदेशको धनगढीमा विधि विज्ञान प्रयोगशाला, शाखा कार्यालय स्थापना गरी सञ्चालनमा आएको।

### ४.३.३ खानेपानी तथा सरसफाई

- समीक्षा अवधिमा थप १ लाख ५५ हजार जनतामा आधारभूत तहको खानेपानी सेवाको पहुँच पुगेको।
- मेलम्ची खानेपानी आयोजना उप-आयोजना १ अन्तर्गत सुरुङ्गको परीक्षण सुरु भएको तर अम्बाथान गेटमा देखिएको त्रुटिका कारण स्थगित गर्नु परेकोमा सोको सुधार कार्य सम्पन्न भएको र हेडवर्क्सको ९० प्रतिशत कार्य सम्पन्न भएको।

- मेलम्ची खानेपानी आयोजना उपआयोजना २ मा ३.१८ किलोमिटर थोक वितरण प्रणाली विस्तार, ५.९७ किलोमिटर वितरण प्रणाली विस्तार, ८४.३५ किलोमिटर पाइप सञ्जाल टेस्टिङको कार्य र ८ किलोमिटर सडक पुनर्स्थापना कार्य सम्पन्न भएको।
- सातै प्रदेशमा वाटर एम्बुलेन्सको सेवा विस्तार भई सेवा प्रदायकको समन्वयमा फिल्ड स्तरमा नै खानेपानी गुणस्तर परीक्षण गर्ने गरिएको।
- काठमाण्डौ उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत ९ विभिन्न स्थानमा पानीपोखरी निर्माण, Bulk Distribution System ७६ कि.मि. तथा Distribution Network Improvement ९५.९७ कि.मि. सम्पन्न भएको।
- यस अवधिमा उच्च मध्यम स्तरको खानेपानी सेवाबाट ९५ हजार २ सय ४१ जनसंख्या लाभान्वित भएको।
- काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ५ वाटर एटिएम जडान भएको। पूर्ण सरसफाइ कार्यक्रम प्रवर्द्धनका लागि स्थानीय तहको मागको आधारमा ८० सार्वजनिक शौचालय निर्माण सम्पन्न भएको।

### ४.३.४ महिला बालबालिका तथा जेष्ठ नागरिक

- मानव वेचविखन तथा ओसारपसार नियन्त्रण नियमावली, २०७७ मा संशोधन र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी नियमावली,२०७७ तर्जुमा गरी कार्यान्वयन गरिएको।
- लैङ्गिक हिंसामुक्त समाज निर्माणका लागि साझा अभियान सञ्चालन कार्ययोजना,२०७७ निर्माण भई कार्यान्वयनमा गरिएको।
- राष्ट्रपति महिला समुन्नती पुरस्कार मापदण्ड, २०७७ स्वीकृत भएको।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकारका क्षेत्रमा काम गर्ने संस्थालाई उपलव्ध गराउने संस्थागत अनुदान मापदण्ड, २०७७ तयार भई कार्यान्वयनमा ल्याइएको।
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवति तथा सुत्केरी महिलाहरूका लागि हवाइ उद्धार सम्बन्धी कार्यविधि, २०७७ तयार भएको। यस अवधिमा विभिन्न दुर्गम जिल्लाका ५७ गर्भवती तथा सुत्केरी महिलाको उद्धार भएको।
- मर्यादित महिनावारी प्रवर्द्धन निर्देशिका र कुरीति विरुद्धको सामाजिक साझा अभियान सञ्चालन लागि एकिकृत कार्ययोजना तयार भएको।
- १ सय ६२ सडक बालबालिकाको उद्धार गरी ४० बालबालिकालाई परिवारमा पुनर्मिलन गरिएको र १ सय २२ बालबालिकालाई अस्थायी सेवा संरक्षण केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको। देशभर हराएका ७ सय १६ बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको।
- लैंङ्गिक हिंसा तथा मानव वेचविखन पीडित २ सय ५० को आन्तरिक उद्धार र ४० को वैदेशिक उद्धार भएको।

### ४.३.५ युवा तथा खेलकुद

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन नियमावली, २०७७ र खेलकुद पत्रकारीता तथा सम्मान कार्यविधि, २०७६ (प्रथम संशोधन) कार्यन्वयनमा आएको।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत् कर्जा लगानी भई ३ हजार ७ सय ७१ स्वरोजगार भएको।
- युवा तथा स्वरोजगार कोषमार्फत समीक्षा अवधिमा रू.१४ करोड ३१ लाख २० हजार रकम परिचालन भएको।
- प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता दाङमा पौष २८ मा सम्पन्न भएको।
- मनाङ्ग, जुम्ला र घान्द्रुकमा उच्च पर्वतीय खेलकुद तालिम केन्द्र निर्माण कार्य अगाडी बढाइएको।
- प्रतिभावान १४ खेलकर्मी, खेलाडी, प्रशिक्षक, निर्णायक, चिकित्सक तथा खेलकुद संघलाई राष्ट्रिय खेलकुद प्रतिभा पुरस्कार प्रदान गरिएको।

## ४.४ सार्वजनिक सेवा प्रवाह र सुशासन

- राजनीतिक दल सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७७ तथा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ जारी भएको।
- सार्वजनिक निर्माणको गुणस्तर परीक्षणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्र तथा ८ विभिन्न कार्यालयमा निर्माण गुणस्तर परीक्षण प्रयोगशाला (Engineering Lab) स्थापना गर्न आवश्यक सामाग्री आपूर्ति गरिएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा नेपाल टेलिभिजनको सहकार्यमा "सुशासन सवाल" २६ पटक प्रशारण भएको।
- यस अवधिमा ६० मुद्दा विशेष अदालतमा दायर भई रू.१ अर्ब २७ करोड ३८ लाख दावी लिएको छ।
- भ्रष्टाचार बढी हुने क्षेत्रमा Citizen Jury गठन गरी निरन्तर निगरानी र अनुगमन गर्न ७ जिल्लामा Citizen Jury गठन भएको।
- लोकसेवा अयोगबाट Case Analysis, Case Study र In Basket Test विधिमार्फत् उम्मेदवारको परीक्षण गर्ने कार्यक्रम सञ्चालन भएको।
- निर्वाचन आयेगबाट नेपालको निर्वाचन इतिहास सम्बन्धी पहिलो संस्करण प्रकाशन भएको।
- हेलो सरकारको पोर्टललाई आम नागरिकको आवाज प्रतिविम्वित गर्ने माध्यमका रुपमा विकास गर्न स्तरोन्नति गरि नयाँ व्यवस्था बमोजिम तिनै तहका निकायहरूलाई आवद्ध गरिएको।
- २३ राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति समीक्षा गरी आयोजनाहरूको समस्या पहिचान गरी निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न विभिन्न निर्णयहरू गरी कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाएको।
- सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट सम्पत्ति शुद्धिकरण सम्बन्धी २८ करोड रकम माग दाबी गरी ८ मुद्दा दायर भएको।

- लगानी बोर्डको परियोजना बैंकमा भएका न्यूनतम १० परियोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन सम्बन्धी कार्य जारी रहेको।
- लगानी बोर्डबाट सार्वजनिका नीजि साझेदारी अवधारणा कार्यान्वयन गर्ने गरी १९९.५ मे.वाट. विद्युत उत्पादनका लागि रू.३१ अर्ब ६७ करोड ९१ लाख लगानी स्वीकृत प्रदान गरिएको।
- राजस्व चुहावटको कसुरमा २८ मुद्दामा १ सय ४८ ब्यक्ति विरूद्ध रू.९ अर्ब ५१ लाख तथा विदेशी विनिमय कसुरमा ११ मुद्दामा २४ ब्यक्ति विरूद्ध रू.४ अर्ब ८१ करोड विगो दावी गरी मुद्दा दायर भएको।
- VCTS प्रणालीमा ६ सय ५० सवारी साधन र फर्मको अनुगमन गरी रू.३ करोड ५० लाख जरिवाना गरिएको। समीक्षा अवधिमा यस प्रणालीमा १७ हजार २८ प्रयोगकर्ता थप भएको।

### ४.४.१ रक्षा

- नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको एकिकृत कार्ययोजना कार्यान्वयन भएको।
- ६ हिमाल (सगरमाथा, मकालु, धवलागिरी, आमादब्लम, पुमरी, ल्होत्से) सरसफाइका लागि आवश्यक पर्ने विभिन्न माउण्टनियरीङ्ग इक्युपमेण्टहरू खरिद सम्झौता भएको।
- सुर्खेत क्षेत्रीय एयर बेशको स्थापना तथा स्तरोन्नतिका लागि Construction of Apron & Linkway, Hanger Gate & Main Gate, Internal Road with Drain र Water Supply को बोलपत्र स्वीकृत भई कार्य प्रारम्भ भएको।
- बङ्करदेखि ब्यारेक कार्यक्रम अन्तर्गत थप १०७ क्रमागत भौतिक संरचना निर्माण गर्ने कार्य भइरहेको।

### ४.४.२ गृह प्रशासन

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यविधि, २०७७, स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७७ र विपद् प्रभावित निजी आवास पुननिर्माण तथा स्थानान्तरण अनुदान कार्यविधि, २०७७ तयार भएको। विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भएको।
- लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७७ तयार भएको।
- सशस्त्र प्रहरी बलबाट विपद् व्यवस्थापनका लागि ४० तथा शान्ति सुरक्षा सम्बन्धी Advance तालिम १ सय ९२ र Basic तालिम ५ सम्पन्न भएको।
- आन्तरिक शान्ति सुरक्षाको स्थिति सुदृढ वनाउन स्थानीय स्तरसम्म समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत १ हजार ५ सय ११ सामुदायिक विद्यालयहरूमा जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी ५४ हजार ९ सय २२ लाभान्वित भएको।
- अध्यागमन कार्यालय वेलहिया, भैरहवाको भवन निर्माण गर्ने एवम् बायोमेट्रिक उपकरण, सेक्यूरिटि प्रिन्टिङ्ग लगायतका उपकरण खरिद र जडानकार्य अगाडी वढाइएको।
- २ सय ५० कैदीबन्दीलाई उत्पादनमूलक तालिम प्रदान गरिएको।

### ४.४.३ कानून न्याय तथा संसदीय व्यवस्था

- समीक्षा अबधिमा ३७ ऐन, नियमावली, कार्यबिधि, मापदण्ड तथा निर्देशिकाहरू जारी/स्वीकृत/सहमती/संशोधन भएको।
- सञ्चार माध्यम बाट कानूनी सचेतना कार्यक्रम अन्तर्गत नेपाल टेलिभिजनबाट कानूनका कुरा नामक १२ कार्यक्रम सञ्चालन भएको।
- कानून सेवामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लागि प्रदेशमा कार्यरत कानून अधिकृतहरू सम्मिलित सार्वजनिक खरिद र कानून तर्जुमा विषयका २ प्रशिक्षण सम्पन्न भएको।

### ४.४.४ परराष्ट्र सम्बन्ध

- परराष्ट्र नीति, २०७७ तर्जुमा भई कार्यान्वयनमा आएको।
- कन्सुलर सेवा कार्यविधि, २०७७ स्वीकृत गरिएको।
- केभिड -१९ को विषम परिस्थितिमा बैदेशिक रोजगारीमा रहेका नेपालीहरूको संरक्षणका लागि आर्थिक कुटनीति परिचालन भई १ लाख १८ हजार नेपालीलाई नेपाल फर्कन सहजीकरण र ११ हजार ९ सय नेपालीहरूको रोजगारी थमौति गर्न पहल गरिएको।
- सम्माननीय राष्ट्रपतिज्यूले High -Level Meeting on the Twenty-Fifth Anniversary of the Fourth World Conference on Women (Beijing+२५) लाई सम्वोधन गर्नु भएको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले संयुक्त राष्ट्रसंघको महासभा, Climate Vulnerable Forum Leaders Event, Hight-level Meeting to commemorate the 74th Anniversary of the United Nations र कोभिड - १९ सम्बन्धी संयुक्त राष्ट्र संघीय महासभाको ३१ औ विशेष महाअधिवेशनलाई सम्वोधन गर्नु भएको।
- माननीय परराष्ट्र मन्त्रीज्यूबाट 19th Annual Ministrial Meeting of Landlocked Developing Countries(LLDCs),Protecting Rights of the People in the time of COVID-19 Crisis र Building Resilience of Mountain Communities in the face of Climate Crisis जस्ता कार्यक्रमलाई सम्वोधन गर्नु भएको।
- नेपाल र भारतका विदेश सचिवस्तरीय बैठक काठमाण्डौमा सम्पन्न भई सीमा सम्वन्ध लगायत द्विपक्षीय हितका विषयमा छलफल भएको।
- इजरायल र ओमानसंग प्रवेशाज्ञा छुट सम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको।
- नेपाल २०२१-२०२३ अवधिका लागि UN Human Right Council को सदस्यमा निर्वाचित गरिएको।
- नेपाल २०२१-२०२४ अवधिको लागि Committee on the Convention on the Elimination of all Forms of Discrimination Against Women(CEDAW) को सदस्यमा पुनः निर्वाचित भएको।
- नेपाल-भारत सीमा सम्बन्धी प्रमाण संकलन गरी विज्ञ समूहले माननीय परराष्ट्र मन्त्रीज्यूसमक्ष वुझाएको।

- नेपाल-भारत व्यापार, पारवहन तथा अवैध व्यापार नियन्त्रणा उपसमिति (Intergovernmental Sub Committe, IGSC) र नेपाल-भारत अन्तरसरकारी समिति (Intergovernmental Committe, IGC) को बैठक भर्चुअल माध्यमबाट सम्पन्न भएको।
- विद्युतीय राहदानी लागु गर्न IDEMIA Security SAS, France सँग खरिद सम्झौता सम्पन्न भएको।

## परिच्छेद - पाँच

## बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्दै राज्यले सञ्चालन गर्ने समग्र आर्थिक क्रियाकलापलाई पारदर्शी वनाई जनताप्रति जवाफदेहिता र वैधताको प्रत्याभूति मार्फत् सुशासन अभिवृद्धि गर्ने प्रयास गर्न सरकार प्रतिवद्ध रहेको छ। गुणात्मक आयोजना र कार्यक्रम छनौट, भरपर्दो स्रोतको सुनिश्चितता, विनियोजन कुशलता, सार्वजनिक खर्चमा सक्षमता र प्रभावकारिता, खर्चको उपयुक्त लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास, सरकारी सम्पत्तिको कुशल व्यवस्थापन, सार्वजनिक दायित्वको समुचित प्रवन्ध र सरकारी लगानीको उत्पादकत्व वढाउन विभिन्न प्रयासहरू अवलम्वन भएका छन। मन्त्रालयगत बजेट सुचना प्रणाली (LMBIS) लाई स्तरोन्नति गरी प्रयोगकर्तामैत्री वनाउने प्रयास गरिएको छ। बजेट व्यवस्थापन सूचना प्रणालीलाई बृहत र सहज वनाईएको छ।

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा सार्वजनिक वित्त व्यवस्थापनमा विगत देखि थालिएका सुधारका प्रयासहरूलाई थप गति दिई समयानुकूल, प्रविधीमैत्री, पारदर्शी, अनुशासित, उपलब्धिमूलक र जवाफदेहीपूर्ण बनाउने कार्यलाई थप जोड दिइएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ समेत जारी भइसकेको छ।

कोभिड-१९को संक्रमणले मुलुकको समग्र आर्थिक क्रियाकलाप प्रभावित भै स्रोत संकलनमा केही कठिनाई उत्पन्न भएता पनि सार्वजनिक स्रोतको वढदो मागलाई समुचित व्यवस्थापन गरी मितव्ययी एवम् नतिजामुखी बनाउन सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड,२०७७ लागु गरिएको छ।

संघीय वित्तीय प्रणाली अनुरूप आर्थिक कार्यविधिलाई परिष्कृत गरिएको, वित्त व्यवस्थापन र खर्च प्रणालीमा पदाधिकारीहरूको वित्तीय उत्तरदायित्व तोकी नतिजा प्रति जिम्मेवार बनाइएको, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई समेत थप व्यवस्थित गरिएको छ।

आयोजना र बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रतिवेदन र वित्तीय संघीयता कार्यान्वयनका लागि विभिन्न कानूनी र संरचनागत सुधारका साथै सूचना प्रविधि प्रणालीलाई थप परिष्कृत र एकिकृत गर्ने प्रयासहरू गरिएका छन्। यी सुधारका प्रयासबाट बजेट प्रणाली स्वयं जवाफदेही र उत्तरदायी भई सार्वजनिक वित्त व्यवस्थापन सुदृढ हुँदै गएको छ।

### ५.१ वित्तीय संघीयता कार्यान्वयन र वित्त हस्तान्तरण

- नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को कानूनी व्यवस्थाको अधीनमा रही वित्तीय संघीयता कार्यान्वयन गर्न आवश्यक मापदण्ड र कार्यविधि तर्जुमा गरिएको।
- सह-लगानी सम्बन्धी कार्यविधि,२०७७ जारी भई सहलगानीका क्षेत्र तथा रकम समेत किटान गरी स्पष्टता कामय गरिएको छ। विशेष अनुदान र समपुरक अनुदान सम्बन्धी कार्यविधि संशोधन गरि समसामयिक बनाईएको।
- चालु आर्थिक वर्षको प्रथम ६ महिनामा प्रदेश तथा स्थानीय तहमा सःशर्त अनुदानमा रू.८८ अर्ब ९३ करोड ३७ लाख र वित्तीय समानीकरण अनुदानको रुपमा रू.५९ अर्ब ३९ करोड १८

लाख हस्तान्तरण गरिएको छ। प्रदेश तथा स्थानीय तहमा विशेष र समपुरक अनुदानवापत रू.१९ अर्ब ९३ करोड विनियोजन भएकोमा समीक्षा अवधिसम्म रू.४ अर्ब ३५ करोड ७० लाख बाँडफाँट गरी हस्तान्तरण गरिसकिएको छ। प्रदेश र स्थानीय तहमा बाँडफाँट भई वित्तीय हस्तान्तरण भएको रकमलाई तालिका ५.१ मा प्रस्तुत गरिएको छ।

तालिका नं ५.१ प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण

| विवरण | अनुदानको प्रकार | | | | रू.लाखमा |
|---|---|---|---|---|---|
| (क)प्रदेश तर्फ | समानीकरण अनुदान | शसर्त अनुदान | विशेष अनुदान | समपुरक अनुदान | कुल |
| प्रदेश १ | १९९९६ | १८९१७ | १७६६ | २७८१ | ४३४५९ |
| प्रदेश २ | १७५५० | १४८३९ | ० | ० | ३२३८९ |
| बाग्मती प्रदेश | १९५६५ | १९४४७ | १६३३ | २७२७ | ४३३७२ |
| गण्डकी प्रदेश | ३५५६३ | १४०१४ | १८०० | ४९९६ | ५६३७३ |
| लुम्बिनी प्रदेश | ३८१८६ | ३४३१३ | १३९९ | ३२१९ | ७७११७ |
| कर्णाली प्रदेश | २४०८२ | १२७३९ | ० | ० | ३६८२२ |
| सुदूर पश्चिम प्रदेश | ४०३८४ | २५४८६ | ० | ० | ६५८७० |
| प्रदेशको जम्मा | १९५३२६ | १३९७५४ | ६५९८ | १३७२४ | ३५५४०२ |
| (ख)स्थानीय तर्फ | ३९८५९२ | ७४९५८२ | १३२३९ | १०००९ | ११७१४२२ |
| प्रदेश/स्थानीय तर्फको कुल जम्मा | ५९३९१८ | ८८९३३७ | १९८३७ | २३७३३ | १५२६८२४ |

- बजेट तर्जुमासँगै प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण हुने रकमको परिचालनका सम्बन्धमा विनियोजन ऐनमार्फत् स्पष्टता गरिएको छ। प्रदेश र स्थानीय तहका लागि बजेट कार्यान्वयन सम्बन्धी छुट्टै मार्ग दर्शनहरू जारी गरिएको।
- वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र २ गते, कार्त्तिक २ गते, माघ २ गते र बैशाख २ गते गरी चार किस्तामा जम्मा गर्ने कानूनी व्यवस्था रहेको।
- वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्त भित्र पेश गर्ने व्यवस्था गरिएको।

- सःशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेशको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र २ गते जम्मा गर्ने व्यवस्था गरिएको।
- प्रदेश तथा स्थानीय तहले सःशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्च विवरण सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान सहितको कार्ययोजना प्रत्येक आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको।
- कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते र असार २५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्त सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिएको। यसरी खर्चको विवरणका आधारमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सःशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिने व्यवस्था मिलाईएको।
- प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने कार्यक्रम/आयोजना र सोमा विनियोजित बजेट मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत् हस्तान्तरण गरिएको छ। प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारीमा रहेको पुँजिगत तर्फका कार्यक्रम/आयोजना संघीय ईकाईमार्फत् कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृतिमा कार्यान्वयन गर्न सकिने व्यवस्थालाई निरन्तरता दिइएको।
- प्रदेश तथा स्थानीय तहमा सःशर्त अनुदानबाट सञ्चालनमा रहेका आयोजना/कार्यक्रमलाई निरन्तरता दिई कार्यान्वयन गर्न थप रकम माग भई आएमा अर्थ मन्त्रालयले त्यस्तो आयोजना/कार्यक्रमको प्रगतिको आधारमा थप रकम वित्तीय हस्तान्तरण गरिने।

### ५.२ आयोजना र कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

- प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन गर्न प्रदेशको लागि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System-PLMBIS) र स्थानीय तहका लागि Sub-national Treasury Rregulatory Application- SuTRA कार्यान्वयनमा ल्याइएको। प्रदेशस्तरीय बजेट सूचना प्रणालीलाई स्तरोन्ती गरी प्रयोगकर्तामैत्री वनाउने प्रयास जारी राखिएको।
- प्रदेश तथा स्थानीय तहले सञ्चालन गर्ने वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगतिसहित तोकिएको समयभित्र सोधभर्ना प्राप्त गर्न नसकेमा सो वरावरको रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहमा अर्को वर्ष हस्तान्तरण हुने समानीकरण अनुदानबाट कट्टा गरी हिसाव मिलान गर्ने व्यवस्था गरिएको।

### ५.३ आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

- कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी रकम विनियोजन भएको भए २०७७ असोज मसान्तभित्र सम्पूर्ण रकम बाँडफाँट गरी सोको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिएको छ।

- वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट दोश्रो चौमासिकसम्म खर्च हुन नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो बजेट २०७७ चैत १५ गतेभित्र अनिवार्य रूपमा फिर्ता गर्नुपर्ने व्यवस्था गरिएको।
- प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने सःशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको खर्चको विवरण तत्काल प्राप्त गरी सोधभर्ना माग गर्ने र सोको अभिलेख अनिवार्य रूपमा राख्ने व्यवस्था गरिएको।
- कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नयाँ कार्यक्रमको तर्जुमा गर्नुपर्ने भए भदौ मसान्तभित्र सम्पन्न गर्ने व्यवस्था मिलाईएको।
- सडक, पुल, बाँध सिँचाइ नहर जस्ता लामो समयसम्म सञ्चालनमा रहने रू.५ करोड भन्दा माथिका पूर्वाधार आयोजनाका हकमा नयाँ आयोजनाको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तिमा ५ वर्ष सम्बन्धित निर्माण व्यावसायीले नै मर्मत गर्नु पर्ने व्यवस्था गरिएको। राष्ट्रिय सतर्कता केन्द्रबाट रू.१० करोड भन्दा माथिका आयोजनाको भौतिक निर्माण सम्बन्धी कार्यको गुणस्तरको प्राविधिक परीक्षण गराउनु पर्ने व्यवस्था गरिएको।
- वित्तीय व्यवस्था अन्तर्गत वाहेक आर्थिक वर्षको अन्त्यमा पूर्व आन्तरिक लेखा परीक्षण नगरी कुनै पनि खर्च रकम भुक्तानी नदिने व्यवस्था गरिएको।
- सडक निर्माणको लागि ठेक्का आव्हान गर्दा खानेपानी, ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेत एउटै प्याकेजमा समावेश गरी वोलपत्र आह्वान गर्ने व्यवस्था गरिएको।
- सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कनलाई आधार लिनुपर्ने व्यवस्था गरिएको।
- आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा अर्थ मन्त्रालयको पूर्व सहमती लिएरमात्र गर्नु पर्ने व्यवस्था गरिएको।

## ५.४ अख्तियारी/कार्यक्रम स्वीकृति एवम् संशोधन सम्बन्धी व्यवस्था

- मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry budgetary Information System-LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको सहमती लिनुपर्ने व्यवस्था गरिएको।
- तर निम्न अवस्थामा उल्लेखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी नेपाल सरकारको स्रोततर्फ सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले विनियोजन ऐन, २०७७ को दफा ८ को उपदफा ७ बमोजिम देहाय अनुसार कार्यक्रम संशोधन र रकमान्तर गर्न सक्ने व्यवस्था गरिएको।
    - उपदफा ७ (क) एउटै बजेट उपशीर्षक भित्रको भइरहेको क्रियाकलापको परिमाणात्क लक्ष्य थप घट गर्ने।
    - उपदफा ७(ख) स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६को दफा २० (२)को अधीनमा रही थप हुने खर्च शीर्षकको शुरु विनियोजनको २५ प्रतिशतसम्मको रकमान्तर।

- उपदफा ७ (ग) बमोजिम एक भन्दा वढी निकायमा बाँडफाँट भएको एउटै उप शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु परेमा घटाउनु पर्ने निकायसंग कोष तथा लेखा नियन्त्रक कार्यालयको रोक्का पत्रको आधारमा क्रियाकलाप र परिमाणात्मक लक्ष्य नघट्ने गरी कार्यक्रम संशोधन।

यसरी गरिएको कार्यक्रम संशोधन तथा रकमान्तरलाई सोही ऐनको दफा ८ को उपदफा ८ बमोजिम लेखा उत्तरदायी अधिकृतले LMBIS प्रविष्ट गर्ने व्यवस्था समेत मिलाईएको।

## ५.५ समीक्षा अवधिमा गरिएका प्रयास

### ५.५.१ विशेष अनुदान कार्यविधि र समपुरक अनुदान कार्यविधि संशोधन

विशेष र समपुरक अनुदान अन्तर्गतका आयोजना छनौट र अनुगमन लगायतको कार्य राष्ट्रिय योजना आयोगबाट सम्पादन गर्ने गरी विशेष अनुदान कार्यविधि र समपुरक अनुदान कार्यविधिलाई थप संशोधन सहित कार्यान्वयनमा ल्याइएको छ। आगामी आर्थिक वर्षको आयोजनाको छनौट चालु आर्थिक वर्षको फागुन १५ गते भित्र सम्पन्न गर्ने गरी राष्ट्रिय योजना आयोगबाट आयोजना संकलनको कार्य भइरहेको।

### ५.५.२ मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा सुधार

- सूचना प्रविधिको प्रयोगमार्फत् बजेट तर्जुमा र कार्यान्वयन प्रक्रियामा सहजीकरण गर्ने उद्देश्यले मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) लाई समयानुकूल परिमार्जन गरी प्रयोगकर्तामैत्री बनाउन Web-based बनाई चालु आर्थिक वर्षबाट (LMBIS) को परिमार्जित स्वरुप कार्यान्वयनमा ल्याईएको।
- क्रियाकलापमा आधारित बजेट (Activity Based Budget) तर्जुमा र कार्यान्वयनतर्फ केन्द्रित भई सुचना प्रविधिमा आधारित बजेट प्रणालीलाई थप परिष्कृत गर्ने कार्यलाई तिव्रता दिइएको।

### ५.५.३ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधारहरू

- आयोजनाहरूमा ठूलो आर्थिक दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य गर्दै निर्दिष्ट समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न ठूला आयोजनाहरूको बहुवर्षीय खरीद प्रक्रियाको समुचित व्यवस्थापनका लागि निश्चित आधार तथा मापदण्डसहितको आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- कोभिड-१९को संक्रमण जोखिम न्यूनिकरणका लागि नेपाल सरकारबाट घोषणा भएको बन्दाबन्दी अवधिभरमा खरिद सम्झौता भएका तथा उक्त अवधि भित्र सम्झौताको म्याद समाप्त भएका तर सम्झौता बमोजिम कार्य सम्पन्न हुन नसकेका खरिद सम्झौताका हकमा थप आर्थिक दायित्व नपर्ने गरी सम्झौताको म्याद बढीमा ६ महिना सम्बन्धित पदाधिकारीले म्याद थप स्वीकृत दिन सक्ने व्यवस्था गरिएको। पुनः बन्दाबन्दीको अवधि अगावै वा वन्दावन्दीको समयमा सम्झौता भई चालु रहेका ठेक्काको हकमा समेत एक पटकका लागि बढीमा ६ महिनाको म्याद थप गर्न सक्ने व्यवस्था गरिएको।
- विगतदेखि निर्माण प्रारम्भ भएका तर स्रोतको न्युनताले गर्दा सम्पन्न हुन नसकेका प्रदेशमा हस्तान्तरण भएका अधुरा आयोजना सम्पन्न गर्ने प्रयोजनको लागि रू.१० अर्ब विनियोजन गरी माग, कार्य प्रगति र स्रोतको उपलब्धताका आधारमा निकासा दिने काम शुरु गरिएको।

- मन्त्रालयगत बजेट सूचना प्रणालीलाई स्तरोन्नति गरिएको। नेपाल सरकार र प्रदेश तहमा कार्यान्वयनमा रहेका क्रमशः मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र प्रदेश एकल खाता कोष प्रणाली (PTSA) विद्युत्तीय खर्च लेखाङ्कन प्रणाली (CGAS ) बीच एक आपसमा आवद्धता (Integration) गरी बजेट निकासा र भुक्तानीमा रहेको जोखिमलाई न्यूनीकरण गरिएको।
- एकल खाता कोष प्रणाली (TSA) सरकारी विद्युत्तीय खर्च लेखाङ्कन प्रणाली (CGAS) लाई क्रियाकलापमा आधारित (Activity Based Accounting ) हुने गरि प्रयोगमा ल्याईएको।
- आर्थिक वर्ष २०७६\७७ को सवै स्थानीय तहबाट वित्तीय विवरण Sub National Treasury Application (SuTRA)बाट प्राप्त गरी तयार गरिएको।
- सरकारी भुक्तानी प्रणालीमा Electronic Fund Transfer (EFT) नेपाल सरकार र सबै प्रदेश सरकारका निकायमा लागु गरिएको।
- राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय भुक्तानी सम्बन्धी सेवा प्रदायक संस्थालाई आवद्ध गर्ने निर्देशिका,२०७७ लागु गरिएको।
- करदाताको कारोबार लागत/समयमा कमी ल्याउन Electronic Bill Presentation and Payment (EBPP) कार्यान्वयनमा ल्याईएको छ। कर तथा सेवा शुल्क भुक्तानीमा थप सुधार गरी Digital Wallet सँग RIMS लाई आवद्धता गरी कार्यान्वयनमा ल्याईएको।
- खर्च लेखाङ्कन तथा प्रतिवेदन गर्न नेपाल सरकार र प्रदेश सरकारका सम्पूर्ण कार्यालयहरूमा विद्युतीय खर्च लेखाङ्कन प्रणाली (Computerized Government Accounting System-CGAS) लागु गरिएको।
- सरकारी लेखा प्रणालीको सञ्चालन पुस्तिका (CGAS Manual) तयार गरी कार्यान्वयनमा ल्याईएको।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Assets Management System -PMAS तयार गरी नेपाल सरकारको एकिकृत सम्पति विवरण तयार गर्न शुरुवात गरिएको छ।
- वित्तीय प्रणालीहरू (CGAS, PMAS, RIMS, SuTRA,TSA ) मा रहेका समस्या समाधान गर्न र तिनै तहका कर्मचारीहरूको प्रणाली सञ्चालनमा क्षमता विकास गर्न सवै प्रदेश सदरमुकाममा प्रदेश सहयता केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईएको। हाल सञ्चालनमा रहेको विभिन्न प्रणालीहरूको सञ्चालन निरन्तरता (Business Continuity) को लागि Multiple Data Center हेटौडामा स्थापना गरी प्रणाली सुदृढीकरण गरिएको।
- निवृतिभरकलाई निवृत्तिभरण भुक्तानीमा बैंकहरूलाई सोधभर्ना दिने प्रणालीमा सुधार गरी विद्युतीय भुक्तानी प्रणाली मार्फत् नै सोझै सेवा निवृत कर्मचारीको खातामा भुक्तानी दिने व्यवस्था मिलाईएको। यो प्रणाली कार्यान्वयनमा नेपाल सरकारले बैंकलाई भुक्तानी दिनु पर्ने वार्षिक रू.५० करोड वचत भएको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार आन्तरिक लेखा परीक्षण र लेखापालनमा छुट्टा छुट्टै जनशक्ति रहने गरी महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा

नियन्त्रक कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भै कार्यान्वयनको चरणमा रहेको।

- NPSAS मा आधारित प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याईएको।
- २०७७ भाद्र र पुष महिनामा माननीय अर्थमन्त्रीको उपस्थितिमा सबै मन्त्रालयका सचिव, योजना महाशाखा प्रमुख र आयोजना प्रमुखसँग चालु वर्षको बजेट कार्यान्वयनमा देखिएका समस्या र अर्थ मन्त्रालयको तर्फबाट गरिनु पर्ने सहजीकरण र समन्वयको कार्य गरिएको।
- नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनलाई थप व्यवस्थित गर्न अनुगमन तथा मूल्याङ्कन विधेयक संघीय संसदमा पेश गरिएको।
- बजेट सम्बन्धी कार्यसञ्चालन निर्देशका, २०७७ (आठौं संस्करण) कार्यान्वयनमा ल्याईएको।
- रू.५० करोडभन्दा माथि लागत भएका आयोजना राष्ट्रिय आयोजना बैंकमा अनिवार्य रूपमा सूचिकृत हुन पर्ने व्यवस्था गरिएको।
- आन्तरिक ऋणलाई विकास खर्चमा मात्र उपयोग गर्ने गरी परिचालन गरिएको।
- सरकारको सञ्चित कोष र नगद प्रवाहको अवस्था बारे नियमित समीक्षा गरी कोष व्यवस्थापन पद्धतिलाई सुदृढ बनाईएको।

# परिच्छेद - छ
# खर्चको संशोधित अनुमान र पुनः प्राथमिकीकरण

## ६.१ समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान

### ६.१.१ खर्चको संशोधित अनुमान

आर्थिक वर्ष २०७७/७८ को बजेट तर्जुमाका बखत मुलुक कोभिड-१९ को विश्वव्यापी महामारीको उच्च जोखिममा रहेको थियो। सरकारले दैनिक आर्थिक र सामाजिक क्रियाकलापमा प्रतिकूल प्रभाव पर्ने अवस्था हुँदाहुँदै जनताको जीवन रक्षालाई उच्च प्राथमिकतामा राखी संक्रमण जोखिमलाई न्यूनिकरण गर्न बन्दाबन्दीको घोषणा गरेको थियो। बन्दाबन्दीकै बीचमा चालु आर्थिक वर्षको बजेट तर्जुमा गर्दा कोभिड-१९ का कारण प्रभावित जनजीवनलाई तत्काल राहत दिने, आर्थिक क्रियाकलापलाई सहुलियत र सुविधा दिंदै आर्थिक पुनरूत्थान गर्ने, स्वास्थ्य पूर्वाधारमा लगानी बढाउने, स्वदेशी श्रमशक्ति र वैदेशिक रोजगारीबाट फर्केका नागरिकलाई रोजगारी र स्वरोजगारीमा आवद्ध गर्ने, शिक्षा, ठूला पूर्वाधार, साना र तत्काल प्रतिफल आउने आर्थिक पूर्वाधारका क्षेत्रमा सरकारी खर्च बढाउने गरी बजेट विनियोजन गरिएको थियो।

कोभिड-१९ को संक्रमण जोखिम रोकथाम तथा नियन्त्रण गर्न चालिएका प्रयासहरूको कारण आर्थिक क्रियाकलापमा आएको संकुचनले गर्दा राजस्व संकलन समेत प्रभावित हुने अनुमानका आधारमा सरकारको कुल बजेट अघिल्लो आर्थिक वर्ष २०७६/७७ को शुरू विनियोजनको तुलनामा रू.५८ अर्ब ३२ करोडले कम अनुमान गरिएको थियो। बजेट विनियोजन गर्दा चालु खर्चतर्फ कोभिड-१९ को रोकथाम नियन्त्रण र कोभिड प्रभावित क्षेत्रलाई प्रदान गरिने राहत र उद्धारका केही लक्षित कार्यक्रम तथा आर्थिक पुनरुत्थानका कार्यक्रम बाहेक अन्य खर्चमा कटौती गरी शुरू विनियोजन गत वर्ष भन्दा कम गरिएको थियो। पुँजीगत खर्चतर्फ नयाँ आयोजना थप नगरी निर्माणाधिन आयोजनालाई नै निरन्तरता दिने नीति लिइएको थियो। प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने विकास आयोजना र क्रियाकलापहरूमा बजेटको कमी नगर्ने नीति अनुरूप कुल बजेटको आकार घट्दा पनि वित्तीय हस्तान्तरण हुने कुल रकममा वृद्धि गरिएको थियो।

चालु आर्थिक वर्षको शुरूमा नै बजेट मार्गदर्शन जारी गरी समय मै बजेट कार्यान्वयन गर्न स्पष्ट निर्देशन दिइएको थियो। जारी गर्नुपर्ने नीति/नियमावली, निर्देशिका/मापदण्ड समयमा नै जारी गर्ने, अस्थायी दरबन्दी सिर्जना समयमा नै सम्पन्न गर्ने, बाँडफाँट गर्नुपर्ने रकम असोज मसान्तसम्म गरिसक्नु पर्ने लगायत बजेट कार्यान्वयनका कार्ययोजना समेत तर्जुमा गरी कार्यन्वयन गर्ने गरी मार्गदर्शन पठाइएको थियो। कोभिड-१९ संक्रमणको जोखिम कम हुँदै गएकोले जनजीवन सामान्यीकरणमा फर्कदै गरेको अवस्थाका कारण चालु आर्थिक वर्षको शुरू देखि नै बजेट कार्यान्वयनमा अपेक्षाकृत सुधार हुने अनुमान गरिएको थियो। समयमा नै ठेक्का खरिद सम्बन्धी प्रक्रिया सम्पन्न गर्न समेत पटक पटक मन्त्रालय/निकायलाई अर्थ मन्त्रालयले ध्यानाकर्षण गराएको थियो। तथापि, चालु आर्थिक वर्षको प्रथम ६ महिनामा भएको कुल खर्चको विश्लेषण गर्दा चालुतर्फ वित्तीय हस्तान्तरण वाहेक अधिकांश खर्च शीर्षकमा वृद्धिदर ऋणात्मक कायम रहेको छ। आर्थिक वर्षको प्रारम्भको २ महिना कोभिड संक्रमणको उच्च जोखिम देखिएकोले बजेट कार्यान्वयनमा ढिलाई हुँदा समग्र समीक्षा अवधिको प्रगति सन्तोषजनक हुन सकेको छैन।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा बजेटको आकार घटेको कारण तत्काल सिर्जना भएका दायित्वको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। चालु खर्चलाई मितव्ययितापूर्ण ढंगले व्यवस्थापन गर्ने र पुँजीगततर्फ अपेक्षित नतिजा हासिल हुने गरी परिमाणात्मक र गुणात्मक रूपमा वृद्धि गर्नुपर्ने अवस्था रहेको छ।

चालु आर्थिक वर्षको बजेट तर्जुमा पश्चात् बजेट विनियोजन, खर्च प्रणाली र आयोजना व्यवस्थापनका क्षेत्रमा विभिन्न नीतिगत सुधारहरू गरिएका छन्। संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ कार्यान्वयनमा आएको र चालु आर्थिक वर्षको माघ महिनादेखि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ समेत जारी भएकोले बजेट कार्यान्वयनमा जिम्मेवार पदाधिकारीहरूको जिम्मेवारी र वित्तीय उत्तरदायित्व प्रष्ट किटान गरिएको र भुक्तानी गर्नुपर्ने समय सीमा समेत निर्धारण गरिएकोले आर्थिक वर्षको बाँकी अविधमा बजेट खर्चले तीब्रता पाउने अपेक्षा गरिएको छ। साथै, कोभिड संक्रमणको जोखिम क्रमश: घट्दै गएकोले आयोजना/कार्यक्रमको कार्यान्वयनमा थप तिव्रता आउने अपेक्षा गरिएको छ। गत वर्षको पछिल्लो चार महिनामा कोरोना संक्रमण जोखिमका कारण गति लिन नसकेका आयोजना/कार्यक्रम यस वर्ष कार्यान्वयन हुने हुँदा आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्चमा सुधार आउने अपेक्षा गरिएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा शुरु भएका केही ठूला आयोजना/कार्यक्रमहरूको कार्यान्वयनले पछिल्लो समयमा तिव्रता पाएको, कोभिडको कारण सम्पन्न हुन नसकेका वा सम्पन्न भई म्याद थप नभएका ठेक्काको भुक्तानी गर्ने कानूनी आधार तयार भएको, प्रदेशबाट सञ्चालित आयोजनाको कार्यान्वयनले तिव्रता पाएको कारण चालु आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्च बढ्ने अनुमान गरिएको। यसका अतिरिक्त प्रदेश र स्थानीय तहमा हस्तान्तरित आयोजनाको निर्माण कार्यले गति लिएको कारण पुँजीगत खर्चमा समेत वृद्धि हुने अपेक्षा लिइएको छ।

यस आर्थिक वर्षको पछिल्लो ६ महिनाको खर्च अनुमान गर्दा कोभिड-१९ महामारीको जोखिम उल्लेखनीय रूपमा घट्नु, कोभिड विरूद्धको खोप शुरूवात भएकोले आर्थिक क्रियाकलाप र दैनिक जनजीवन सामान्य बन्दै गएको कारण आमजनतामा विश्वास बढ्ने, निर्माणाधिन आयोजनाले गति लिने, गत वर्ष सम्पन्न हुन नसकेका आयोजनाको ठेक्काको म्याद थप भएको र प्रतिनिधिसभा सदस्य निर्वाचन घोषणा भएकोले समेत आर्थिक गतिविधि बढ्ने हुँदा तीनै आधारलाई मध्यनजर राखी सार्वजनिक खर्चमा सुधार हुने अपेक्षा गरिएको छ। उपर्युक्त आधारमा चालु आर्थिक वर्षमा शुरू विनियोजनको तुलनामा ९१.१९ प्रतिशत खर्च हुने अनुमान गरिएको छ। संशोधित बजेटको विवरण तालिका नं. ६.१ मा उल्लेख गरिएको छ।

**तालिका ६.१: खर्चको संशोधित अनुमान** (रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०७६/७७ | | | समष्टिगत स्थिति | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | प्रतिशत | २०७७/७८ को बजेट | पुससम्मको यथार्थ खर्च | २०७७/७८ को संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| चालु खर्च | ९५७१०१४ | ७८४१४८९ | ८१.९३ | ९४८९४०६ | ३४२३५६३ | ९१४७८०० | ९६.४० |
| पुँजीगत खर्च | ४०८००५९ | १८९०८४७ | ४६.३४ | ३५२९१७५ | ५०८१७० | २८३०४०० | ८०.२० |
| वित्तीय व्यवस्था | १६७८५९८ | ११७९०१६ | ७०.२४ | १७२७८७३ | २२५७२२ | १४६८६०० | ८५.०० |
| जम्मा | १५३२९६७१ | १०९११३५३ | ७१.१८ | १४७४६४५४ | ४१५७४५४ | १३४४६८०० | ९१.१९ |

स्रोतः महालेखा नियन्त्रक कार्यालय

### ६.१.२ खर्चको संशोधित अनुमानका आधार

चालु आर्थिक वर्षको अन्त्यसम्म हुने संशोधित खर्च अनुमानका आधार देहाय बमोजिम रहेका छन्।

**चालु खर्चतर्फ**

- चालु आर्थिक वर्षको बजेट तर्जुमा गर्दा विनियोजन नगरिएको कोभिड-१९ विरूद्धको खोप खरिदको लागि अनुमान गरिएको करिव रू.४८ अर्ब मध्ये उल्लेख्य बजेट यसै आर्थिक वर्षमा खर्च हुने र प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि समेत खर्च व्यवस्थापन गर्नुपर्ने भएकोले चालु खर्चमा वृद्धि हुने अनुमान गरिएको।
- कोभिड-१९ को संक्रमण नियन्त्रण र उपचारमा अग्रपंक्तिमा खटिने चिकित्सक, स्वास्थकर्मी, सुरक्षाकर्मी लगायतका राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को परिधिभित्र रही बन्दाबन्दीको अवधिको जोखिम भत्ता भुक्तानी गर्नु पर्ने भएकोले खर्च बढ्ने।
- सामाजिक सुरक्षा भत्ताको दायरा फराकिलो बनाईने क्रममा यस वर्ष थप ११ जिल्लामा बाल संरक्षण अनुदान विस्तार भएको र हरेक वर्ष मासिक भत्ता प्राप्त गर्ने लाभग्राही संख्या समेत वृद्धि हुने भएकाले गत वर्षको तुलनामा यस प्रकारको खर्च बढ्ने अनुमान गरिएको।
- भुकम्प पछिको पुनर्निर्माणतर्फ निजी आवास अनुदान वितरणको कार्य चालु आर्थिक वर्षमा सम्पन्न हुने अवस्था रहेको र गत वर्ष कोभिडको कारण निजी आवास निर्माणको काम हुन नसकी गत वर्ष भुक्तानी हुनु पर्ने रकम यस वर्ष थप दायित्व सिर्जना हुने अवस्था रहेको।
- अर्थ मन्त्रालयबाट अधुरा आयोजना अन्तर्गत प्रदेश तथा स्थानीय तहमा वित्त हस्तान्तरण (स:शर्त अनुदान) अन्तर्गत थप निकासा प्रदान गरिएका अधिकांश प्रदेशमा हस्तान्तरित आयोजनाको कार्यान्वयनले तिव्रता पाएको हुँदा आर्थिक वर्षको बाँकी अवधिमा पनि कार्य सम्पादनका आधारमा थप निकासा उपलब्ध गराइने कारण खर्च वृद्धि हुने।
- बजेट मार्फत् घोषणा गरिएका सहुलियतपूर्ण कर्जा, व्यवसायिक निरन्तरता कर्जाको विस्तार हुँदै गएको कारण सोको ब्याज अनुदानको रकम समेत क्रमश: वृद्धि हुँदै गएकोले विनियोजित खर्च वृद्धि हुने।

- मन्त्रालयहरूबाट सःशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण हुनुपर्ने रकम विनियोजन गरी पहिलो चौमासिक अवधिमा उक्त रकम हस्तान्तरण भइसकेकोले उक्त हस्तान्तरणबाट उपलब्ध गराइएको रकमले खर्चलाई तिव्रता दिने।
- बजेट विनियोजन गर्दा नै अत्यावश्यक कार्यका लागि यथार्थ अनुमानका आधारमा रकम विनियोजन गरिएकोले आगामी दिनमा सो रकम वृद्धि हुने।
- कोभिड-१९ विरूद्ध अग्रपंक्तीमा काम गर्न स्वास्थ्यकर्मीलाई दिइने जोखिम भत्ताको निरन्तरताका कारण चालु खर्च बढ्ने।

**पुँजीगततर्फ**

- गत आर्थिक बर्ष र चालु आर्थिक वर्षका प्रारम्भका वर्षमा कोभिड-१९ का कारण ठेक्का संझौता भई कार्य सम्पन्न हुन नसकेका आयोजना/कार्यक्रमको म्याद थप सम्बन्धी नीतिगत निर्णय नेपाल सरकारले म्याद थप गरेकोले चालु आर्थिक बर्षमा सिर्जित दायित्व भुक्तानी दिनु पर्ने भएकोले थप खर्च हुने।
- सबै स्थानीय तहका केन्द्रमा ५, १० र १५ शैय्याको स्वास्थ्य संस्था निर्माण गरी जनतालाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारको नीति अनुरुप आगामी २ बर्षभित्र अस्पताल निर्माण कार्य सम्पन्न गर्न करिब रू.५६ अर्बको स्रोत सुनिश्चितता दिइएको र चालु आर्थिक वर्षको पहिलो ६ महिनामा नै ३ सय ४ अस्तपताल शिलान्यास समेत भइसकेकोले चालु आर्थिक वर्षमा सोको लागि सिर्जित दायित्व भुक्तानी गर्दा खर्च वृद्धि हुने।
- पुष्पलाल मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, मदनभण्डारी लोकमार्ग, भेरी करिडोर, व्यापारिक मार्ग अन्तर्गत तरहरा-धरान खण्ड पूर्व-पश्चिम राजमार्गको चितवनको केही खण्ड लगायत देशका प्रमुख राजमार्गहरूको थप खण्डको निर्माण कार्यका लागि सहमती प्रदान गरिएकोले उपर्युक्त आयोजनाहरूमा थप खर्च भई पुँजीगत खर्चले गति लिने।
- सुनकोशी मरिन डाइभर्सन सिँचाई आयोजना, त्रियुगा नदी व्यवस्थापन आयोजना लगायत सिँचाइ र नदी नियन्त्रण आयोजनाका कार्य प्रारम्भ गर्न दिइएको सहमती बमोजिमको निर्माण प्रारम्भ हुँदा खर्च वृद्धि हुने।
- एकिकृत जाँच चौकी वीरगञ्ज र सुक्खा बन्दरगाहको लागि आवश्यक पर्ने थप ६२ विगाहा जग्गा अधिग्रहणका लागि आवश्यक पर्ने रू.५ अर्बसम्मको भुक्तानी दिने गरी जग्गा प्राप्त गर्न सहमती दिइएकोले सोको लागि रकम गर्दा खर्च वृद्धि हुने।
- संघीय संसद भवन निर्माणको ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको, प्रधानमन्त्री निवास, मन्त्री निवास, मुख्य मन्त्री र प्रदेश प्रमुखहरूको निवासका लागि भवन निर्माणको कार्य भइरहेको। साथै, अन्य सरकारी भवनको निर्माण भइरहेकोले ती निर्माण कार्यमा थप बजेट खर्च हुने।
- सडक पूर्वाधार विकास कार्यक्रम र तराई मधेश सडक पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका विभिन्न सडक यस वर्ष सम्पन्न गर्ने गरी कार्य भइरहेकोले ती कार्यका लागि थप करीब रू.१० अर्ब माग गरिएको हुँदा सोमा हुने खर्चले पुँजीगत खर्च बढ्ने।
- काठमाडौं उपत्यकाभित्र सडक विस्तार तथा स्तरोन्नतिको लागि आवश्यक स्रोत थप गरी निर्माण कार्य तीव्र रुपमा भइरहेकोले खर्चको दायित्व थप हुने।

- विगतमा बहुवर्षीय ठेक्काको स्रोत सहमती दिइएका विभिन्न सडक तथा पुलको लागि चालु आर्थिक वर्षमा थप बजेट व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ। प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भई गएका अधुरा आयोजनालाई पुरा गर्न लाग्ने थप दायित्व भुक्तानी गर्न रकम उपलब्ध गराउनु पर्ने भएकोले सोको कारण खर्च बढ्ने।
- प्रदेश र स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सम्बन्धी कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको हुँदा ती कार्यले गति लिंदा सोको लागि विनियोजित रकम खर्च हुने।
- कार्य सम्पन्न भएका अन्य विभिन्न आयोजनाहरूमा सिर्जित दायित्व भुक्तानी गर्नुपर्ने।

**वित्तीय व्यवस्थातर्फ**

- नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी कार्य भइरहेको हुँदा खर्च वृद्धि हुने।
- जनकपुर-जयनगर रेल सेवा सञ्चालनको लागि रेल्वे कम्पनीलाई थप ऋण लगानी गर्नुपर्ने हुँदा सो रकमबाट वित्तीय व्यवस्थापनतर्फको खर्च वृद्धि हुने।
- नेपाल विद्युत प्राधिकरण अन्तर्गत ग्रामीण विद्युतीकरण र अन्य विद्युत उत्पादन तथा प्रशारण लाईन निर्माण कार्यका लागि थप लगानी गर्नुपर्ने कारण वित्तीय व्यवस्थातर्फको खर्चले तिव्रता पाउने।
- नेपाल खानेपानी संस्थान र काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट सञ्चालित आयोजनाहरूमा थप ऋण लगानी गर्नुपर्ने।

### ६.१.३ चालु खर्च अनुमान

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा चालुतर्फ रू.३ खर्ब ४२ अर्ब ३५ करोड ६२ लाख खर्च भइसकेको र चालु खर्चको संशोधित अनुमानका उपर्युक्त आधारलाई विश्लेषण गर्दा विभिन्न मन्त्रालय/निकायहरूबाट प्राप्त भएका थप मागलाई पनि सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको परिस्थिति, प्रतिनिधिसभा सदस्य निर्वाचन, कोभिड-१९ विरुद्धको खोप खरिद लगायत अन्य उपभोग्य खर्चमा समेत हुन सक्ने वृद्धि समेतलाई दृष्टिगत गर्दा आर्थिक वर्षको बाँकी अवधिमा थप रू.५ खर्ब ७२ अर्ब ४२ करोड ३८ लाख खर्च हुने अनुमान गरिएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको खर्च र बाँकी अविधिमा हुने खर्चको अनुमान समेतका आधारमा चालु आर्थिक वर्षमा चालु खर्चतर्फ विनियोजित रकमको ९६.४० प्रतिशत अर्थात् रू.९ खर्ब १४ अर्ब ७८ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ।

### ६.१.४ पुँजीगत खर्च अनुमान

पुँजीगत खर्चतर्फ पहिलो ६ महिनामा रू.५० अर्ब ८१ करोड ७० लाख खर्च भएको र चालु आर्थिक वर्षको बाँकी अवधिमा हुने खर्चको अनुमानका लागि माथि उल्लेख गरिएका आधारहरूमा रही गरिएका अनुमान निर्माणाधिन विभिन्न आयोजनाहरूबाट माग भएको रकम र कोभिड-१९ को संक्रमण जोखिम कम हुँदै जाँदा ठूला आयोजना निर्माण कार्यको प्रगतिका आधारमा भुक्तानी दिनुपर्ने रकम बढिरहेकोले त्यस्ता आयोजनाहरूका लागि आवश्यक रकम थप निकासा दिनुपर्ने आवश्यकता समेतको आधारमा

चालु आर्थिक वर्षको बाँकी अवधिमा थप पुँजीगत खर्च रू.२ खर्ब ३२ अर्ब २२ करोड ३० लाख हुने अनुमानको आधारमा चालु आर्थिक वर्ष पुँजीगत खर्चतर्फ गरिएको विनियोजनको ८०.२ प्रतिशत अर्थात् रू.२ खर्ब ८३ अर्ब ४ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ।

### ६.१.५ वित्तीय व्यवस्थातर्फको अनुमान

वित्तीय व्यवस्थातर्फ चालु आर्थिक वर्षको पहिलो ६ महिनामा रू.२२ अर्ब ५७ करोड २२ लाख खर्च भइसकेको छ। शेयर तथा ऋण लगानी र ऋणको साँवा र ब्याज भुक्तानीका लागि चालु खर्चको प्रवृत्ति र प्रतिवद्धताको साँवा र ब्याज एवम् वित्तीय व्यवस्थातर्फ हुने लगानीबाट निर्माण हुने पूर्वाधार निर्माण समेतलाई दृष्टिगत गर्दा चालु आर्थिक वर्षको बाँकी अवधिमा वित्तीय व्यवस्थातर्फ रू.१ खर्ब २४ अर्ब २८ करोड ७८ लाख खर्च हुने अनुमान रहेकोले चालु आर्थिक वर्ष वित्तीय व्यवस्थातर्फ जम्मा रू.१ खर्ब ४६ अर्ब ८६ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ। यो रकम चालु आर्थिक वर्षमा वित्तीय व्यवस्थातर्फको विनियोजनको ८५ प्रतिशत हो।

**चालु आर्थिक वर्ष २०७७/७८ को खर्चको संशोधित अनुमान**

चालु आर्थिक वर्षमा चालुतर्फ रू.९ खर्ब १४ अर्ब ७८ करोड, पुँजीगततर्फ रू.२ खर्ब ८३ अर्ब ४ करोड र वित्तीय व्यवस्थातर्फ रू.१ खर्ब ४६ अर्ब ८६ करोड गरी कुल खर्च रू.१३ खर्ब ४४ अर्ब ६८ करोड खर्च हुने संशोधित अनुमान गरिएको छ। यो रकम कुल विनियोजनको करिब ९१.१९ प्रतिशत हो।

## ६.२ स्रोतगत खर्च अनुमान

चालु आर्थिक वर्षको बजेटमा प्रस्ताव गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्व र आन्तरिक ऋणबाट गरी जम्मा रू.११ खर्ब १४ अर्ब ६१ करोड ८४ लाख, वैदेशिक अनुदानबाट रू.६० अर्ब ५२ करोड ७७ लाख र वैदेशिक ऋणबाट रू.२ खर्ब ९९ अर्ब ४९ करोड ९३ लाख रहने अनुमान गरिएको थियो।

समीक्षा अवधिसम्म नेपाल सरकारको स्रोतबाट रू.३ खर्ब ८० अर्ब ९ करोड ८ लाख, वैदेशिक अनुदानबाट रू.५ अर्ब ६१ करोड ४१ लाख र वैदेशिक ऋणबाट रू.३० अर्ब ४ करोड ५ लाख खर्च भएको छ।

चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकार स्रोततर्फबाट रू.१० खर्ब ७४ अर्ब ६८ करोड (अनुमानको ९६.४२ प्रतिशत) खर्च हुने संशोधित अनुमान छ। वैदेशिक अनुदानतर्फ रू.३५ अर्ब वार्षिक अनुमानको ५७.८२ प्रतिशत खर्च हुने र वैदेशिक ऋणतर्फको रू.२ खर्ब ३५ अर्ब (अनुमानको ७८.४७ प्रतिशत) खर्च हुने संशोधित अनुमान रहेको छ। राजस्वतर्फ गत आर्थिक वर्षको यथार्थ संकलनको तुलनामा १४ प्रतिशतले वृद्धिदर कायम हुने अनुमान गरिएको छ जुन शुरू लक्ष्यको ९४.८५ प्रतिशत हुन आउँछ।

तालिका ६.२: स्रोतगत खर्चको परिचालनको संशोधित अनुमान (रू.लाखमा)

| शीर्षक | आर्थिक वर्ष २०७६/७७ | | | २०७७/७८ को बजेट | पुससम्मको यथार्थ खर्च | २०७७/७८ को संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | प्रतिशत | | | | |
| नेपाल सरकार (राजस्व र आन्तरिक ऋण) | ११७६१३८३ | ९५१४३०७ | ८०.८९ | १११४६१८४ | ३८००९०८ | १०७४६८०० | ९६.४२ |
| अनुदान | ५७९९५५ | २३२१५८ | ४०.०३ | ६०५२७७ | ५६१४१ | ३५०००० | ५७.८२ |
| ऋण | २९८८३३३ | ११६४८८८ | ३८.९८ | २९९४९९३ | ३००४०५ | २३५०००० | ७८.४६ |
| जम्मा | १५३२९६७१ | १०९११३५३ | ७१.१८ | १४७४६४५४ | ४१५७४५४ | १३४४६८०० | ९१.१९ |

## ६.३ खर्चको प्राथमिकीकरण

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको खर्चको अवस्था र प्रवृत्तिका आधारमा यो अवधिको खर्च अपेक्षित रूपमा वृद्धि हुन सकेको छैन। तथापी, आर्थिक वर्षको बाँकी अवधिमा चालु र पुँजीगत दुवै खर्च उल्लेख्य मात्रामा बढ्ने सम्भावना रहेको छ। निर्माणाधिन आयोजनामा विगत सिर्जित दायित्व व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। स्रोत व्यवस्थापनको दृष्टिले आर्थिक वर्षको चालु खर्चमा हुने वृद्धिलाई वान्छित सीमाभित्र राखी पुँजीगत खर्च बढाउन र मौजुदा स्रोतको उपलब्धताको स्तरलाई मध्यनजर राखी आगामी ६ महिनामा हुने खर्चलाई देहाय अनुसार प्राथमिकीकरण गर्नु आवश्यक देखिन्छः

### ६.३.१ चालु खर्च

चालु खर्चमा वर्गीकरण गरिएका मूलतः उपभोग्य र कार्यालय सञ्चालन खर्चमा थप मितव्ययिता अपनाउँदै सार्बजनिक खर्चमा मितब्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को प्रभावकारी रुपमा कार्यान्वयन गरी चालु आर्थिक वर्षको बाँकी अवधिमा सार्वजनिक खर्चलाई प्रभावकारी, नतिजामूलक र उपलब्ध स्रोतसँग सन्तुलन कायम हुने गरी व्यवस्थापन गर्न निम्न बमोजिम प्राथमिकीकरण गर्नेः

- कोभिड-१९ विरुद्धको खोप खरिद तथा प्रतिनिधिसभा सदस्य निर्वाचनलाई उच्च प्राथमिकता दिई सोको लागि आवश्यक पर्ने स्रोत खर्च नहुने कार्यक्रम तथा आयोजनाहरूबाट समर्पण गराई, रकमान्तर, स्रोतान्तर गरी तथा वैदेशिक सहायता परिचालनलाई तिव्रता दिई व्यवस्थापन गर्ने,
- कर्मचारीको तलब सुविधा, सामाजिक सुरक्षा, निवृत्तभरण सहितको अवकाश सुविधाको रकम, ऋणको ब्याज भुक्तानी लगायतका अनिवार्य दायित्वको भुक्तानी आगामी आर्थिक वर्षमा दायित्व नसार्ने गरी यसै आर्थिक वर्षमा भुक्तानी गर्ने,
- प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरिएका सःशर्त अनुदानका सडक, खानेपानी, सिँचाइ लगायतका पूर्वाधार आयोजनाहरूको सम्पन्न कामको सिर्जित दायित्व चालु आर्थिक वर्षमा नै फरफारक गर्न प्राथमिकताका साथ भुक्तानी गर्ने व्यवस्था मिलाउने,

- भूकम्पपछिको पुन:निर्माण अन्तर्गत निजी आवास निर्माणका लागि प्रदान गरिने अनुदान वितरणको कार्य यसै वर्षभित्र सम्पन्न गर्ने गरी आवश्यक स्रोतको व्यवस्थापन गर्ने,

- भूकम्पपछिको पुनर्निर्माणका लागि विनियोजित रकममध्ये निजी आवास पुन:निर्माणका लागि वैदेशिक सहायतातर्फको रकम प्राप्त हुन नसक्ने अवस्थामा नेपाल सरकारको स्रोततर्फ उपलब्धताका आधारमा स्रोतान्तर गरी आवश्यकता बमोजिम सञ्चालन गर्ने,

- राजस्व परिचालनमा संकुचन आएमा तेस्रो चौमासिकमा हुने कार्यक्रम खर्च अन्तर्गत सभा, गोष्ठी, सेमिनार जस्ता खर्चहरूमा कटौती गर्ने,

- अति आवश्यक बाहेक संगठन संरचना हेरफेर र थप दरबन्दी सिर्जना नगर्ने,

- स्थानीय तहलाई अनुदान प्रदान गर्ने गरी कायम भएको बजेट समयमै खर्च गराउनका लागि नेपाल सरकारका मन्त्रालय र सम्बन्धित प्रदेशले आवश्यक सहजीकरण, समन्वय र अनुगमन गर्ने। कार्यालय सञ्चालन खर्चमा विनियोजित बजेटभन्दा थप माग गर्ने प्रवृतिलाई निरूत्साहित गर्ने।

### ६.३.२ पुँजीगत खर्च

चालु आर्थिक वर्षको प्रथम छ महिनामा पुँजीगत खर्चले अपेक्षित गति लिन नसकेकोले आर्थिक बर्षको बाँकी अवधिमा पुँजीगत खर्च वृद्धि गर्न आयोजनाहरूमा हाल रहेको विनियोजन एवम् सोको उपयोगको संभावनाका विश्लेषण गरी संभाव्य आयोजनाहरूमा हुने खर्चको विवरणका आधारहरूमा पुन:प्राथमिकिकरण गर्नु आवश्यक देखिन्छ। राष्ट्रिय गौरव र उच्च प्राथमिकता प्राप्त सडक, खानेपानी, सिँचाइ, जलविद्युत, विमानस्थल, रेलमार्ग, सुरूङ्गमार्ग जस्ता आयोजनाहरू कार्यसम्पादन स्तरको आधारमा सम्पन्न भएका कामको भुक्तानी गर्न आवश्यक रकम अभाव हुन नदिने गरी खर्चको प्राथमिकीकरण गर्नु, खर्चका सम्भावना न्यून रहेका आयोजनाहरूबाट बजेट समर्पण/रकमान्तर गरेर स्रोत व्यवस्था गर्नुपर्नेछ। साथै, वैदेशिक स्रोत अन्तर्गत सञ्चालित आयोजना वा बजेटरी सहायता अन्तर्गतको कार्यक्रममा सहायता परिचालन गर्न कुनै समस्या देखिएमा सोको तत्काल सम्बोधन गर्न र पुँजीगत खर्च वृद्धि गरी बजेटले राखेको लक्ष्य हासिल गर्न चालु आर्थिक वर्षको बाँकी अवधिमा पुँजीगत खर्चमा देहाय बमोजिम पुन:प्राथमिकीकरण गर्नु जरूरी छ:-

- राष्ट्रिय गौरवका आयोजना र उच्च प्राथमिकता प्राप्त पूर्वाधारका आयोजनाहरूमा सम्पन भएको काम तथा उक्त आयोजनाको मौजुदा खर्च प्रगतिका आधारमा आयोजनामा सिर्जित दायित्व भुक्तानी दिने व्यवस्था मिलाउने,

- भूकम्पपछिको पुन:निर्माण अन्तर्गत सञ्चालित प्रमुख निर्माणाधिन आयोजनाहरू सम्पन्न गर्न आवश्यक पर्ने थप रकम व्यवस्थापन गर्ने,

- विगतमा स्रोत सुनिश्चितता दिई निर्माणाधीन आयोजनाहरू सम्पन्न कामको भुक्तानी दिन रकम व्यवस्था गर्ने,

- चालु आर्थिक वर्षको बाँकी अवधिमा सडक, शहरी पूर्वाधार, सिँचाइ, खानेपानी जस्ता थप निर्माण कार्यका लागि सहमती दिइएका आयोजना अन्तर्गत चालु आर्थिक वर्षमा कार्य सम्पन्न भई सिर्जना हुने दायित्व भुक्तानीका लागि बजेट व्यवस्था गर्ने,

- आर्थिक वर्षको अन्तिमसम्म खर्च हुने सम्भावना नभएका वा न्यून खर्च हुने अनुमान गरिएका आयोजनाहरूको निमित्त चालु आर्थिक वर्षमा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय

उत्तरदायित्व ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम तोकिएको समयभित्र समर्पण गर्न लगाउने वा अर्थ मन्त्रालयले फिर्ता लिने र त्यसरी बचत हुन गएको रकम उच्च प्राथमिकताका आयोजनाहरूको दायित्व भुक्तानी गर्न उपयोग गर्ने।

- विगतमा स्रोत सुनिश्चितता दिइएका र बहुवर्षीय ठेक्काका लागि सहमती दिइएका निर्माणाधिन आयोजनाको कार्य सम्पन्न गर्न यस अघि मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधिनमा रही कार्य सम्पन्न भएका आयोजना/कार्यक्रमका लागि स्रोत उपलब्ध गराउने।
- निर्माणाधिन ठूला आयोजनाहरूको दायित्व भुक्तानी गर्न सोही मन्त्रालयबाट सञ्चालित कम प्राथमिकताका आयोजना/कार्यक्रमबाट रकमान्तर प्रस्ताव, कार्यक्रम संशोधन गर्ने/गराउने।
- कोभिड-१९ को कारण काम सम्पन्न नभई यस वर्ष दायित्व सरेका आयोजनाहरूमा सिर्जित दायित्व सम्बन्धित मन्त्रालयकै विनियोजित बजेटबाट भुक्तानी गर्ने गरी रकमान्तर गर्ने।
- रकमान्तर/कार्यक्रम संशोधन गर्दा राष्ट्रिय महत्वका रणनीतिक आयोजना/कार्यक्रमबाट साना आयोजनामा रकमान्तर वा कार्यक्रम संशोधन नगर्ने।
- आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७ बमोजिम चालु आर्थिक वर्षमा कार्यान्वयन शरू गरिने आयोजनाहरूको चालु आर्थिक वर्षको फाल्गुण मसान्तसम्म सहमती लिई कार्यान्वयन प्रारम्भ गर्ने।

# परिच्छेद - सात

# प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ७.१ प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

- आर्थिक वर्ष २०७७/७८ मा वित्तीय समानीकरण, सःशर्त, विशेष र समपुरक अनुदान गरी कुल रू.३ खर्ब ६२ अर्ब ६३ करोड १३ लाख वित्तीय हस्तान्तरणको रुपमा र रू.१ खर्ब २२ अर्ब १४ करोड राजस्व बाँडफाँटबाट प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने अनुमान गरिएको थियो। वित्तीय हस्तान्तरणको रकम कुल बजेट अनुमानको २४.५९ प्रतिशत र राजस्व बाँडफाँट समेत गणना गर्दा यो रकम कुल संघीय बजेटको ३२.८७ प्रतिशत हुन आउँछ। कतिपय कार्यक्रम संघीय मन्त्रालयहरूबाट कार्यन्वयन नगरी प्रदेश र स्थानीय तहमा पुनः वित्तिय हस्तान्तरण मार्फत पठाइने हुदाँ यस्तो हस्तान्तरण करिव ३५ प्रतिशत पुग्ने देखिन्छ। चालु आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रतर्फ विनियोजित बजेट मध्ये उल्लेख्य मात्रामा स्थानीय तहमार्फत् कार्यान्वयन गर्नेगरी सःशर्त अनुदान उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेश तथा स्थानीय तहहरूमा हस्तान्तरण गरिने अनुदान तालिका १ बमोजिम रहेको छ।

**तालिका ७.१: प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण** (रू.लाखमा)

| क्र.स. | अनुदानको नाम | प्रदेश | स्थानीय तह | जम्मा रकम |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | ५५१९५० | ९००५५० | १४५२५०० |
| २ | सःशर्त अनुदान | ३६३५७५ | १६१०८९९ | १९७४४७४ |
| ३ | समपुरक अनुदान | ५१८६२ | ४७८०५ | ९९६६७ |
| ४ | विशेष अनुदान | ३१३५० | ६८३२२ | ९९६७२ |
| जम्मा | | | | ३६२६३१३ |

- प्रदेश र स्थानीय तहमा सःशर्त अनुदान अन्तर्गत हस्तान्तरण भएका आयोजनाहरूलाई खर्चको आधारमा थप वित्तीय हस्तान्तरण गरिने भएकोले सःशर्त अनुदानतर्फ हस्तान्तरण वृद्धि हुने स्थिति छ।

## ७.२ प्रदेश तथा स्थानीय तहलाई राजस्व हस्तान्तरण

- चालु आर्थिक वर्ष २०७७/७८ मा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट वापत रू.१ खर्ब २२ अर्ब १४ करोड हस्तान्तरण हुने अनुमान गरिएको थियो। प्रथम ६ महिना अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकम मध्ये प्रदेश र स्थानीय तहमा गरी जम्मा रू.४९ अर्ब ४५ करोड ७७ लाख हस्तान्तरण भएको छ।
- मूल्य अभिवृद्धि कर र अन्तःशुल्क(आन्तरिक) वापतको संकलित राजस्व संघीय विभाज्य कोषमा जम्मा गरी मासिक रूपमा प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्ने व्यवस्था गरिएको छ।

- आर्थिक वर्ष २०७६/७७ मा संकलन भई संघीय विभाज्य कोषमा जम्मा भएको प्राकृतिक स्रोत (विद्युत, खानी, पर्वतारोहण र वनक्षेत्र) वापतको रोयल्टी रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिश भए बमोजिम प्रदेश र स्थानीय तहमा रू.२ अर्ब ४३ करोड ३१ लाख हस्तान्तरण गरिएको थियो।

## ७.३ प्रदेशगत वित्तीय हस्तान्तरण र खर्चको स्थिति

- प्रदेश तहमा चालु आर्थिक वर्ष २०७७/७८ मा वित्तीय समानीकरण, स:शर्त, विशेष र समपुरक अनुदान गरी कुल रू.९९ अर्ब ८७ करोड ३७ लाख विनियोजन भएको थियो।
- प्रदेशहरूमा चालु आर्थिक वर्षका लागि वित्तीय हस्तान्तरणका लागि गरिएको विनियोजन रकम वित्तीय समानीकरण, स:शर्त, समपुरक र विशेष अनुदान अन्तर्गत हस्तान्तरण भएको रकम र खर्च सम्बन्धी विवरण तालिका-२ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.२: प्रदेशगत वित्तीय हस्तान्तरणको स्थिति** (रू.लाखमा)

| प्रदेश | व्यय अनुमान अनुसारको विनियोजन | पहिलो ६ महिनामा वित्तीय हस्तान्तरण | चालुतर्फ खर्च | पुँजीगततर्फ खर्च | कुल हस्तान्तरणबाट भएको जम्मा खर्च |
|---|---|---|---|---|---|
| प्रदेश नं १ | १५११३८ | ४३४५९ | ५२१९ | १९४०३ | २४६२२ |
| प्रदेश नं २ | १३४०५९ | ३२३८९ | १९०९ | ६९६० | ८८६८ |
| वागमती प्रदेश | १४८६९८ | ४३३७२ | २६१२ | १६७३७ | १९३४९ |
| गण्डकी प्रदेश | १३३५९९ | ५६३७३ | १२०२ | १७१५४ | १८३५७ |
| लुम्बिनी प्रदेश | १४०६९६ | ७७११७ | ६२११ | १७३७३ | २३५८४ |
| कर्णाली प्रदेश | १४८३६५ | ३६८२२ | १३१९ | ४१३५ | ५४५५ |
| सुदूरपश्चिम प्रदेश | १४२१८२ | ६५८७० | ४४६९ | ९३१३ | १३७८२ |
| जम्मा | ९९८७३७ | ३५५४०२ | २२९४१ | ९१०७६ | ११४०१६ |

- समीक्षा अवधिमा संघीय सञ्चित कोषबाट प्रदेशहरूलाई रू.३५ अर्ब ५४ करोड २ लाख अनुदान वित्तीय हस्तान्तरण भइसकेको छ। सो मध्ये रू.११ अर्ब ४० करोड १६ लाख खर्च भएको छ। खर्च भएको रकम हस्तान्तरित रकमको ३२.०८ प्रतिशत हुन आउछ। उक्त अवधिमा प्रदेशहरूको वित्तीय समानीकरण, स:शर्त, समपुरक र विशेष अनुदानको चालुतर्फ रू.२ अर्ब २९ करोड ४१ लाख खर्च भएको छ। पुँजीगततर्फ रू.९ अर्ब १० करोड ७६ लाख खर्च भएको छ। उक्त खर्च कुल चालुतर्फको हस्तान्तरित रकमको ६.४५ प्रतिशत र पुँजीगततर्फको २५.६३ प्रतिशत हुन आउँछ।

## ७.४ प्रदेश तहको बजेट र खर्चको स्थिति

चालु आर्थिक वर्ष २०७७/७८ मा सबै प्रदेशहरूको व्यय अनुमान अनुसारको बजेट र खर्च सम्बन्धी विस्तृत विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ।

तालिका ७.३: प्रदेशगत बजेट र खर्चको स्थिति (रू.लाखमा)

| प्रदेश | प्रदेशको कुल बजेट अनुमान | चालु विनियोजन | चालु खर्च | चालु खर्च प्रतिशतमा | पुँजीगत विनियोजन | पुँजीगत खर्च | पुँजीगत खर्च प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं १ | ४०८९९९ | १८९३४९ | २७८५० | १४.७१ | २१९२५० | ४८५३८ | २२.१४ | १८.६८ |
| प्रदेश नं २ | ३३५६१० | १५४२२७ | १५९५६ | १०.३५ | १७९७८३ | १६२०७ | ९.०१ | ९.५८ |
| वागमती प्रदेश | ५१४२७५ | २६२८७३ | ४४७४१ | १७.०२ | २४१४०२ | ३२५२९ | १३.४८ | १५.०३ |
| गण्डकी प्रदेश | ३४८४२२ | १४३४२७ | १९६११ | १३.६७ | १९९९९५ | ३३०९५ | १६.५५ | १५.१३ |
| लुम्बिनी प्रदेश | ३६३५२५ | १७७३२५ | ४७४७५ | २६.७७ | १८६२०० | ३५४२१ | १९.०२ | २२.८० |
| कर्णाली | ३३७४१४ | १४६७२२ | १७११३ | ११.६६ | १९०६९१ | १११९४ | ५.८७ | ८.३९ |
| सुदूरपश्चिम प्रदेश | ३३३८१३ | १६३२२९ | २२९२६ | १४.०५ | १६७५८५ | १९८५८ | ११.८५ | १२.८२ |
| **जम्मा** | २६४२०५८ | १२३७१५२ | १९५६७२ | १५.८२ | १३९४९०५ | १९६८४३ | १४.११ | १४.८६ |

समीक्षा अवधिमा सबैभन्दा बढी लुम्विनी प्रदेशमा २२.८ प्रतिशत खर्च भएको देखिन्छ। प्रदेश नं. २ र कर्णाली प्रदेशमा क्रमशः ९.५८ प्रतिशत र ८.३९ प्रतिशत मात्र खर्च भएको देखिन्छ।

## ७.५ स्थानीय तहमा वित्तीय हस्तान्तरण र खर्चको अवस्था

- चालु आर्थिक वर्ष २०७७/७८ मा वित्तीय समानीकरण, स:शर्त, विशेष र समपुरक अनुदानको रुपमा ७ सय ५३ स्थानीय तहका लागि रू.२ खर्ब ६२ अर्ब ७५ करोड ७६ लाख विनियोजन गरिएको छ।
- समीक्षा अवधिमा संघबाट वित्तीय समानीकरण, स:शर्त, विशेष र समपुरक अनुदान स्वरूप रू.१ खर्ब १७ अर्ब १४ करोड २२ लाख संघीय सञ्चित कोषबाट वित्तीय हस्तान्तरण भएको छ।
- समीक्षा अवधिमा ७५३ स्थानीय तहहरूले SuTRA(Sub-national Treasury Regulatory Application) सफ्टवेयर प्रयोगमा ल्याएको अवस्था छ। स्थानीय तहहरूले SuTRA प्रयोग गरेको कारण स्थानीय तहको खर्चको यथार्थ विवरण प्राप्त गर्न सहज हुने भएको छ। चालु आर्थिक बर्षका लागि स्थानीय तहहरूले SuTRA मा प्रविष्ट गरेको कुल बजेट रू.४ खर्ब ८३ अर्ब ४७ करोड ९३ लाख रहेकोमा समीक्षा अवधिमा रू.१ खर्ब ३ अर्ब ८२ करोड १३ लाख खर्च भई कुल बजेटको २१.४७ प्रतिशत खर्च भएको छ।

## ७.६ वित्तीय संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा

- वित्तीय संघियता कार्यान्वयनको छोटो समयमा नै वित्तीय संघीयता कार्यान्वयनका लागि आवश्यक नीतिगत, कानूनी र संरचनागत पूर्वाधारको व्यवस्था भएको। कानुन बमोजिम स:शर्त, समानीकरण, समपुरक र विशेष अनुदान बजेट सुचना प्रणाली मार्फत् नै प्रदेश र स्थानीय कोषहरूमा पठाउने प्रणाली स्थापित भएको।

- संघीयता कार्यान्वयनका शुरुका वर्षमा देखिएका राजस्व, खर्च र क्षेत्राधिकार सम्बन्धी विवादहरू क्रमशः समाधान हुँदै गएका छन। अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद् र प्रदेश समन्वय परिषद्को नियमित बैठक मार्फत् विवादहरू समाधान गर्ने प्रणाली स्थापित भएको।

- प्रदेश र स्थानीय तहमा स:शर्त अनुदानका रुपमा हस्तान्तरण गरिएका विभिन्न कार्यक्रम सञ्चालनमा एकरुपता ल्याउन निर्देशिका, कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

- प्रदेश र स्थानीय तहबाट संविधान र कानुन अनुरुप समयमा नै बजेट तथा सो सम्बन्धी कानुनहरू तर्जुमा गरी कार्यान्वयन गर्ने अभ्यासले पूर्णता पाँउदै गएको। अत्यन्त न्युन संख्याका केहि स्थानीय तह बाहेक सबै प्रदेश र स्थानीय तहहरूबाट आर्थिक वर्ष २०७७/७८ मा संविधान र कानुनी व्यवस्था अनुसार बजेट तर्जुमा गरिएको।

- सालबसाली विनियोजन ऐन र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन बमोजिमका वित्तीय लेखाङ्कन, प्रतिवेदन गर्ने र वित्तीय अनुशासन कायम गर्ने विषयमा प्रदेश र स्थानीय तहमा प्रणाली निर्माण गरी वित्तीय अनुसाशन कायम गर्ने सम्बन्धमा सचेतना बढेको।

- साधन स्रोतको विनियोजन, बाँडफाँट, वित्तीय हस्तान्तरण र प्रतिवेदन जस्ता वित्तीय संघीयता कार्यान्वयनका विषयमा छोटो अवधिमै उल्लेख्य उपलब्धि हासिल हुन सकेको भएता पनि विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, विनियोजित बजेटको खर्च र वित्तीय अनुशासन तथा उत्तरदायित्व सुनिश्चित गर्नेतर्फ थप सुधार गर्नुपर्ने अवस्था रहेको।

- PLMBIS र SuTRA बाटै प्रदेश र स्थानीय तहको वस्तुगत तथ्याङ्क संकलन गर्ने कार्यमा महालेखा नियन्त्रक कार्यालय, प्रदेश र स्थानीय तहबीच समझदारी भएको कारण वस्तुगत आधारमा प्रतिवेदनमा एकरूपता आउने।

- नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको पारस्परिक समन्वय र सहकार्यको आधारमा सहलगानिको माध्यमबाट समग्र भौतिक तथा व्यवसायिक क्षेत्रको पूर्वाधार निर्माणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहलगानी सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत भई आयोजना सञ्चालनको प्रक्रिया अगाडी बढेको।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र विनियोजन ऐन, २०७७ को कानूनी व्यवस्था अनुरूप वित्तीय हस्तान्तरणलाई कार्य सम्पादन र वित्तीय जवाफदेहितासँग आवद्ध गर्ने कार्य अगाडी बढेको।

- कानूनद्वारा निर्धारित विवरण पेश गरी वित्तीय हस्तान्तरण वापतको रकम सम्बन्धित प्रदेशको सञ्चित कोषमा जम्मा गरी नियमानुसार खर्च गर्नुपर्नेमा कतिपय प्रदेशले सो नगरी विगत आर्थिक वर्षहरूमा खर्च हुन नसकेको रकम फ्रिज नहुने खातामा स्थानान्तरण तथा संघीय सञ्चित कोषमा फिर्ता नगरी खर्च लेख्ने गरेको।

- खर्च क्षमता ज्यादै न्यून रहेको अवस्थामा समेत प्रदेश तथा स्थानीय तहबाट बजेट तर्जुमा गर्दा आन्तरिक ऋण परिचालन गर्ने उद्देश्य राखिएको।

- समग्रमा वित्तीय संघीयताको कार्यान्वयन सुधारोन्मुख रहेको अवस्थामा यसलाई अझै बढी प्रभावकारी बनाउन प्रदेश एवम् स्थानीय तहको खर्च गर्ने क्षमता, वित्तीय अनुशासन एवम् जवाफदेहीताको विषयमा सम्बन्धित सरोकारवालाहरू बीचको छलफल सम्वाद र अन्तरक्रिया सघन बनाउँदै सहभागितामूलक व्यवस्थापनलाई जोड दिनु पर्ने।

## ७.७ वित्तीय संघीयताको पूर्ण कार्यान्वयनमा अनुभूत गरिएका समस्या

- वित्तीय संघीयता एवम् अन्तर सरकारी वित्त हस्तान्तरणको क्षेत्रमा दीर्घकालमा स्थापना गर्नुपर्ने प्रणालीका सम्वन्धमा अझ विस्तृत अध्ययन अनुसन्धान र विकास (Research & Development) हुन नसकेको।
- प्रदेश र स्थानीय तहको आयोजना कार्यान्वयन र वित्तीय जवाफदेहिताको क्षेत्रमा अपेक्षाकृत संस्थागत व्यवस्था हुन नसकेको।
- विनियोजन ऐन र बजेट सँगसँगै जारी भएका मार्गदर्शनको पालना कमजोर रहेको।
- आफ्नो क्षेत्राधिकारभित्र राजस्व परिचालन गर्ने प्रयास सीमित हुँदा स्थानीय र प्रदेशको आन्तरिक आय कमजोर बनेको। स्रोतको अनुमान नगरी बहुवर्षीय दायित्व सिर्जना गरिएको। ऋण तिर्न सक्ने क्षमता विकास नहुँदै आन्तरिक ऋणलाई समेत स्रोत देखाई बजेट तर्जुमा गर्ने परिपाटी विकास भएको।
- प्रदेश र स्थानीय तहको कार्यक्षेत्र, भुमिका, आवश्यकता र स्रोतको आधारमा बजेटको प्राथमिकिकरण गर्ने कार्य नभएको। स्रोतको सुनिश्चतता नभई दीर्घकालिन दायित्व सिर्जना हुने गरी कर्मचारी भर्ना गरिएको। संघको कार्यक्रम अनुशरण गरी सोही प्रकृतीको कार्यक्रम र संरचना निर्माण गर्ने प्रवृत्ति बढ्दै गएको।
- कतिपय स्थानीय तहले SuTRA प्रणाली लागु नगर्दा स्थानीय तहमा वित्तीय हस्तान्तरणको रूपमा उपलब्ध गराईएको रकमको यथार्थ खर्च विवरण प्राप्त हुन नसक्दा खर्चको विस्तृत विश्लेषण गर्न कठिन भएको।
- केही स्थानीय तहबाट कानून बमोजिम बाध्यात्मक रूपमा पेश गर्नुपर्ने वार्षिक आय व्ययको विवरण समेत प्राप्त हुन नसकेको।
- संघीय मन्त्रालयले बजेट तर्जुमा गर्दा प्रदेश र स्थानीय तहसँग छलफल गर्ने परिपाटी स्थापित नहुँदा बजेट कार्यान्वयनमा प्रदेश र स्थानीय तहको अपनत्व न्युन रहेको।
- प्रदेश र स्थानीय तहमा परियोजना बैंक नहुँदा साना आयोजनाहरूमा रकम विनियोजन गर्ने प्रवृत्ति बढ्दै गएको।
- संघबाट हस्तान्तरित अधुरा आयोजना तथा कार्यक्रमहरूमा स्वीकृत प्राविधिक डिजाईन र सम्झौता भन्दा बढी रकमको खरिद प्रक्रिया अगाडि बढाउने कारण दायित्व दिन प्रतिदिन बढ्दै गएको।
- संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कतिपय कार्यक्रम तथा आयोजनाहरूमा तीनै तहबाट रकम विनियोजन भई आयोजना कार्यान्वयनमा दोहोरोपना कायम रहेको।
- स:शर्त अनुदानबाट सञ्चालन हुने आयोजनामा प्रदेशको बजेट स्वीकृत पश्चात थप रकम माग गर्ने प्रवृत्ति कायमै रहेको र यस प्रकारको थप रकम प्रदेश र स्थानीय तहको बजेटमा प्रतिविम्वित हुन नसकेको।
- प्रदेश र स्थानीय तहको राजस्व परिचालन र खर्च गर्ने क्षमतामा अपेक्षित सुधार हुन नसकेको।
- संघीय सरकारका निकायहरूबाट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने स:शर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकायको तदारूकता नहुँदा

हस्तान्तरणपछि संघीय सरकारका निकायहरूले बजेट कार्यान्वय, कार्यक्रमको अनुगमन र प्रतिवेदन लगायतका विषयहरूमा जिम्मेवारी वहन नगरेको।

- प्रदेश र स्थानीय तहको स्वीकृत बजेटको रकम लामो समयसम्म अवण्डामा राख्ने प्रवृति बढ्दै जाँदा वित्तीय जबाफदेहिता र पारदर्शितामा कमि देखिएको।
- निश्चित मापदण्ड, पर्याप्त कानूनको अभाव र अनुगमन नहुँदा कतिपय स्थानीय तहहरूमा वित्तीय अनुशासनको पक्ष कमजोर भएको।

## ७.८ समाधानका उपायहरू

- प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रमलाई यथार्थपरक र प्रतिफललाई अनुमानयोग्य बनाउन अनिवार्य रूपमा आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार गरी सो अनुरूप वार्षिक बजेट तर्जुमा गर्ने व्यवस्था गर्ने।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएका व्यवस्थाहरू कार्यान्वयन अनुभबको आधारमा समयानुकूल सुधार गर्ने।
- प्रदेश र स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन र खर्चको मापदण्ड यथाशीघ्र तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।
- प्रदेश र स्थानीय तहले खर्च र राजस्वमा आर्थिक अनुशासन कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुकुल हुने गरी आवश्यक कानून र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।
- नेपाल सरकारले नागरिकलाई उपलब्ध गराउने समाजिक सुरक्षा भत्ता लगायतका अन्य सुविधा र कृषि क्षेत्रमा प्रदान गरिने अनुदानमा प्रदेश र स्थानीय तहले आफ्नै राजस्वको आयबाट बाहेक थप अनुदान दिन नहुने व्यवस्था कार्यान्वयन ल्याउने।
- समपुरक र विशेष अनुदान अन्तर्गतका आयोजना र कार्यक्रम छनौट गर्दा अन्य अनुदानबाट सञ्चालन हुने कार्यक्रमसंग दोहोरो नपर्ने गरी, मध्यकालीन र दीर्घकालिन लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी रकम प्रर्याप्त हुने गरी छनौट गर्ने।
- प्रदेश र स्थानीय तहमा वैदेशिक सहायता परिचालन गर्दा प्रदेश तथा स्थानीय तहमा वैदेशिक सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६ को व्यवस्था पूर्णत: कार्यान्वयन गर्ने।
- प्रदेश र स्थानीय तहहरूको बजेट तर्जुमा एवम् छनौट र कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धि गर्न प्रदेश र स्थानीय तहमा समेत परियोजना बैंक (Project Bank) लाई आधार लिई आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनमा तीनै तहबीच यथोचित सहकार्य र समन्वय गर्ने।
- प्रदेश र स्थानीय तहले संविधानको अनुसूची अनुसारको कार्यहरू गर्ने गरी संगठन संरचना, कर्मचारी व्यवस्थापन तथा कर्मचारीको दक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।
- प्रदेश र स्थानीय तहको खर्च आवश्यकता तथा राजस्व सम्भाव्यताको लेखाजोखा गर्दै आन्तरिक राजस्व संकलन र परिचालन क्षमता वृद्धि गरी संघीय सरकारबाट हस्तान्तरण हुने अनुदानहरू

क्रमशः घटाउँदै लगि वित्तीय स्रोत परिचालनमा स्वायत्त बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

- प्रदेश र स्थानीय तहको तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाई प्राथमिक तहको तथ्याङ्कको आधार तत् तत् तहलाई बनाउने।
- प्रदेश र स्थानीय तहको चालु खर्चलाई वाञ्छित सिमाभित्र राख्दै पुँजीगत खर्चको गुणास्तर वृद्धि गर्ने।
- प्रदेश र स्थानीय तहमा खर्च र स्रोतको उपयोग सम्बन्धी क्षमता विकास गर्ने। प्रदेश र स्थानीय तहमा उत्तरदायी आर्थिक व्यवस्थापन गर्दै वित्तीय सुशासन कायम गर्ने उपायहरू अवलम्वन गर्ने।
- संघ, प्रदेश र स्थानीय तहबीचमा देखा परेका र पर्नसक्ने समस्या निराकरण गर्न साझा अधिकारका सूचीमा उल्लिखित विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्ने तथा सहकारी, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्वन गर्ने।
- कार्य सम्पादनमा आधारित अनुदान प्रणालीको अवलम्वन गरी प्रदेश र स्थानीय तहमा आर्थिक अनुशासन र खर्च गर्ने क्षमतामा वृद्धि गर्ने।
- प्रदेश र स्थानीय तहले प्राप्त अनुदान, राजस्व बाँडफाँट तथा रोयल्टी रकमको कानून र तोकिएको मापदण्डभित्र रही कार्यान्वयन गरे/नगरेको सम्बन्धमा समयमै अनुगमन मूल्याङ्कन गरी परिणाममुखी कार्यान्वयनमा जोड दिनु पर्ने।
- समानीकरण अनुदान निर्धारण गर्दा विगतमा राजस्व उठाउन गरेको प्रयासलाई समेत आधार बनाउनु पर्ने।
- स:शर्त अनुदान सहित नेपाल सरकारबाट निर्दिष्ट गरिने कार्यक्रम/आयोजनामा प्रदेश र स्थानीय तहले अपनत्व विकास गर्ने।
- स:शर्त अनुदान तर्फ गरेको खर्चको आधारमा मात्र आगामी आर्थिक बर्षका लागि स:शर्त अनुदानबाट सञ्चालन हुने कार्यक्रमका लागि रकम विनियोजन गर्ने।
- स:शर्त अनुदान अन्तर्गत आयोजनागत बजेट विनियोजन गर्दा सम्बन्धित मन्त्रालय, प्रदेश र अर्थ मन्त्रालय बीच त्रिपक्षीय छलफल गरी रकम विनियोजन गर्ने।
- स:शर्त अनुदानका आयोजनाको सुपरिवेक्षण, अभिलेख व्यवस्थापन र अनुगमन गर्ने दायित्व नेपाल सरकारका क्षेत्रगत मन्त्रालयले अनिवार्य रूपमा वहन गर्ने।
- सह-लगानीका आयोजनाको छनौट, सहलगानीको ढाँचा र प्रतिशत निर्धारण संघीय सरकारको बजेट तर्जुमा अगावै छलफल गरी टुङ्गयाउने व्यवस्था गर्ने।

# परिच्छेद - आठ

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

चालु आर्थिक वर्ष २०७७/७८ को पहिलो ६ महिनाको बजेट कार्यान्वयनको अवस्था, बाँकी अवधिको खर्चको संशोधित अनुमान, बजेट तर्जुमा र कार्यान्वयनको प्रक्रियामा कायम रहेका कमी कमजोरी समेतको आधारमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको कुशलता बढाउन र लक्षित कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिम थप प्रयास गर्नुपर्ने भएको छ।

### ८.१ तत्काल गर्नुपर्ने कार्य

### ८.१.१ बजेट कार्यान्वयन

- कोभिड-१९ महामारीको प्रभाव क्रमशः कम हुँदै गएको, खोप सेवा प्रदान गरिएको र आर्थिक गतिविधि क्रमशः प्रभावकारी बन्दै गएकाले चालु आर्थिक वर्षको बाँकी अवधिमा बजेट कार्यान्वयनको संशोधित कार्ययोजना बनाई कार्यान्वयन गर्ने।
- कोभिड-१९ को कारण गत वर्ष सम्पन्न हुन नसकी यस वर्ष दायित्व सरेका आयोजनाहरूको भुक्तानीको लागि सम्बन्धित निकायको बजेटबाटै रकमान्तर माग गर्ने। यदि रकम पर्याप्त नभएमा थप वजेट माग गर्ने।
- चालु आर्थिक वर्षमा सिर्जित दायित्व अर्को वर्षको लागि जिम्मेवारी नसारी यसै वर्ष भुक्तानी दिने व्यवस्था मिलाउने।
- अन्तर्राष्ट्रिय आर्थिक सहायतावाट सञ्चालन गरिने आयोजनाको कार्यान्वयनको अवस्थाको छुट्टै अनुगमन तथा समीक्षा गरी कार्यान्वयनमा देखिएका जटिलता व्यवस्थापन गर्न अर्थ मन्त्रालय, विकास साझेदार तथा सम्बन्धित मन्त्रालयहरूले सहजीकरण गर्ने।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा विनियोजन ऐन, २०७७ मा भएको व्यवस्था बमोजिम विनियोजनको २५ प्रतिशत सम्म सम्बन्धित मन्त्रालयले नै कार्यक्रम संशोधन गर्न सक्ने व्यवस्था अर्थ मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणालीमा मिलाउने।
- स्वीकृत कार्यक्रम तथा खरीद योजना बमोजिम फागुन मसान्तभित्र बाँकी रहेका ठेक्का सम्झौता सम्पन्न गरी तदनुरुप कार्यादेश दिने। बहुवर्षीय ठेक्का मापदण्ड वमोजिम मापदण्ड पुगेका आयोजनाको बहुवर्षीय ठेक्का सहमती फागुन मसान्त भित्रै प्राप्त गर्ने।
- प्रदेशमा हस्तान्तरण भई गएका अधुरा सिँचाइ/सडक/खानेपानी आयोजनाको सम्पन्न कार्यको भुक्तानीलाई प्राथमिकता दिई विनियोजित बजेटबाट वित्तीय हस्तान्तरण गर्ने।
- राष्ट्रिय गौरवका आयोजना र उच्च प्राथमिकता प्राप्त आयोजनाहरूमा सम्पन्न कामको भुक्तानी गर्न रकमान्तर वा थप निकासाको व्यवस्था गर्ने।
- वैदेशिक सहायता अन्तर्गत सोझै भुक्तानी हुने र वस्तुगत सहायताको खर्चको विवरण सम्बन्धित आयोजना र दातृ निकायबाट लिई नियमित रूपमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्ने व्यवस्था मिलाई त्यसको अनुगमन गर्ने।

- कोभिड-१९ का कारण समयमा काम सम्पन्न हुन नसकेका आयोजनाको नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय वमोजिम तत्काल थप दायित्व नपर्ने गरी म्याद थप गरेर कार्य सम्पन्न गर्ने। यसरी म्याद थप गरे पश्चात सम्पन्न कामको भुक्तानी सम्बन्धित निकायमा विनियोजित रकमबाट नै दिने।
- ठूला तथा रणनीतिक महत्वका आयोजनावाट औचित्यहिन साना आयोजनामा रकमान्तर/कार्यक्रम संशोधन प्रस्ताव नगर्ने, गुणस्तरीय खर्चमा जोड दिने।
- बजेट तर्जुमा गर्दा छलफल भई तय भएका कार्यक्रम/आयोजनावाट उद्देश्य फरक हुने गरी कार्यक्रम संशोधन/रकमान्तर प्रस्ताव नगर्ने।
- चालु आर्थिक वर्षमा विभिन्न मन्त्रालय/आयोजना/निकायलाई विनियोजन भएको वजेट खर्च हुन नसकी बचत हुने भएमा तत् तत् निकायले चैत्र १५ गतेभित्र अनिवार्य रुपमा वजेट समर्पण गर्ने।
- अर्थ मन्त्रालयको पूर्व सहमती विना दीर्घकालीन दायित्व सिर्जना हुने कार्यक्रम सञ्चालन नगर्ने।
- राष्ट्रिय गौरवका आयोजनाहरूमा वजेटको अभाव हुन नदिन चालु आर्थिक वर्षमा सम्बन्धित मन्त्रालय/निकायहरूको लागि विनियोजन भएको बजेटवाटै व्यवस्थापन गर्ने गरी व्यवस्था मिलाउने।
- अर्थ बजेट तथा अन्य शीर्षकमा LMBIS मा वजेट थपघट हुने वित्तिकै TSA तथा CGAS मा सो अनुरुप तत्कालै कार्यान्वयन गर्न सकिने गरी सूचना प्रणालीमा सुधार गर्ने।
- ठूला आयोजनाहरूको उच्चस्तरवाट समयवद्ध र उद्देश्यमूलक अनुगमन गरी अनुगमनवाट देखिएका विषय/समस्या सम्बन्धित मन्त्रालयले ७ दिन भित्र र अन्य निकायवाट १५ दिन भित्र समाधान गर्ने।

### ८.१.२ स्रोत व्यवस्थापन

#### ८.१.२.१ राजस्व व्यवस्थापनतर्फ

- राजस्व संकलनको वैकल्पिक कार्ययोजना बनाई बाँकी अवधिको राजस्व संकलनको लक्ष्य हासिल गर्ने गरी राजस्व प्रशासनलाई परिचालन गर्ने।
- आर्थिक ऐन, २०७७ ले प्रदान गरेका छुट तथा सहुलियतहरूको प्रभावकारी कार्यान्वयन गरी कर कानूनको परिपालनाको स्तरलाई वढाउने।
- कर बक्यौता असुलीलाई प्रभावकारी बनाउने।
- राजस्व चुहावट नियन्त्रणमा समन्वयात्मक प्रयास गर्ने। केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको नियमित वैठकवाट यस सम्बन्धी उपयुक्त रणनीतिहरू तय गर्ने।
- कर परीक्षण र अनुसन्धानलाई प्रभावकारी बनाउँदै समयमै संशोधित कर निर्धारण गर्ने गरी कार्य गर्न आन्तरिक राजस्व कार्यालयहरूलाई निर्देशित गर्ने।
- गैर कर राजस्व संकलनको लागि नियमितरुपमा अनुगमन गर्ने। सरकारका विभिन्न कोषमा निष्क्रिय रहेका रकमहरू सञ्चित कोषमा जम्मा गरी नेपाल सरकारले परिचालन गर्ने।
- भुक्तानीमा करकट्टीको नियमित र सघन अनुगमन गरी समयमानै कर प्राप्त गर्ने व्यवस्था मिलाउने।

- अन्तर्राष्ट्रिय सीमामा निगरानी वढाउने। संवेदनशील नाकाहरूमा सुराकी समेत परिचालन गरी राजस्व चुहावट नियन्त्रण गर्ने।
- उपभोक्तालाई बील वीजक जारी नगर्ने प्रवृतिलाई नियन्त्रण गर्न सघन वजार अनुगमन गरी कारोवार स्थलमै जरिवाना गर्ने तथा कर कानूनको परिपालना नगर्नेलाई कारवाही गर्ने व्यवस्थालाई थप प्रभावकारी वनाउने।
- भन्सार बिन्दुमा गरिने घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थ परक र कारोवार मूल्यमा आधारित वनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्ने व्यवस्थालाई शिघ्र कार्यान्वयन गर्ने।
- भन्सार जाँचपासपछि गरिने परीक्षणको व्यवस्थालाई थप प्रभावकारी बनाउन संयुक्त परीक्षणलाई जोड दिने।
- चालु आर्थिक वर्षको आर्थिक ऐनमा व्यवस्था गरिएका कर सम्बन्धी छुटका प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी राजस्व संकलन वढाउने।
- अवैध व्यापार नियन्त्रणका लागि सीमा क्षेत्रमा हुने अनुगमनलाई सघन, प्रभावकारी र नतिजामूखी बनाउने।
- नियमित सञ्चालनमा रहेका मुनाफा आर्जन गरेका र तिर्न सक्षम रहेका सरकारी संस्थावाट निर्धारित समय भित्रै साँवा र व्याज वुझाउन ताकेता गर्ने।

### ८.१.२.२ अन्तर्राष्ट्रिय सहायतातर्फ

- वैदेशिक ऋण तथा अनुदानको सोधभर्ना समयमा नहुँदा नेपाल सरकारको स्रोतमा चाप परेको देखिएकोले समयमै सोधभर्ना प्राप्त गर्न सम्बन्धित आयोजना प्रमुख र मन्त्रालयले थप पहल गर्ने।
- द्विपक्षीय तथा बहुपक्षीय वैदेशिक सहायता प्रतिवद्धता अनुरुप प्राप्त नहुँदा स्रोतान्तर गरी वजेट कायम गर्नुपर्ने अवस्था सिर्जना भएकोले प्रतिवद्धता अनुरुपको स्रोत परिचालन गर्न आयोजना कार्यान्वयनमा जोड दिने।
- बजेट सहायता प्राप्तिका लागि निर्दिष्ट गरिएका पूर्व कार्यहरू तथा शर्त बमोजिमको सबै कार्य सम्पादन गरी चालु आर्थिक वर्षमा नै सबै रकम प्राप्त गर्ने व्यवस्था मिलाउने।
- आयोजना आवद्ध वैदेशिक सहायताको अनुदान तथा ऋण परिचालन गर्न सम्पादन गर्नुपर्ने सबै कार्य पुरा गरी वैदेशिक स्रोतको अधिकतम परिचालन गर्ने।
- वैदेशिक अनुदानवाट सञ्चालित आयोजनाको लागि नेपाल सरकारले व्यहोर्नु पर्ने Counter Part Fund/Matching Fund को सुनिश्चितता गर्ने।

### ८.१.२.३ अन्य

- वैदेशिक स्रोत परिचालनको अवस्था विश्लेषण गरी दोस्रो प्राथमिकताका कम महत्त्वका आयोजना/कार्यक्रम, उक्त अवधिमा शुरु नै नभएका आयोजना, वैदेशिक सहायताको सम्झौता नभएका आयोजना, अत्यन्त न्यून प्रगति भएका आयोजना/कार्यक्रम तेस्रो चौमासिकको बजेट रोक्का वा कटौती गर्ने।

- अत्यावश्यक बाहेकका सभा, गोष्ठी, सेमिनार, भ्रमण, अध्ययन, अवलोकन, तालिम जस्ता कार्यक्रमहरू तेस्रो चौमासिकमा सञ्चालन गर्न रोक लगाउने। दोस्रो चौमासिकसम्म पनि सम्झौता गरी निकासा नलिएका अनुदान तेस्रो चौमासिकमा नदिने गरी स्रोत व्यवस्थापन गर्ने।
- स्रोत परिचालनको अवस्था हेरी अनिवार्य र आगामी आर्थिक वर्षमा स्वतः सर्ने प्रकृतिका दायित्व सिर्जना हुने बाहेकका उपभोग्य खर्चहरू कटौती गर्ने।
- नगद प्रवाहको नियमित विश्लेषण गरी आवश्यकता अनुसार बजेटमा अनुमान गरिएको सीमाभित्र आन्तरिक ऋण परिचालन गर्ने।

## ८.२ दीर्घकालमा गर्नुपर्ने काम

### ८.२.१ बजेट तर्जुमा

- आयोजना बैकको मौजुदा व्यबस्थालाई यथार्थपरक बनाई उच्च प्रतिफल दिने आवश्यक पूर्व तयारी पुगेका आयोजनामा मात्र वजेट विनियोजन गर्ने व्यवस्था गर्ने।
- मन्त्रालय/निकायले अनिवार्य दायित्व वापतका खर्च र विगतमा स्रोतको सहमती दिएका आयोजनामा पर्याप्त रकम व्यवस्था गरेर मात्र नयाँ कार्यक्रम/आयोजना प्रस्ताव गर्ने।
- आयोजना कार्यान्वयन पूर्व गर्नुपर्ने तयारी पुरा नगरी ठेक्का सम्झौता गर्ने आयोजना/कार्यालय प्रमुखलाई सार्वजनिक खरिद ऐन/नियम वमोजिम कारवाहीको दायरामा ल्याउने।
- आयोजना वर्गीकरण निर्देशिका अनुसार संघीय सरकारका दायित्व र कार्यक्षेत्र भित्रका आयोजना तथा कार्यक्रम मात्र प्रस्ताव गर्ने। साना मसिना कार्यक्रम तथा आयोजनाहरू संघीय मन्त्रालयहरूले बजेटमा प्रस्ताव नगर्ने।
- साना प्रकृतिका सालवसाली आयोजनाहरू संघले सञ्चालन नगर्ने गरी कटौती गर्ने। निर्माणाधिन साना आयोजना क्रमशः सम्पन्न वा हस्तान्तरण गर्ने।
- वजेट छलफल गर्दा प्रदेश सरकारसँग समेत सःशर्त अनुदानवाट सञ्चालन हुने आयोजना/कार्यक्रमका सम्वन्धमा छलफल गरी वजेट विनियोजन गर्ने।
- आकस्मिक प्राकृतिक प्रकोपवाट हुने क्षति न्यूनिकरणका लागि आकस्मिक कोषमा नियमित रुपमा रकम जम्मा गर्ने व्यवस्था मिलाउने।
- सरकारी आयोजनाले वन क्षेत्र प्रयोग गरे वापत वुझाउनु पर्ने रकमको व्यवस्थापनमा अर्थ मन्त्रालयले सहजीकरण गर्ने। साथै, मौजुदा वन ऐनमा शिघ्र संशोधन गरी यस विषयलाई सम्वोधन गर्ने।
- आयोजना प्रस्ताव गर्दा मध्यकालीन खर्च संरचनामा समावेश गरी तीन वर्षको खर्च अनुमान गर्ने।
- बजेट तर्जुमा र आयोजना छनौटको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको व्यवस्थाको पूर्ण पालना गर्ने।
- संवैधानिक दायित्व, सरकारको दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाका निर्धारित उद्देश्य हासिल हुने गरी बजेट विनियोजनमा कुशलता हासिल गर्ने।

- विभिन्न कार्यक्रमको लागि अवण्डा राखी वजेट विनियोजन भएको अवस्थामा सम्बन्धित निकायहरूवाट यस्तो वजेट समयमै बाँडफाँट नगर्ने र स्वीकृत कार्यक्रम भन्दा फरक कार्यक्रम सञ्चालन गर्ने गरी रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्ने परीपाटी रहेकोले प्रदेश तथा स्थानीय तह मार्फत् कार्यान्वयन गरिने कार्यक्रम/आयोजनाको लागि वजेट विनियोजन गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्ने।

- प्राविधिक सम्भाव्यता अध्ययन तथा पूर्व तयारी विना आयोजना/कार्यक्रमहरूमा वजेट प्रस्ताव तथा विनियोजन गर्दा वजेट खर्च हुन नसकेको अवस्था देखिएकोले यस्ता आयोजना/कार्यक्रमहरूमा वजेट विनियोजन नगर्ने।

- सामाजिक सुरक्षाका कार्यक्रममा दोहोरो नपर्ने गरी एकिकृत रूपमा सञ्चालन गर्ने। सामाजिक सुरक्षा कार्यक्रम लक्षित वर्गमा केन्द्रित गर्ने गरी पुर्नसंरचना गर्ने।

- औचित्य नभई नयाँ संगठन स्थापना र थप दरवन्दी सिर्जनामा नियन्त्रण गर्ने। संवैधानिक आयोग र मन्त्रालयको कार्यसँग समानान्तर काम गर्ने गरी छुट्टै विकास समिति, प्रतिष्ठान, केन्द्रको नाममा स्थापित संस्था खारेज गर्ने र नयाँ स्थापना नगर्ने। समान प्रकृतिका यस्ता संस्थाहरू एक आपसमा समायोजन गर्ने।

- कुनै खास आयोजना/कार्यक्रम सञ्चालन गर्न संघबाट कुनै इकाई खडा गर्नुपर्ने भए अस्थायी संरचना खडा गर्ने। प्रदेश र स्थानीय तहका कार्य र भूमिकासँग दोहोरो पर्ने गरी कार्यालय नखोल्ने।

- संघ र प्रदेशका कार्यक्षेत्र भित्र छरिएर रहेका सीप विकास तालिम कार्यक्रमहरू एकिकृत रूपमा सञ्चालन गर्ने।

- नतिजा र उत्पादनसँग आवद्ध हुने गरी मात्र सञ्चालन, पुँजीगत तथा ब्याज अनुदान दिने नीति अबलम्वन गर्ने।

- कार्यालय भवन, सभाहल, बसपार्क जस्ता सार्वजनिक संरचनाको डिजाइन, लागत र सञ्चालन विधि निश्चित मापदण्डको आधारमा निर्धारण गरी बजेट विनियोजन गर्ने।

- भूकम्पपछिको पुनर्निर्माणको बाँकी कार्य यसै वर्ष सम्पन्न गर्ने र आगामी वर्षवाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यहरू क्रमशः सम्बन्धित विषयगत निकायमार्फत् सञ्चालन गर्ने।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ वमोजिम वार्षिक विनियोजनलाई यथार्थ परक रुपमा त्रैमासिक विभाजन गर्ने।

### ८.२.२ बजेट कार्यान्वयन

- संघीय संसदमा बजेट प्रस्तुत भई अर्थ मन्त्रालयबाट बजेट खर्चको मार्गदर्शन प्राप्त हुना साथ बजेट कार्यान्वयन गर्ने निकायहरूले तुरुन्त खरीद प्रक्रिया र कार्ययोजना वनाई कार्यान्वयनको तयारीका कार्यहरू पुरा गर्ने।

- सालवसाली कार्यान्वयन हुने कार्यक्रमको लागि निश्चित शर्तको अधिनमा रही सम्बन्धित मन्त्रालय/विभागले नै मापदण्ड/निर्देशिका/कार्यविधि तर्जुमा गर्ने व्यवस्था मिलाउने।

- स्रोत विना आर्थिक वर्षको बीचमा नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने। आकस्मिक र विशेष परिस्थिति वाहेक नयाँ आयोजनामा निकासा नदिने र रकमान्तर/कार्यक्रम संशोधन समेत नगर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने।
- बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई कार्यान्वयनमा देखिएका समस्या तत्काल समाधान गर्ने। उच्चस्तरीय अनुगमन संयन्त्र मार्फत् ठूला आयोजना कार्यान्वयनको नियमित अनुगमन गरी कार्यान्वयनको चरणमा देखिएका समस्या समाधान गर्ने।
- बजेट कार्यान्वयनमा अन्तर-निकाय समन्वय, सहजीकरण र सहयोग सुनिश्चित गर्ने।
- अर्थ मन्त्रालयको पूर्व सहमती विना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने। सहमती विना दायित्व सिर्जना गरेको भए त्यस्तो निकासा अर्थ मन्त्रालयले नदिने।
- आयोजनाको लागि आवश्यक पर्ने जग्गाको मुआब्जा वितरण गरेपछि तथा वन क्षेत्रमा पर्ने रुख कटानको कार्य सम्पन्न भए (आयोजनाको पूर्व तयारी सम्पन्न भए पछि) पश्चात मात्र आयोजनाको लागि वजेट विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने।
- सडक आयोजना कार्यान्वयन शुरु गर्नु अघिनै सडकको सिमाङ्कन टुङ्गयाउने।
- राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका लागि छुट्टै कानूनी व्यवस्था गर्ने सार्वजनिक खरीद ऐनमा नै यस सम्बन्धी विषयमा विशेष व्यवस्था गर्ने।
- ठूला राष्ट्रिय महत्वका आयोजनाको सञ्चालन विधि आयोजना सम्पन्न शुरु गर्नु अगावै निक्यौंल गर्ने।
- विकास आयोजनाका लागि आवश्यक पर्ने निर्माण सामाग्री (ढुङ्गा, बालुवा, गिट्टी) को आपूर्ति व्यवस्थालाई सरल बनाउने।
- सरकारी स्रोतवाट सञ्चालन गरिने आयोजनाहरूले वन क्षेत्र उपयोग गर्दा वन विकास कोषमा रकम जम्मा गर्नु नपर्ने गरी मौजुदा कानूनमा परिमार्जन गर्ने।
- सडक, खानेपानी, विद्युत, ढल निकास लगायतका निर्माण तथा मर्मत सम्बन्धी कार्य छुट्टाछुट्टै समयमा अलग अलग निकायबाट गर्ने व्यवस्थाको सट्टा मूल काम गर्ने जिम्मेवार निकायले नै सबै काम गर्ने गरी बजेट व्यवस्था, खरीद प्रक्रिया र ठेक्का व्यवस्थापनको कार्य गर्ने।
- सञ्चालित आयोजनाहरूको अनुगमन गर्दा जोखिममा आधारित (Risk Based) अनुगमन गर्ने प्रणाली स्थापित गर्ने।
- पर्याप्त र औचित्यपूर्ण अवस्थामा वाहेक कार्यान्वयनमा गईसकेको आयोजनाको विस्तृत परियोजना प्रतिवेदन परिवर्तन नगर्ने।
- आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न ढिलाई गर्ने कर्मचारी उपर नियमानुसार कारवाही गर्ने।
- मन्त्रालयस्तरीय वजेट सूचना प्रणालीलाई अझ प्रयोगकर्ता मैत्री बनाउदै रकमान्तर/कार्यक्रम संशोधन गर्ने प्रक्रियालाई छिटो र सरल वनाउने।
- क्रियाकलापमा आधारित खर्च प्रणालीलाई थप व्यवस्थित र उपयोगकर्ता मैत्री वनाउने।

### ८.२.३ स्रोत व्यवस्थापन

#### ८.२.३.१ राजस्व व्यवस्थापनतर्फ

- राजस्व परिचालन गर्ने सम्भाव्य व्यवसायिक, पेशागत सेवा क्षेत्रहरू तथा विद्युतीय अर्थतन्त्रका नविनतम व्यवसायिक एवम् उपभोग्य कार्यहरूलाई करको दायरामा ल्याउने। कर छुटको सूचीमा सूचिकृत कारोवारलाई क्रमशः कम गर्ने।
- राजस्व छुटको विषयमा भएको सुधारलाई निरन्तरता दिदै आर्थिक ऐनको द्रष्टव्य र पटके निर्णयवाट प्रदान गरिने छुटलाई घटाउदै जाने। राजस्व छुटको अभिलेख व्यवस्थित गर्ने।
- प्रचलित कानून अनुसार पुनरावेदन गरेका बाहेक अन्य वक्यौता असुलीमा कडाई गरी राजस्व संकलनलाई तिव्रता दिने।
- लगानीमैत्री कर प्रणालीको विकासबाट आर्थिक क्रियाकलाप विस्तार गरी आन्तरिक राजस्वको आधार सुदृढ बनाउने।
- राजस्व चुहावट नियन्त्रण गर्न सबै प्रकारका आर्थिक क्रियाकलापलाई बैंकिङ्ग प्रणालीमार्फत् सञ्चालन गर्ने भएको प्रयासलाई सघन वनाउने।
- सरकारले लगानी गरेका तर कुनै प्रतिफल प्राप्त नभएका संस्थानहरूको सञ्चालन र व्यवस्थापनमा दक्षता ल्याई उचित प्रतिफल प्राप्त गर्ने रणनीति अवलम्बन गर्ने।
- गैरकर राजस्वलाई सेवाको लागत र सोबाट प्राप्त हुने रकमको आधारमा लागत प्रभावी बनाई राजस्व संकलन वृद्धि गर्न यसका दरहरूलाई समयानुकूल पुनरावलोकन गर्ने।

#### ८.२.३.२ आन्तरिक ऋणतर्फ

- नेपाल सरकारको मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिको मस्यौदा तयार भएकोले सो अनुसार भावी दिनमा कम लागत र न्यून जोखिममा सरकारी ऋण परिचालन गर्ने नीति अवलम्बन गर्ने।

#### ८.२.३.३ अन्तर्राष्ट्रिय सहायतातर्फ

- वैदेशिक सहायतालाई आवश्यकता र प्राथमिकताको आधारमा मात्र परिचालन गर्ने। बजेटरी सहायताका पूर्व शर्तहरू तय गर्दा पर्याप्त गृहकार्य गर्ने एवम् नगद भुक्तानी विधिमा सहायता परिचालन गर्ने पद्धति अवलम्बन गर्ने।
- वैदेशिक सहायता सम्बन्धी वार्ता र सम्झौता गर्दा खर्च गर्न सक्ने क्षमतालाई मध्यनजर राखी सम्झौता र तत् सम्बन्धी शर्त निर्धारण गर्ने।
- वैदेशिक सहायताका आयोजना/कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयस्तरमा नियमित समीक्षा र आवश्यक सहजीकरण गर्ने।
- वैदेशिक सहायताको परिचालन गर्दा सफ्टवेयर क्रियाकलापमा भन्दा भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा परिचालन गर्ने।

### ८.२.३.४ अन्य

- मध्यकालीन खर्च संरचना र आयोजना बैंकमा समावेश भएका आयोजना/कार्यक्रमलाई विनियोजन दक्षता हासिल हुने गरी हाल सञ्चालित आयोजनाहरूको पुनः प्राथमिकीकरण गरी आवश्यक आयोजनाहरूलाई मात्र निरन्तरता दिई स्रोतको अधिकतम उपयोग गर्ने।
- प्रदेश र स्थानीय तहवाट गरिने राजस्व प्रक्षेपणलाई यथार्थमा आधारित वनाउन निश्चित मापदण्ड तयार गर्न अभिप्रेरित गर्ने।
- प्रदेश र स्थानीय तहको राजस्व परिचालनको क्षमता वढाउने। दोहोरो नपर्ने गरी प्रदेश तथा स्थानीय तहको राजस्व संकलनको क्षेत्र पहिचान गरी सोको लागि कानून र मापदण्ड तयार गर्ने।

# अनुसूचीहरू

अनुसूची १

## संशोधित आय व्ययको अनुमान

रू.लाखमा

| शिर्षक | २०७७/७८ को बजेट | २०७७ पुससम्मको यथार्थ | २०७७/७८ को संशोधित अनुमान | संशोधित अनुमान प्रतिशत |
|---|---|---|---|---|
| **अ. राजस्व तथा अनुदान** | **९,५०,१४,६१** | **४,०६,२०,३६** | **८,८५,८३,०१** | **९३.२** |
| **संघीय सर्वसञ्चित कोषमा दाखिला हुने राजस्व** | **८,८९,६१,८४** | **४,००,५८,९५** | **८,५०,८३,०१** | **९५.६** |
| **राजस्व** | **१०,११,७५,८४** | **४,५०,०६,४२** | **९,५९,६८,०१** | **९४.९** |
| कर | ९,१२,९४,९० | ३,८६,५३,४२ | ८,४३,१२,८४ | ९२.४ |
| गैरकर | ९८,८०,९४ | ३५,७०,१७ | ८८,७२,३४ | ८९.८ |
| गत वर्षको निकासा फिर्ता, बेरुजु र अनुदान फिर्ता | ० | २७,८२,८३ | २७,८२,८३ | - |
| **प्रदेह र स्थानीय तहलाई राजस्व बाँडफाँट (घट)** | **१,२२,१४,००** | **४९,४७,४८** | **१,०८,८५,००** | **८९.१** |
| प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँट (घट) | १,२२,१४,०० | ४९,४७,४८ | १,०८,८५,०० | ८९.१ |
| **अनुदान** | **६०,५२,७७** | **५,६१,४१** | **३५,००,००** | **५७.८** |
| वैदेशिक अनुदान | ६०,५२,७७ | ५,६१,४१ | ३५,००,०० | ५७.८ |
| **आ. खर्च** | **१३,०१,८५,८१** | **३,९३,१७,३१** | **११,९७,८२,००** | **९२.०** |
| चालु खर्च | ९,४८,९४,०६ | ३,४२,३५,६२ | ९,१४,७८,०० | ९६.४ |
| पूंजीगत खचे | ३,५२,९१,७५ | ५०,८१,६९ | २,८३,०४,०० | ८०.२ |
| **बजेट बचत (-)न्यून (+) (आ.अ.)** | **३,५१,७१,२०** | **- १३०,३०५** | **३,११,९८,९९** | **८८.७** |
| **इ) वित्तीय व्यवस्था (१+२+३+४)** | **- ३,५१७,१२०** | **- ७४,६८४** | **- ३,११९,८९९** | **८८.७** |
| **१. खुद ऋण लगानी (क+ख-ग)** | **५९,७०,८४** | **२,९१,०१** | **५०,७४,२९** | **८५.०** |
| क. आन्तरिक ऋण लगानी | ५९,७०,८४ | २,९१,०१ | ५०,७४,२९ | ८५.० |
| ख. बैदेशिक ऋण लगानी | ० | ० | ० | - |
| ग. आन्तरिक ऋण लगानी फिर्ता | ० | ० | ० | - |
| **२. खुद शेयर लगानी (क+ख)** | **४४,७२,६३** | **२,९२,२३** | **३८,०१,७४** | **८५.०** |
| क. आन्तरिक शेयर लगानी | ४४,३७,६३ | २,७३,०६ | ३७,७१,९९ | ८५.० |
| ख. वैदेशिक शेयर लगानी | ३५,०० | १९,१७ | २९,७५ | ८५.० |
| **३. खुद वैदेशिक ऋण (क-ख)** | **- २,७६४,२१२** | **- १९३,००८** | **- २,१५३,८३६** | **७७.९** |
| क. वैदेशिक ऋणको साँवा भुक्तानी | २३,०७,८१ | १०,७३,९८ | १९,६१,६४ | ८५.० |
| ख. वैदेशिक ऋण प्राप्ति | २,९९,४९,९३ | ३०,०४,०५ | २,३५,००,०० | ७८.५ |
| **४. खुद आन्तरिक ऋण (क-ख)** | **- १,७९७,२५५** | **६,००,००** | **- १,८५३,६६६** | **१०३.१** |
| क. आन्तरिक ऋणको साँवा भुक्तानी | ४५,२७,४५ | ६,००,०० | ३८,४८,३४ | ८५.० |
| ख. आन्तरिक ऋण प्राप्ति | २,२५,००,०० | ० | २,२३,८५,०० | ९९.५ |
| **ई) बचत (-)न्यून (+)** | **०** | **- २०४,९८९** | **०** | **-** |

*∗खर्च रकमको चेक बैंकमा नसाटिएको अवस्था हुन सक्ने भएकोले बचत रकम नेपाल राष्ट्र बैंकको मौज्दात रकमसँग फरक देखिन सक्दछ।*

### समष्टिगत स्थिति

रू.लाखमा

| शीर्षक | २०७७/७८ को बजेट | पुससम्मको यथार्थ खर्च | २०७७/७८को संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | ९४८९४०६ | ३४२३५६३ | ९,१४,७८,०० | ९६.४ |
| पूँजीगत खर्च | ३५२९१७५ | ५०८१७० | २,८३,०४,०० | ८०.२ |
| वित्तीय व्यवस्था | १७२७८७३ | २२५७२२ | १,४६,८६,०० | ८५.० |
| **जम्मा** | **१४७४६४५४** | **४१५७४५४** | **१३,४४,६८,००** | **९१.२** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय

| शीर्षक | २०७७/७८ को बजेट | पुससम्मको यथार्थ खर्च | २०७७/७८को संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|
| नेपाल सरकार | १११४६१८४ | ३८००९०८ | १०,७४,६८,०० | ९६.४ |
| अनुदान | ६०५२७७ | ५६१४१ | ३५,००,०० | ५७.८ |
| ऋण | २९९४९९३ | ३००४०५ | २,३५,००,०० | ७८.५ |
| **जम्मा** | **१४७४६४५४** | **४१५७४५४** | **१३,४४,६८,००** | **९१.२** |

अनुसूची २

## २०७७ पुस महिनासम्मको कार्यगत खर्च विवरण

रू.लाखमा

| शीर्षक नं. | कार्यगत शीर्षक | आ.व.२०७७/७८ को वजेट | | | | २०७७ पौष महिनासम्मको खर्च | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | वित्तीय | जम्मा | चालु | पूंजीगत | वित्तीय | जम्मा | |
| **१.०** | **सामान्य सार्वजनिक सेवा** | **३२१५५७९.४५** | **६६५७१०** | **१०६२१०३** | **४९४३३९२.४५** | **१३०५६११** | **८०५८६** | **१७०३१५** | **१५५६५१३** | **३१.४९** |
| १.१ | कार्यकारी र विधायिकाका निकाय, वित्तिय र वैदेशिक मामिला | १६०८७१९ | ० | ० | १६०८७१९ | ३२४११८ | ३३०५ | ११०३१५ | ४३७७३८ | २७.२१ |
| १.२ | बाह्य आर्थिक सहायता | १२२७० | ३३२९ | ० | १५५९९ | १०१० | १५ | ० | १०२५ | ६.५७ |
| १.३ | सामान्य सेवा | ७५६५७३ | ० | १८०६४ | ७७४६३७ | १६४५५५ | ७४३०१ | ० | २३८८५६ | ३०.८३ |
| १.४ | सामान्य आधारभूत सेवा | २४५८५ | ० | ० | २४५८५ | ७१ | ४४० | ० | ५१० | २.०८ |
| १.५ | सामान्य अनुसन्धान तथा विकास सेवा | ३४३६४ | ० | ० | ३४३६४ | १२३८ | ६१० | ० | १८४८ | ५.३८ |
| १.६ | अन्य सामान्य सेवा | ३९१६५ | २७२१९ | २७२८४ | ९३६६८ | ३२६९९ | १८९७ | ० | ३४५९६ | ३६.९३ |
| १.७ | सार्वजनिक ऋण कारोवार | ७२९५०३ | ० | ० | ७२९५०३ | १४०३३८ | १८ | ६०००० | २००३५७ | २७.४६ |
| १.८ | विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | १०४०० | ६३५१६२ | १०१६७५५ | १६६२३१७ | ६४१५८३ | ० | ० | ६४१५८३ | ३८.६ |
| **२** | **रक्षा** | **४९२२०५** | **०** | **०** | **४९२२०५** | **२१३६०९** | **६७६९** | **०** | **२२०३७८** | **४४.७७** |
| २.१ | सैनिक सुरक्षा | ४९०६७३ | ० | ० | ४९०६७३ | २१३४८८ | ६७२७ | ० | २२०२१५ | ४४.८८ |
| २.२ | नागरिक सुरक्षा | १३९७ | ० | ० | १३९७ | ११० | १७ | ० | १२७ | ९.११ |
| २.५ | रक्षा - अन्यत्र वर्गिकृत नभएको | १३५ | ० | ० | १३५ | ११ | २५ | ० | ३६ | २६.६६ |
| **३** | **सार्वजनिक शान्ति सुरक्षा** | **५६२८५३** | **०** | **०** | **५६२८५३** | **२३४३६१** | **१६३५६** | **०** | **२५०७१८** | **४४.५४** |
| ३.१ | प्रहरी सेवा | ४०८०१३ | ० | ० | ४०८०१३ | १८४९३१ | ९८०७ | ० | १९४७३८ | ४७.७३ |
| ३.२ | अग्नी नियन्त्रण सेवा | १५४ | ० | ० | १५४ | ६२ | ० | ० | ६२ | ४०.१६ |
| ३.३ | न्यायालय | ८४५८४ | ० | ० | ८४५८४ | २४२७५ | ५००० | ० | २९२७५ | ३४.६१ |
| ३.४ | कारागर | २२९७१ | ० | ० | २२९७१ | ८०९४ | ६३६ | ० | ८७३१ | ३८.०१ |
| ३.५ | सार्वजनिक शान्ति सुरक्षा | ५५० | ० | ० | ५५० | ३४० | ० | ० | ३४० | ६१.८२ |
| ३.६ | सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ४६५८१ | ० | ० | ४६५८१ | १६६५९ | ९१३ | ० | १७५७२ | ३७.७२ |
| **४** | **आर्थिक मामिला** | **३६१५७७०** | **१६१४१८** | **११२८१९** | **३८९०००७** | **३०५५९५** | **३००३९०** | **५५४०७** | **६८७८५१** | **१७.६८** |
| ४.१ | सामान्य आर्थिक, व्यापारिक र श्रम | १५१६२० | ६०५० | ४३८५ | १६२०५५ | १९०४६ | २२१५ | ० | २१२६१ | १३.१२ |
| ४.२ | कृषि, वन , मत्स्यपालन तथा सिंचाइ | ७६४५५० | ८७६४६ | ५४५९५ | ९०६७९१ | १८४९९९ | ४३१३९ | ७६६७ | २३५८०६ | २६ |
| ४.३ | इन्धन तथा उर्जा | ७११८६२ | ५४०८ | ६५०२ | ७२३७७२ | ७७२० | १२६२२ | ४७७४० | ६८०८२ | ९.४१ |
| ४.४ | खानी , उत्पादन तथा निर्माण | ४६७४५ | ० | ० | ४६७४५ | ५७९ | ६८१३ | ० | ७३९२ | १५.८१ |
| ४.५ | यातायात | १५४०५८६ | ६२०९३ | २१३७५ | १६२४०५४ | ४९९५७ | २२६८८६ | ० | ३०३३०२ | १८.६८ |
| ४.६ | संचार | ६९४९९ | ० | ० | ६९४९९ | १९१७८ | ३६७ | ० | १९५४६ | २८.१२ |
| ४.७ | अन्य उद्योगहरु | १३१८८५ | २२१ | २५९६२ | १५८०६८ | २०८७४ | ३०७१ | ० | २३९४६ | १५.१५ |
| ४.८ | अनुसन्धान तथा विकास - आर्थिक मामिला | १७५१८ | ० | ० | १७५१८ | ८७८ | १३ | ० | ८९१ | ५.०९ |
| ४.९ | आर्थिक मामीला - अन्यत्र वर्गिकृत नभएको | १८१५०५ | ० | ० | १८१५०५ | २३६४ | ५२६२ | ० | ७६२६ | ४.२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **५** | **वातावरण संरक्षण** | **१०८०८५** | **२३९८** | **६१६३** | **११६६४६** | **४३७९** | **८८०३** | **०** | **१३१८३** | **११.३** |
| ५.१ | फोहोर मैला व्यवस्थापन | २१२०० | ० | ० | २१२०० | ० | ० | ० | ० | ० |
| ५.२ | ढल व्यवस्थापन | १९९८७ | ११८५ | ० | २११७२ | ३३० | २३८७ | ० | २७१७ | १२.८३ |
| ५.४ | जैविक विविधता र भू-संरक्षण | १४१० | ० | ० | १४१० | ० | ० | ० | ० | ० |
| ५.५ | अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | ११३१ | ० | ० | ११३१ | १७९ | ७४ | ० | २५३ | २२.४ |
| ५.६ | वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ६४३५७ | १२१३ | ६१६३ | ७१७३३ | ३८७० | ६३४२ | ० | १०२१२ | १४.२४ |
| **६** | **आवास तथा सामुदायिक सुविधा** | **७२३१९०** | **६७८३४** | **२७५८३** | **८१८६०७** | **६०५०८** | **८०३९९** | **०** | **१४०९०७** | **१७.२१** |
| ६.१ | आवास विकास | २५२२२८ | २५००० | ० | २७७२२८ | १९२७९ | ४५५८९ | ० | ६४८६९ | २३.४ |
| ६.२ | सामुदायिक विकास | १००७५ | ० | १४९८२ | २५०५७ | १२९४६ | ९५४ | ० | १३९०० | ५५.४७ |
| ६.३ | खानेपानी | ३६५१३७ | ४२८३४ | १२६०१ | ४२०५७२ | २७९०९ | २०४१४ | ० | ४८३२३ | ११.४९ |
| ६.६ | आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | ९५७५० | ० | ० | ९५७५० | ३७३ | १३४४२ | ० | १३८१५ | १४.४३ |
| **७** | **स्वास्थ्य** | **८५०५०७** | **४६००२** | **२५४१११** | **११५०६१९.५** | **२७४१८१** | **१२३३७** | **०** | **२८६५१८** | **२४.९** |
| ७.१ | औषधी उत्पादन,उपकरण तथा औजार | ६०८८ | ० | ० | ६०८८ | ५२७ | ११५ | ० | ६४२ | १०.५५ |
| ७.२ | वहिरंङ्ग सेवा | ८२५५४ | १७३१० | १४४०७ | ११४२७१ | २९११९ | ४३८ | ० | २९५५७ | २५.८७ |
| ७.३ | अस्पताल सेवा | २६६६६४ | २०६४० | ३६१३६ | ३२३४४० | १००१९२ | ९४५ | ० | १०११३७ | ३१.२७ |
| ७.४ | सार्वजनिक स्वास्थ्य सेवा | २६४७६६ | ७१२१ | १८९२०३ | ४६१०९० | १२८४०४ | ७४७३ | ० | १३५८७७ | २९.४७ |
| ७.५ | अनुसन्धान सेवा | १३२१७२ | ९३१ | १४३६५ | १४७४६८ | १४७३७ | ४१६ | ० | १५१५३ | १०.२८ |
| ७.६ | स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | ९८२६३ | ० | ० | ९८२६३ | १२०३ | २९४९ | ० | ४१५१ | ४.२२ |
| **८** | **मनोरंजन,संस्कृति तथा धर्म** | **६५७२८.०५** | **३८२५** | **२७९२** | **७२३४५.०५** | **१८८७२** | **१८६२** | **०** | **२०७३४** | **२८.६६** |
| ८.१ | मनोरंजनात्मक र खेलकुद सेवाहरु | १६५८१ | ३७४६ | १५१९ | २१८४६ | ५१३५ | १३७ | ० | ५२७२ | २४.१३ |
| ८.२ | सांस्कृतिक सेवा | २७६५२ | ७९ | १२७३ | २९००४ | १२४१७ | ११० | ० | १२५२७ | ४३.१९ |
| ८.३ | प्रसारण तथा प्रकाशन सेवा | २७८७ | ० | ० | २७८७ | १०१२ | ० | ० | १०१२ | ३६.३३ |
| ८.५ | अनुसन्धान तथा विकास, संस्कृतिक र धार्मिक | ६३९ | ० | ० | ६३९ | १७९ | ६ | ० | १८५ | २८.९२ |
| ८.६ | मनोरंजन, संस्कृती र धर्म- अन्यत्र वर्गिकृत नभएको | १८०६९ | ० | ० | १८०६९ | १२८ | १६०९ | ० | १७३७ | ९.६२ |
| **९** | **शिक्षा** | **५६३४८९** | **५०९८९** | **११०७४४४** | **१७२१९२२** | **७२७३८०** | **५९१** | **०** | **७२७९७१** | **४२.२८** |
| ९.१ | पूर्व प्राथमिक र  प्राथमिक शिक्षा | ४५७८ | ० | ५८४९७२ | ५८९५५० | २९८७१४ | ० | ० | २९८७१४ | ५०.६७ |
| ९.२ | माध्यमिक शिक्षा | ० | ० | १६२८२६ | १६२८२६ | ८३७८२ | ० | ० | ८३७८२ | ५१.४५ |
| ९.५ | तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ११८४९३ | ५०२४३ | ३५९६४६ | ५२८३८२ | १५७०४७ | ८.६० | ० | १५७०५६ | २९.७२ |
| ९.६ | शिक्षाको लागि सहायक सेवाहरु | ३८३९५६ | ७४६ | ० | ३८४७०२ | १८१८०० | ३०४ | ० | १८२१०३ | ४७.३४ |
| ९.७ | शिक्षा- अनुसन्धान विकास | २०३ | ० | ० | २०३ | ९१ | ० | ० | ९१ | ४५.०५ |
| ९.८ | शिक्षा- अन्यत्र वर्गिकृत नभएको | ५६२५९ | ० | ० | ५६२५९ | ५९४५ | २७९ | ० | ६२२४ | ११.०६ |
| **१०** | **सामाजिक सुरक्षा** | **८५४४०७** | **५६१** | **६८६२** | **९७७८५७** | **२५२६०५** | **७७** | **०** | **२५२६८२** | **२५.८४** |
| १०.५ | बेरोजगार | ६८३२८ | ० | ४७६९९ | ११६०२७ | १४८८२ | ० | ० | १४८८२ | १२.८३ |
| १०.७ | सामाजिक असमावेशी | ५८८ | ० | ० | ५८८ | १४० | १ | ० | १४१ | २३.९९ |
| १०.८ | सामाजिक सुरक्षा - अनुसन्धान तथा विकास | १७९५ | ० | ४६१२ | ६४०७ | १६४० | ४० | ० | १६८० | २६.२२ |
| १०.९ | सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ८५२०२४ | ५६१ | २२५० | ८५४८३५ | २३५९४३ | ३६ | ० | २३५९७९ | २७.६१ |
| | **जम्मा** | **११०५१८१३** | **९९८७३७** | **२५७९८७७** | **१४७४६४५४** | **३३९७१०२.००१** | **५०८१६९.९९** | **२२५७२२** | **४१५७४५४** | **२८.१९** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय

अनुसूची ३

## २०७७ पुस महिनासम्मको खर्च शीर्षकगत वजेट तथा खर्चको तुलनात्मक विवरण

रू.लाखमा

| ख.सं.नं | कार्यक्रम खर्च | आ.व.२०७६/७७ | | | आ.व.२०७७/७८ | | | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत | वजेट | पुस सम्मको खर्च | खर्च प्रतिशत | |
| २१००० | पारिश्रमिक / सुविधा | १४५०८८३ | ५९२०७५ | ४०.८ | १३८४८५६ | ६१०३२८ | ४४.०७ | ३.३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७३५५०१ | १४५७७३ | १९.८ | ७४३५९४ | १३००२७ | १७.४९ | (२.३) |
| २४००० | व्याज, सेवा शुल्क तथा बैंक कमिशन | २६९०३७ | १२४३७६ | ४६.२ | ३१८०५७ | १६९९०५ | ५३.४२ | ७.२ |
| २५००० | सहायता | ९००३ | ३३७६ | ३७.५ | १५२८९ | ५४३५ | ३५.५५ | (१.९) |
| २६००० | अनुदान | ५११९११७ | १६२८६२७ | ३१.८ | ४९९९६६५ | १९१४४३२ | ३८.२९ | ६.५ |
| २७००० | सामाजिक सुरक्षा | १५७२७२५ | ५९१०४७ | ३७.६ | १८८७४१३ | ५८२०१३ | ३०.८४ | (६.७) |
| २८००० | अन्य खर्च | ४१४७४८ | ११२३२ | २.७ | १४०५३२ | ११४२१ | ८.१३ | ५.४ |
| ३१००० | पूँजीगत खर्च | ४०८००५९ | ६३२०३८ | १५.५ | ३५२९१७५ | ५०८१७० | १४.४० | (१.१) |
| ३२००० | वित्तीय सम्पत्ति | १०१२२१२ | २५५५०१ | २५.२ | १०४४३४७ | ५८३२४ | ५.५८ | (१९.७) |
| ३३००० | दायित्व | ६६६३८६ | १२११७५ | १८.२ | ६८३५२६ | १६७३९८ | २४.४९ | ६.३ |
